# ख्रीष्टिय सेवाहरू



Christa Walker

CL 5250

Nepal

# ख्रीष्टिय सेवकहरू

लेखकः- मरियन ब्रान्ड

अनुवादकः- बालकृष्ण शर्मा

**इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिटच्यूट**
पो. अ. ब. ४२४५
काठमाडौ, नेपाल

प्रकाशक

आई.सी.आई.
पोष्ट बक्स नं. ४२४५
काठमाडौं, नेपाल ।

© १९९३ सर्वाधिकार सुरक्षित
ईन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिच्यूट
काठमाडौं, नेपाल ।

प्रति: ५०००

मुद्रक:- सहयोगी प्रेस (प्रा.लि.)
त्रिपुरेश्वर, काठमाडौं

# विषय सूची

| | | पृष्ठ |
|---|---|---|
| | आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं | ५ |
| पाठ | | |
| १ | परमेश्वरका सेवकहरूको परिवार | १० |
| २ | पहिलो एकलेसिया (मण्डली)-मा सेवकहरू | २२ |
| ३ | सेवकहरूका निम्ति परमेश्वरको योजना | ३४ |
| ४ | म सेवक हुन सक्छु | ४६ |
| ५ | सेवक हुनु | ६० |
| ६ | सेवकहरूलाई एक-अर्काको खाँचो पर्छ | ७४ |
| ७ | प्रेममा काम गर्नु | ८६ |
| ८ | अगुवाहरूसँग मिलेर काम गर्नु | ९८ |
| ९ | आनन्दसाथ सिध्याउनु | ११२ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन सहायक लेखकबाट दुइ शब्द**

तपाईंले येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएपछि तपाईं उहाँको एकलेसिया (मण्डली)-को अङ्ग बन्नुभएको छ। एकलेसिया (मण्डली)-को अर्थ परमेश्वरको आफ्नै महिमाको निम्ति संसारबाट बोलाउनुभएका मानिसहरूको झुण्ड हो। एकलेसियाको निम्ति परमेश्वरको योजना कस्तो छ, के तपाईंले कहिल्यै जान्ने इच्छा गर्नुभएको छ? तपाईं त्यस योजनामा कसरी सम्मिलित हुन सक्नुहुन्छ? एकलेसिया (मण्डली)-मा परमेश्वरलाई सेवा गर्नको निम्ति उहाँले तपाईंलाई कसरी तयारी गर्नुहुन्छ?

यी प्रश्नहरूका उत्तरहरू पत्ता लगाउनको निम्ति म तपाईंलाई सहायता गर्न चाँहन्छु। एकलेसियाको निम्ति भएको परमेश्वरको योजनाको बारेमा बाइबलले के सिकाउँछ सो म तपाईंसँगसँगै अध्ययन गर्न चाँहन्छु। सेवा गर्नको निम्ति कस्ता किसिमका वरदानहरू उपलब्ध छन् सो पत्ता लगाउनको निम्ति म तपाईंलाई सहायता गर्न चाँहन्छु। तपाईं कसरी प्रभुको निम्ति सेवक बन्न सक्नुहुन्छ सो पत्ता लगाउनको निम्ति म तपाईंलाई सहायता गर्न चाँहन्छु।

परमेश्वरले आफ्नो योजना र उद्देश्यअनुसार एकलेसियालाई कसरी संगठित गर्नुभएको छ, सो कुरा यस पाठ्यपुस्तकले बताउँछ। एकलेसियामा किन विभिन्न किसिमका सेवकहरू रहन्छन् भन्ने विषयमा यसले स्पष्ट पार्छ। ख्रीष्टिय सेवक कस्तो

किसिमको व्यक्ति हुनैपर्छ भन्ने बारेमा यसले बताउँछ, र तपाईंका आफ्नै वरदानहरू के-के हुन् सो पत्ता लगाउन र विकास गर्नको निम्ति यसले तपाईंलाई व्यवहारिक सल्लाह पनि दिन्छ। तपाईंले आफ्नो एकलेसियाका अगुवाहरूसँग कसरी काम गर्न सक्नुहुन्छ र तपाईंका वरिपरि भएका मानिसहरूलाई कसरी सेवा पुऱ्याउन सक्नुहुन्छ भन्ने बारेमा बुझ्न यसले तपाईंलाई सहायता गर्नेछ।

यस पाठ्यपुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरेको हुनाले यसले तपाईंलाई सिद्धान्तहरू सजिलैसँग सिक्न र तिनीहरूलाई तुरुन्तै व्यावहारमा लगाउन सहायता गर्छ।

**तपाईंको अध्ययन सहायक**

*खीष्टिय सेवकहरू* भनिने यो पुस्तक पकेट साइजको भएको हुनाले तपाईं जता जाँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्न सक्नुहुन्छ। यस पुस्तकलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्याउनुहोस्।

प्रत्येक पाठको शुरूमा नै *मुख्य उद्देश्यहरू* दिइएका छन्। *उद्देश्य* शब्दले यस पाठबाट तपाईंले के सिक्ने आशा राख्नुभएको छ, सो कुरा बताउँछ। एक उद्देश्य कुनै लक्ष्य हो र तपाईंले यी *उद्देश्यहरूलाई* आफ्नो मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्न सक्नुहुनेछ।

प्रत्येक पाठका शुरूका दुइ पृष्ठहरूलाई बड़ो ध्यानपूर्वक अध्ययन गर्नुहोस्। आउने कुराहरूका निम्ति यसले तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड-खण्ड गरी अध्ययन गर्नुहोस् र *तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई फेरि हेर्न

सक्नुहुन्छ। यदि तपाईंले यस पाठ्यक्रमलाई समूहसँग मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

**अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने**

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

**ठीक उत्तर** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलमा कतिओटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**ख.** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-ओटा पुस्तकहरू हो। यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख**-को वरिपरि घेरा लगाउनुहोस्:-

**१** बाइबलमा कतिओटा पुस्तकहरू छन्?

**क.** १०० पुस्तकहरू
**(ख.)** ६६ पुस्तकहरू
**ग.** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

**ठीक-बेठीक** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ।

*ठीक-बेठीक प्रश्नको उदाहरण*

**२** तल दिइएका कुन-कुन बयानहरू ठीक छन्?

**क.** बाइबलमा जम्मा १२०-ओटा पुस्तकहरू छन्।
**ख.** बाइबल आजका विश्‍वासीहरूका निम्ति परमेश्‍वरको सन्देश हो।
**ग.** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।
**घ.** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

**जोड़ा मिलाउने** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको सङ्‌ख्या लेख्नुहोस्।

| | | |
|---|---|---|
| १ | **क.** सिनै पर्वतमा व्यवस्था पाएको | १) मोशा |
| २ | **ख.** इस्राएलीहरूलाई यर्दन नदी पार गराएको | २) यहोशू |
| २ | **ग.** यरियो शहरको वरिपरि घुमेको | |
| १ | **घ.** फिरऊन राजाको दरबारमा बसेको | |

**क.** र **घ.**-मा दिइएको बयान *मोशा*को जीवनीसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशू*सँग मिल्छ। माथि देखाएजस्तै तपाईंले १. सङ्ख्या **क.** र **घ.**-को अगाड़ि र २. सङ्ख्या **ख.** र **ग.**-को अगाड़ि लेख्न सक्नुहुन्छ।

**तपाईंको विद्यार्थी प्रतिवेदन**

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई. सी. आई. कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानिय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

अब तपाईं पाठ १ अध्ययन गर्नलाई तयारी भइसक्नुभएको छ र यस अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

पाठ
१

# परमेश्वरका सेवकहरूको परिवार

अमर ख्रीष्टियान भएका केही महीना मात्र भयो, र परमेश्वरको वचनको गहिरो अध्ययनमा आफूले पत्ता लगाएका महत्त्वपूर्ण सत्यताहरू देखेर उनी अति प्रसन्न भएका छन्। बितेको समयमा संसारमा परमेश्वर कसरी बोल्नुभयो? बाइबलभरि नै यस तरीकालाई कसरी अपनाइएको छ, सो विषयमा उनले पढ़े।

बाइबल पढ्दा उनी देख्छन् कि परमेश्वरको परिवार सबै समयमा छ, उहाँको परिवारले यस संसारमा अफ्नो कार्य गर्दैआएको छ। पुरानो नियमको समयमा जिउने अगमवक्ताहरू र नयाँ करारमा जिउने चेलाहरू र प्रेरितहरूका बारेमा उनी पढ्छन्। यी मानिसहरूले अरूहरूलाई कसरी परमेश्वरको सन्देश दिए, सो उनी हेर्छन्।

अमरले यी कुराहरूको अध्ययन गर्दा आफैलाई यो प्रार्थना गरेको भेट्टाउँछन्, "प्रभु, म कसरी तपाईंको काममा सहभागी बन्न सकूँ?" आफ्नो वरिपरि भएको संसारको आवश्यकता देख्ता यो प्रार्थना उनको हृदयको चिच्च्याइ भएको छ। के यो प्रार्थना तपाईंको हृदयको चिच्च्याइ पनि हो त? यो पहिलो पाठलाई अध्ययन गर्नुहुँदा, तपाईंको निम्ति भएको परमेश्वरको योजना के हो र आज यस संसारमा तपाईं यो काममा कसरी सहभागी हुन सक्नुहुन्छ, सो तपाईं पत्ता लगाउन सक्नुहुनेछ।




**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

परमेश्वरको परिवार छ
आफ्नो परिवारको निम्ति परमेश्वरको योजना

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ . . .**

- को-को परमेश्वरका हुन्, सो जान्न।
- परमेश्वरको परिवारको निम्ति उहाँको आफ्नो योजनाको वर्णन गर्न
- संसारमा सुसमाचार लैजानको निम्ति कसरी तपाईं परमेश्वरको योजनाको अङ्ग हुनुहुन्छ, सो व्याख्या गर्न।

## परमेश्वरको परिवार छ

*उद्देश्य १ परमेश्वरको परिवारको विकासलाई वर्णन गर्ने बयानहरूलाई चिन्नुहोस्।*

उत्पत्तिको पुस्तकमा हामी पढ्छौं कि परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो (उत्पत्ति १ : २७)। परमेश्वर आफूले सृष्टि गर्नुभएका कुराहरूमा खुशी हुनुभयो (उत्पत्ति १ : ३१)।

### पुरानो नियममा परमेश्वरको परिवार

परमेश्वरले सबै प्राणीहरूलाई सृष्टि गर्नुभएको भए तापनि मानिसले मात्र आफ्ना सृष्टिकर्तासँग सङ्गति गर्न सक्थ्यो। परमेश्वरले मानिससँग सङ्गति गर्न चाहनुभयो। उहाँ आफ्नै सृष्टिसँग रहन चाहनुभयो। उहाँले परिवारको चाहना गर्नुभयो।

आदम र हव्वाको पापको कारणले सृष्टिकर्तासँगको सङ्गति तोड़िएको भए तापनि (उत्पत्ति ३ : १ - २४), परमेश्वरको परिवारचाहिँ रहिरह्यो। उहाँका आज्ञा पालन गर्नेहरूसँग उहाँले सङ्गति गरी नै रहनुभयो।

उत्पत्ति ४ : २६ -मा हामी पढ्छौं कि "मानिसहरूले परमप्रभुको पवित्र नाउँलाई आराधनामा प्रयोग गर्थे।" नोआको कथाले स्पष्टसँग बताउँछ कि त्यस समयमा पनि परमेश्वरको परिवार थियो। "परमेश्वरले आज्ञा गर्नुभएबमोजिम नोआले सबै गरे" (उत्पत्ति ६ : २२)। परमेश्वरका काम गर्नलाई उहाँसँग मानिसहरू थिए।

अब्राहाम भन्ने व्यक्तिमा शुरू भएको यहूदी जातिको पारिवारिक वंशावली पूरै रूपमा पाइन्छ। यहूदी जातिलाई परमेश्वरले आफ्नो विशेष जातिको रूपमा चुन्नुभयो। तिनीहरू सेवाको लागि चुनिएका मानिसहरू थिए। परमेश्वरको निम्ति तिनीहरूले विशेष काम गर्नुपर्ने थियो।

यही यहूदी राज्यलाई इस्राएल भनिन्थ्यो। यसका अगुवाहरू-मध्ये मोशा पनि एक थिए, जसले इस्राएलका सन्तानहरूलाई मिश्रदेशदेखि बाहिर लगे। महान् राजा दाऊद, मानिसहरूलाई परमेश्वरको सन्देश ल्याउने अगमवक्ताहरू र अन्य धेरै व्यक्तिहरूका अगुवा थिए। पुरानो नियमभरि नै हामी परमेश्वरका विशेष मानिसहरूको इतिहासलाई देख्न सक्छौं। तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन गरी उहाँको काम गरे।

## तपाईंको अभ्यासको निम्ति

*यस प्रश्नको उत्तर दिनुभन्दा पहिले अध्ययन प्रश्नहरूको उत्तर कसरी दिनुपर्छ भन्ने निर्देशनलाई दोहोऱ्याउनुहोस्, जुन यस अध्ययन पुस्तिकाको शुरूमै दिइएको छ।*

**१** दायाँपट्टि दिइएको व्यक्तिलाई बायाँपट्टि दिइएको त्यस व्यक्तिको वर्णनसँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ____**क.** उनी इस्राएलका महान् राजा थिए। | १) अब्राहाम |
| ____**ख.** उनले इस्राएलीहरूलाई मिश्रदेशबाट बाहिर ल्याए। | २) मोशा |
| ____**ग.** उनमा यहूदी राज्यको स्थापना हुन्छ। | ३) दाऊद |

यस पाठको अन्तमा दिइएका उत्तरसँग आफ्ना उत्तरहरू जाँच्नुहोस्।

### नयाँ करारमा परमेश्वरको परिवार

परमेश्वरका पुत्र येशू ख्रीष्ट जब यस पृथ्वीमा आउनुभयो, उहाँ भलाइ गर्दै सबै ठाउँमा जानुभयो। उहाँले सान्त्वना र सहायता, चँगाइ र क्षमा ल्याउनुभयो। तर उहाँले मात्र गर्न सक्नुहुने एक महान् कामलाई पनि उहाँले गर्नुपर्थ्यो। उहाँले पापको निम्ति सिद्ध बलिदानको रूपमा आफ्नो रगत दिनुभयो।

पुरानो करारमा परमेश्वरले आज्ञा गर्नुभएको पशु बलिदानहरूले ख्रीष्टलाई नै औँल्याएका थिए। येशूले आफैलाई बलिदानको रूपमा अर्पण गर्नुभएपछि ती बलिदानहरूको आवश्यकता परेन।




येशूको मृत्यु परमेश्वरको इच्छाअनुसार नै थियो। उहाँ आफ्ना पिताको इच्छा पूरा गर्नलाई आउनुभएको थियो। उहाँले भन्नुभयो, "मलाई पठाउनेको इच्छा पूरा गर्नु र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो (योआनेस ४:३४)। र येशूले गर्नुभएका काममा परमेश्वर खुशी हुनुभयो। परमेश्वरले येशूलाई मृत्युबाट बौरिउठाउनुभयो र येशूले आफ्ना चेलाहरूसँग चालीस दिन बिताएपछि उहाँ स्वर्गमा फर्किजानुभयो (प्रेरित १:३-६)।

आफ्ना अगुवा गइसकेपछि येशूलाई पछ्याउनेहरूले के गर्नुपर्ने थियो? तिनीहरूलाई थाहा थियो। उहाँ जानुभन्दा पहिल्यै उहाँले तिनीहरूलाई भनिसक्नुभएको थियो। तिनीहरूले सारा संसारमा गएर सुसमाचार प्रचार गर्नुपर्ने थियो (प्रेरित १:८)।

स्वर्गमा येशू फर्किसक्नुभएपछि उहाँको निम्ति काम गर्ने मानिसहरूका बारेमा बाइबलमा भएको प्रेरितको पुस्तकमा हामी पढ्छौं। येशू यस पृथ्वीमा हुनुभएको समयमा तिनीहरूमध्ये कोही उहाँका आफ्नै चेलाहरू थिए। पत्रुस र योआनेस मन्दिरमा

प्रार्थना गर्न जाँदा, तिनीहरूले एउटा कूँजो व्यक्तिलाई भेटेका थिए। उसलाई दिनको निम्ति तिनीहरूसँग पैसा थिएन। तर पत्रसले त्यस मानिसलाई भने, "येशूको नाउँमा हिँड्डुल गर।" उनले त्यसलाई हातले उठाएर सहायता गरें। त्यो मानिस उत्तिखेरै निको भयो र हिँड्दै, उफ्रदै र परमेश्वरको स्तुति प्रशंसा गर्दै त्यहाँबाट गयो (प्रेरित ३:१-१०)। पत्रस र योआनेसद्वारा येशूको काम भई नै रह्यो। धेरै मानिसहरू विश्वासमा आए र एकलेसियाको वृद्धि भयो।

प्रेरितको पुस्तकमा अर्को एक विशेष सेवकको बारेमा उल्लेख गरिएको छ, तिनी प्रेरित पौलस हुन्। उनले ख्रीष्टको सन्देश बुझ्नुभन्दा पहिले, ख्रीष्टियानहरूलाई नाश गर्ने कोशिश गरेका थिए। तर पछि उनी एकलेसियाका अत्यन्तै विश्वासयोग्य सेवक बने। उनले धेरै देशहरूमा गएर एकलेसिया शुरू गरे। पौलसले येशूको कामलाई सञ्चालन गरी नै रहे।

**तपाईंको अभ्यासको निम्ति**

ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**२** येशू ख्रीष्टमा विश्वास गर्नुभन्दा पहिले ख्रीष्टियानहरूलाई सतावट दिने येशूका सेवक

**क.** योआनेस

**ख.** पौलस

**ग.** पत्रस

तपाईंको उत्तरको जाँच गर्नुहोस्।

**आज परमेश्वरको परिवार**

आज पनि येशूको काम लगातार रूपमा भइरहेको छ।

येशू स्वर्गमा फर्किजानुभएको झण्डै दुइ हजार वर्ष भइसक्यो। आफू जानुभन्दा पहिले उहाँले आफ्ना चेलाहरूलाई यसो भनी आज्ञा गर्नुभएको थियो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। येशूको यो आज्ञा सबै समयका खीष्टियानहरूलाई दिइएको हो। येशूका यी वचनहरू अहिले हाम्रो निम्ति पनि हो।




येशू खीष्टद्वारा दिइएको परमेश्वरको उद्धारको सन्देशलाई प्राप्त गर्दा र विश्वास गर्दा परमेश्वरको परिवार बढ्दैजान्छ। पुरानो करार समयका भक्त मानिसहरू, शुरूको एकलेसियाका विश्वासीहरू र आजका विश्वासीहरू, सबै परमेश्वरका सन्तान हुन्। सबै जना वृद्धि भइरहने उहाँको परिवारका सदस्यहरू हुन्।

परमेश्वर आफ्नो परिवारद्वारा संसारसँग बोल्नुहुन्छ। येशू स्वर्गमा हुनुहुन्छ, तर उहाँको काम संसारमा भइरहनेछ। हामीद्वारा नै यो काम लगातार रूपमा भइरहनेछ। परमेश्वरका पुत्रमा राखिएको विश्वासद्वारा उद्धार पाइन्छ भन्ने जीवनको सन्देश सधैंभरि नै बताइनेछ, किनभने यो काम खीष्टियानहरूको हो।

**तपाईंको अभ्यासको निम्ति**

**३** येशूले दिनुभएको आज्ञा आज हाम्रो निम्ति पनि हो भनी तल दिएको कुन पदले बताउँछ?

**क.** उत्पत्ति ६:२२
**ख.** मर्कूस १६:१५
**ग.** प्रेरित ३:१

**४** प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्

**क.** परमेश्वरको परिवार नयाँ करारमा शुरू भयो।
**ख.** येशू संसारमा आउनुभन्दा पहिलेका मानिसहरूलाई पनि परमेश्वरको परिवारमा समावेश गरिएको छ।
**ग.** आज येशूमा भएका विश्वासीहरू परमेश्वरको परिवारका अङ्ग हुन्।
**घ.** मोशाको समयमा जिउने मानिसहरूलाई परमेश्वरको परिवारका सदस्यहरू हुन असम्भव थियो।

## आफ्नो परिवारको निम्ति परमेश्वरको योजना

उद्देश्य २ *परमेश्वरले आफ्नो परिवारको निम्ति योजना गर्नुभएका तीन कुराहरूको उल्लेख गर्नुहोस्।*

परमेश्वरको परिवार छ र आदमको सृष्टिदेखि नै त्यो थियो भन्ने कुरा हामीलाई थाहा छ। अब हामी आफ्नो परिवारप्रति भएको उहाँको आशा र योजनाको बारेमा विचार गरौं।

### उहाँका पुत्रजस्तै हुनु

परमेश्वरले आफ्ना छोराछोरीहरूमा पनि उहाँको आफ्नो जस्तै स्वरूप भएको चाहनुहुन्छ भन्ने कुराले के तपाईंलाई

अचम्मित तुल्याउँछ? रोमी ८:२९-ले बताउँछ, "तिनीहरूलाई आफ्ना पुत्रको रूपमा बनाउनलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो।"

आफ्नो सानो छोराको अनुहारमा हेर्दा आफ्नो अनुहार र उसको अनुहार उस्तै देख्न पाउँदा एउटा बाबुलाई जति आनन्द लाग्छ अरू कुराले उसलाई त्यति आनन्द दिँदैन। हाम्रो जीवन र इच्छाहरू परमेश्वरको जस्तै भएको उहाँ चाहनुहुन्छ। जसरी उहाँ धर्मी र पवित्र हुनुहुन्छ, त्यसै गरी हामी पनि धर्मी र पवित्र हुनुपर्छ। त्यसपछि मात्र हामी उहाँको पुत्रजस्तै हुन सक्छौं। हामी उहाँका पुत्रजस्तै भएको परमेश्वरले किन चाहनुहुन्छ? परमेश्वरलाई थाहा छ कि जबसम्म हामी उहाँका पुत्रजस्तै हुँदैनौं, यस पृथ्वीमा भएको उहाँको पुत्रको कामलाई पनि गर्न सक्दैनौं।



नयाँ देशमा सुसमाचार प्रचार गर्न जाने एक मिशनरी थिए। कोही मानिस पनि त्यहाँ गएर येशूको कथा सुनाएको जस्तो उनलाई लागेन। येशू कति धेरै दयालु हुनुहुन्छ भनी उहाँले गर्नुभएका कामहरू उनले बताउन थाले। ती मानिसहरूले भने, "येशू त यहाँ आउनुभएको थियो। हामीले उहाँलाई देखेका छौं।" सो साँचो होइन भन्ने कुरा मिशनरीलाई थाहा थियो। मानिसहरूले कुरा गर्दैगर्दा उनले बुझे। धेरै वर्ष पहिले त्यहाँ एउटा मिशनरी गएका थिए। उनी येशूजस्तै थिए र मानिसहरूले उनलाई येशू नै भनी विचार गरेका थिए।

परमेश्वरको काम हामी गरिरहन चाहन्छौं भने हामी परमेश्वरको पुत्रजस्तै हुनैपर्छ। हामी कसरी उहाँजस्तो हुन सक्छौं? हामी उहाँसँगै हिँड्नुपर्छ। उहाँसँग बोल्नुपर्छ। उहाँको वचन पढ्नुपर्छ। उहाँको वचनको आज्ञापालन गर्नुहोस्। उहाँको इच्छा बुझेर सो गर्नुहोस्। हामी उहाँजस्तै हुनेछौं।

**तपाईंको अभ्यासको निम्ति**

**५** परमेश्वरले आफ्नो स्वरूप हामीमा भएको चाहनुहुन्छ भन्दा हामीले यो अर्थ दिएका हुन्छौं कि हामी के कुरामा उहाँजस्तै हुनुपर्छ?

**क.** शारीरिक रूप
**ख.** चरित्र
**ग.** बाहिरीय स्वरूप

**सुसमाचार लैजानू**

सारा संसारमा सुसमाचार लैजानू भनी येशूले आज्ञा गर्नुभएको छ। यसको अर्थ के हो? सर्वप्रथम, जान इच्छुक भएका सेवकहरू त्यहाँ हुनैपर्छ। त्यसपछि ती जानेहरूका निम्ति प्रार्थना गर्ने सेवकहरू त्यहाँ हुनैपर्छ र तिनीहरूलाई आर्थिक सहयोग गर्ने सेवकहरू पनि हुनैपर्छ, त्यसरी तिनीहरू गएर सुसमाचार सुनाउने काम गर्न सक्छन्। सुसमाचार काममा बाइबल र शिक्षण-सामग्रीहरूको आवश्यकता पर्छ।

एकलेसिया शुरू गरेपछि सिकाउन, प्रार्थना गर्न, बिरामीलाई सेवा पुऱ्याउन र दुःखमा परेकाहरूलाई सान्त्वना दिनको निम्ति धेरै मानिसहरूको आवश्यकता पर्छ। एकलेसिया भवन बनाउनको निम्ति र यसलाई सफा राख्नको निम्ति पनि मानिसहरू चाहिन्छन्। काम गर्न चाहने सबैका निम्ति एकलेसियामा काम हुन्छ। सबै

ख्रीष्टियानहरू काम गर्नलाई इच्छुक हुनुपर्छ र परमेश्वरको महिमाको निम्ति तिनीहरूले आफ्नो काम गर्नुपर्छ।

**उहाँसँगै अनन्तता बिताउनू**

परमेश्वरले आफ्नो परिवारको निम्ति गर्नुभएको योजनाको बारेमा म तपाईंलाई केही बताउन चाहन्छु। बाबुले आफ्ना छोराछोरीहरू घर आएको चाहन्छन्। दिनको अन्तमा आमा-बाबुले आफ्ना छोराछोरीहरूलाई घरमा स्वागत गर्छन्। छोराछोरीहरू घरबाट टाढ़ा हुँदा पनि आमा-बाबु तिनीहरूलाई भेट्न र तिनीहरूसँग हुन चाहन्छन्।

यस विषयमा परमेश्वर बेग्लै हुनुहुन्न। योआनेस १४:२-मा येशूले भन्नुभयो, "मेरा पिताको घरमा धेरै कोठाहरू छन् र म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जाँदैछु।" पूरै परिवार घरमा फर्कने समयलाई परमेश्वरले हेरिरहनुभएको छ। समय आउनै लागेको छ भन्ने कुरा उहाँलाई थाहा छ, त्यसैले उहाँले सबै कुरा तयारी गर्दैहुनुहुन्छ। पूरै अनन्तताभरि नै परमेश्वरको परिवार एकैसाथ हुनेछ।

त्यस बेला केही अचम्मको घटना पनि हुनेछ। हामीलाई दिनको लागि पितासँग इनामहरू पनि हुनेछन्। येशूले भन्नुभयो कि उहाँको नाउँको निम्ति सङ्कष्ट भोग्नेहरूका लागि विशेष इनाम दिइनेछ, "तब रमाओ र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ" (मतियोस ५:१२)।

**तपाईंको अभ्यासको निम्ति**

६ मानिलिऔं, तपाईंले आफ्नो मित्रलाई उनको परिवारको निम्ति भएको परमेश्वरको योजनाको बारेमा केही बताउन

चाहनुभयो। तपाईंले ती मित्रसँग बाड्ने तीनओटा कुराहरू र प्रत्येकको निम्ति मिल्दो बाइबल पदलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क.** . . . . . . . . . . . . . . . . . . . . . . . . . .
**ख.** . . . . . . . . . . . . . . . . . . . . . . . . . .
**ग.** . . . . . . . . . . . . . . . . . . . . . . . . . .

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंले अर्को उत्तरलाई पहिल्यै नदेख्नुहोस् भन्ने हेतुले तपाईंका अध्ययन प्रश्नहरूका उत्तरहरूलाई क्रमिकरूपमा लेखिएका छैनन्। तपाईंलाई चाहिने सङ्ख्या मात्र हेर्नुहोस् र अरू उत्तरहरूलाई पढ्ने कोशिश नगर्नुहोस्।

४. **क** बेठीक; **ख** ठीक; **ग** ठीक; **घ** बेठीक

१. **क** ३) दाऊद; **ख** २) मोशा; **ग** १) अब्राहाम

५. **ख** चरित्र

२. **ख** पौलस

६. तपाईंको उत्तरमा तलका कुराहरू समावेश गरिएको हुनैपर्छः **क** उहाँका पुत्रजस्तै हुनु, रोमी ८:२९; **ख** सुसमाचार लैजानु, मर्कूस १६:१५; **ग** उहाँसँगै अनन्तता बिताउनु, योआनेस १४:२

३. **ख** मर्कूस १६:१५

पाठ
२

# पहिलो एकलेसियामा सेवकहरू

परमेश्वरको परिवारको अङ्ग बन्नु के हो भन्ने कुरा अमरले बुझेपछि, उनको निम्ति भएको परमेश्वरको योजनामा समावेश गरिएका कुराहरू पनि उनले बुझ्न थाले। यी कुराहरूमाथि विचार गर्दा परमेश्वरको काममा सहभागी हुने इच्छा उनमा अझै बढ्दैगयो। त्यहाँ अरू धेरै विश्वासीहरू पनि छन् भन्ने कुरा उनले महसूस गरे।

प्रेरितको पुस्तकमा भएको एकलेसियाको बारेमा अमरले ध्यानपूर्वक अध्ययन गर्न थाले। के कुराले शुरूका विश्वासीहरूलाई एकसाथ ल्याएको थियो? यस कुरामा उनलाई अचम्म लाग्यो। तिनीहरूले एक-अर्कालाई भेट्दा के भयो?

यी प्रश्नहरूका उत्तर पत्ता लगाएपछि एकलेसियाको अङ्ग बन्नु भनेको के हो, सो कुरा उनले बुझ्दैगए। अरू विश्वासीहरूलाई भेटेर उनीहरूसँग एकैसाथ काम गर्न किन महत्त्वपूर्ण छ भन्ने कुरा पनि उनले बुझे।

तपाईंले यो दोस्रो पाठ अध्ययन गर्नुहुँदा तपाईंले पनि यही कुरा पत्ता लगाउनुहुनेछ भनी मैले आशा लिएको छु।



**पहिलो एकलेसिया**



**आजको एकलेसिया**

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ**

पहिलो एकलेसिया
आजको एकलेसिया

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- पहिलो एकलेसियाका विश्वासीहरू किन एकैसाथ भेला हुन्थे, ती कारणहरूको सूची बनाउनुहोस्।
- संसारमा येशूको कामलाई एकलेसियाले कसरी लगातारूपमा गरिरहन्छ व्याख्या गर्नुहोस्।
- विश्वासीहरू एकैसाथ भेला हुँदा के हुन्छ वर्णन गर्नुहोस्।

## पहिलो एकलेसिया

उद्देश्य १ *पहिलो एकलेसियाका विश्वासीहरू किन एकैसाथ भेला हुन्थे, ती कारणहरूको परिचय दिनुहोस्।*

पहिलो एकलेसिया साधारण मानिसहरूबाट नै बनेको थियो– साधारण मानिसहरू जससँग खाँचोहरू थिए। तिनीहरूसँग समस्याहरू, डरहरू र बोझहरू थिए। तिनीहरू साधारण मानिसहरू थिए, तर तिनीहरूले येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेका थिए। तिनीहरू विश्वासी थिए।

येशूलाई पछ्याउनेहरू सबै साधारण मानिसहरू थिए। तिनीहरू सिद्ध थिएनन् तर तिनीहरू सबै विश्वासीहरू थिए। पत्रस एक विश्वासी थिए र पनि प्रभुलाई चिन्दाचिन्दै उनले उहाँलाई इन्कार गरे (मर्कूस १४:६६-७२)। थोमास विश्वासी थिए र पनि येशू मुर्दाबाट बौरिउठ्नुभयो भन्ने कुरा उनले शङ्का गरे (योआनेस २०:२४-२५)।

संसारको पाप उठाइलैजानुहुने परमेश्वरका थुमा उहाँ नै हुनुहुन्छ (योआनेस १:२९) भनी बप्तिस्मा दिने योआनेसले घोषणा गरेको दिनदेखि धेरै मानिसहरूले येशूलाई पछ्याउन थाले। उहाँको विरोध गर्ने मानिसहरू पनि तुरुन्तै खड़ा भए। उहाँका शिक्षाहरूले शासक र पूजाहारीहरूका शिक्षासँग सधैँभरि मेल खाएन। तिनीहरूले शुरूदेखि नै उहाँलाई हटाउने कोशिश गरे। येशूसँग दुर्व्यवहार गर्ने मानिसहरूले नै येशूलाई पछ्याउने मानिसहरूसँग त्यस्तै दुर्व्यवहार गरे।

प्रेरित ९:१-२-मा हामी पढ्छौं कि येशूमा विश्वास गर्नुभन्दा पहिले शाऊल (पछि पौलस भनियो)-ले ख्रीष्टियानहरूलाई नाश गर्नको निम्ति पूजाहारीहरूबाट अनुमति पाएका थिए। आफूलाई झ्यालखानमा लगिन्छ वा कुटिन्छ भनी जान्दाजान्दै पनि किन

ख्रीष्टियानहरू एकैसाथ भेला हुन्थे? एक-अर्काको आवश्यकता छ भनी महसूस गरेर नै तिनीहरू एकसाथ भेला भएका थिए।

**तपाईंको अभ्यासको निम्ति**

**१** मानिलिऔं, तपाईंका एक जना साथीसँग धेरै शङ्काहरू भएका हुनाले उनले विश्वास गर्न सकेनन्। उनलाई उत्साह दिनको लागि तपाईंले कुन पदबाट वचन बाँड्न सक्नुहुन्छ?

**क.** मर्कूस १४:६६-७२
**ख.** योआनेस २०:२४-२५
**ग.** प्रेरित ६:१-२

सुसमाचार प्रचार गरेको कारणले पत्रसलाई झ्यालखानमा हालिएको घटनालाई हामी प्रेरित १२ अध्यायमा पढ्न सक्छौं। स्वर्गदूतद्वारा छुटकारा पाएपछि, उनले विश्वासीहरूलाई एकैसाथ उनको निम्ति प्रार्थना गरिरहेको भेट्टाए।

प्रेरित ६:१-६-मा उल्लेख भएझैं निर्णयहरू बनाउनको लागि पनि विश्वासीहरूलाई एकैसाथ भेला हुनु आवश्यक थियो।



शिक्षाको आवश्यकताले विश्वासीहरूलाई एकैसाथ ल्याउने काम गर्दथ्यो। उदाहरणको लागि अकिलास र प्रिस्किलाले अपोल्लोसलाई आफ्नो घरमा लगेर परमेश्वरको मार्गको बारेमा स्पष्टसँग बताइदिए (प्रेरित १८:२६)। एक-अर्कालाई सिकाउनू र अर्ती दिनू भनी पौलसले कलस्सीका विश्वासीहरूलाई भनेका छन् (कलस्सी ३:१६)।

यी उदाहरणहरूले हामीलाई देखाउँछन् कि आवश्यकताहरूले विश्वासीहरूलाई एकैसाथ ल्याएको थियो।

**तपाईंको अभ्यासको निम्ति**

**२** अकिलास र प्रिस्किलाले किन अपोल्लोसलाई आफ्नो घरमा बोलाए?

**क.** उनको प्रचार सुन्न।

**ख.** उनलाई परमेश्वरको मार्गको बारेमा स्पष्टरूपमा बताउन।

**ग.** निर्णयहरू बनाउन।

परिवारका सदस्यहरूले एक-अर्कालाई सहायता नगरी बस्न सक्दैनन्। शुरूका विश्वासीहरू जो परमेश्वरको परिवारका सदस्यहरू थिए, तिनीहरू एक-अर्कालाई सहायता नगरी रहन सकेनन्। एकलेसियाका विधवाहरूले आफूले पाउनुपर्ने कुरा नपाएको अनुभव गर्दा, चेलाहरूले तिनीहरूका खाँचोको वास्ता गरेका थिए (प्रेरित ६:१-६)। हामीलाई थाहा छ कि तबीताले विधवाको निम्ति लुगा सिइदिएकी थिइन् (प्रेरित ९:३९)। अरूहरूले पाहुनाहरूलाई आदर र सत्कार गरेका थिए (प्रेरित १६:१५)। विश्वासीहरूद्वारानै एकलेसिया बनेको थियो र तिनीहरूले अरूहरूलाई सहायता पुऱ्याउँथे।

पौलस पनि एकलेसियाका एक असल सेवक थिए। उनलाई खाँचो पर्दा फिलिप्पीको एकलेसियाले उनलाई सहायता गरेको

थियो र त्यसको लागि पौलसले तिनीहरूलाई धन्यवाद दिएका थिए (फिलिप्पी ४:१४-१६)। यी मानिसहरू साधारण विश्वासीहरू भए पनि सहायता गर्नलाई सधैँ तत्पर हुन्थे। साँच्चै नै तिनीहरूले पौलसलाई सेवा पुऱ्याएका थिए।

पौलसले कोरिन्थीका विश्वासीहरूलाई भने कि तिनीहरूका दुःखमा परमेश्वरले तिनीहरूलाई सान्त्वना दिनुभयो र तिनीहरूले पनि अरूहरूलाई त्यसै गर्नुपर्छ (२ कोरिन्थी १:४)। विश्वासीहरू एउटाले अर्कालाई सहायता गर्ने यो अर्को एक तरीका हो।


प्रेरितको पुस्तक पढ्दा हामी देख्छौं कि विश्वासीहरू एउटाले अर्कालाई सिकाउने, उत्साह दिने र सान्त्वना दिने गर्थे। एकलेसिया सेवकहरूले भरिएको थियो। तिनीहरूले मानिसहरूको आवश्यकता पूरा गर्नको निम्ति काम गरे र यसरी एकलेसिया बलियो हुँदैगयो।

### तपाईंको अभ्यासको निम्ति

**३** बायाँपट्टि दिइएको पहिलो एकलेसियालाई वर्णन गर्ने पदहरूलाई दायाँपट्टि दिइएको वर्णन, किन विश्वासीहरू एकैसाथ भेला हुन्थे भन्ने शब्द समूहको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ___**क.** प्रेरित ६:२-६ | १) एक-अर्काको लागि प्रार्थना गर्न |
| ___**ख.** प्रेरित ११:२२-२३ | २) परमेश्वरको बारेमा सिक्न |
| ___**ग.** प्रेरित ११:२६-३० | ३) भौतिकी खाँचोहरू पूरा गर्न |
| ___**घ.** प्रेरित १२:५,१२ | ४) एक-अर्कालाई सान्त्वना दिन र उत्साह दिन |
| ___**ङ.** प्रेरित १४:२२ | |
| ___**च.** प्रेरित १८:२६ | ५) विशेष कार्यको निम्ति मानिसहरूलाई छान्न |

हाम्रो अध्ययनबाट हामी देख्न सक्छौं कि शुरूको एकलेसियाका विश्वासीहरूले शरीरले जस्तै एकैसाथ मिलेर काम गरिरहेका थिए। कोही खाँचोमा परेको बेलामा विश्वासीहरूले प्रार्थना गरे, खाना पठाइदिए, लुगा जुटाइदिए र सान्त्वना दिए। यदि कसैले परमेश्वरको वचन बुझेन भने, विश्वासीहरूले उसलाई सिकाउँथे। यदि कोही केही कुरामा चुक्यो भने, प्रभुलाई पछ्याउनको लागि विश्वासीहरूले उसलाई सहायता गर्थे।




मिलिजुलि काम गर्नु र एक-अर्कालाई सरोकार गर्नु आवश्यक छ। एक समय विश्वासीहरूले आफ्ना मालसामानहरू एक-अर्कोसँग बाँड़े र प्रत्येकलाई पर्याप्त भयो (प्रेरित ४:३२-३५)। खतराको समयमा तिनीहरू एउटाले अर्कोलाई सुरक्षा गरे (प्रेरित ६:२६-३०)। शुरूको एकलेसियामा ख्रीष्टको शरीरको सेवा एक-अर्कालाई र खाँचोमा परेको प्रत्येकलाई सहायता गर्नु हो।

---

## आजको एकलेसिया

---

उद्देश्य २ *शुरूको एकलेसिया र आजको एकलेसिया उस्तै हुनुपर्छ भनी बताउने बयानहरूलाई छान्नुहोस्।*

एकलेसिया शब्दको अर्थ सभा वा परमेश्वरले आफ्नै बनाउनको निम्ति संसारबाट बोलाउनुभएका मानिसहरूको जमघट हो। एकलेसिया वा चर्च भनेको अर्थ भवन होइन तर परमेश्वरका मानिसहरूको भुण्ड हो। आराधना गर्नको लागि तपाईंसँग विशेष ठाउँ नभए पनि यदि तपाईंले येशूमा विश्वास गर्नुभएको छ भने तपाईं एकलेसियाको अङ्ग हुनुहुन्छ।

एकलेसियाले सबै जातिका मानिसहरूलाई संलग्न गरेको छ। हामीहरू विभिन्न भाषा समूहका हुन सक्छौं, तर हामी एउटै शरीर हौं। आफ्नो एकलेसियाद्वारा संसारले येशूलाई देखेको परमेश्वर चाहनुहुन्छ। यसले परमेश्वरका पुत्रको काम संसारमा लगातार रूपले चलिरहेको छ भन्ने कुराको प्रमाण दिन्छ। विश्वासीहरूले जीवन र चँगाइको सन्देश राज्यहरूमा ल्याउनुपर्नेछ। आज संसारमा भएको परमेश्वरको एकलेसियाको निम्ति परमेश्वरको उद्देश्य यही नै छ।

हामीलाई थाहा छ कि मानिसहरूका आवश्यकता परिवर्तन हुँदैनन्। यसैले शुरूमा एकलेसियाको सेवा जस्तो थियो, आज पनि उस्तै नै छ। हामीलाई थाहा छ कि सबैले उद्धार पाउनु आवश्यक छ, यसैले ख्रीष्टले पापबाट क्षमा दिनुहुन्छ भनी एकलेसियाले प्रचार गर्छ। विश्वासीहरूलाई आफ्नो जीवनमा परमेश्वरको शक्तिको खाँचो छ, त्यसैले पवित्र आत्माले भरिनुपर्छ भनी तिनीहरूलाई आज्ञा गरिएको छ। उत्साह र सान्त्वनाको पनि आवश्यकता छ, त्यसैले एकलेसियाले साक्षी र सङ्गतिको समय पनि उपलब्ध गराएको हुन्छ। धेरै मानिसहरूलाई चँगाइ, अगुवाइ वा सल्लाह चाहिएको छ। परमेश्वरद्वारा अभिषेक पाएका पास्टर र अगुवाहरू सहायता पुऱ्याउनको लागि सधैँ तयार छन्।

### तपाईंको अभ्यासको निम्ति

**४** विश्वासीहरू एकैसाथ भेला हुनुपर्ने सबैभन्दा महत्त्वपूर्ण कारण कुन हो?

**क.** झ्यालखानमा भएका मानिसहरूका लागि प्रार्थना गर्न।

**ख.** शुरूको एकलेसियाजस्तो हुन।

**ग.** एक-अर्काको खाँचोमा सेवा पुऱ्याउन।

**घ.** अरू जातिका मानिसहरूसँग भेट गर्न।

एकलेसियासँग हुँदा हामी बल प्राप्त गर्न सक्छौं। यस बलले हामीलाई हाम्रो शत्रु दियाबलसमाथि विजय हुन सहायता गर्छ, जसले हामीलाई निराश गराएर पापमा फसाउने कोशिश गर्छ। जब हामी हाम्रा दाज्यू-भाइ तथा दिदी-बहिनीहरूसँग एकैसाथ भेला हुन्छौं, तब गरिएको वचन प्रचार, एकैसाथ गाइएको भजन र प्रार्थनाद्वारा हामीले उत्साह पाइरहेका हुन्छौं। एकलेसियाको सहायताविना नै ख्रीष्टियान जीवन जिउने कोशिश नगर्नहोस्। हाम्रा खाँचोहरूमा सेवा पुऱ्याउनलाई एकलेसिया सधैं तयार छ।



एकलेसियामा सत्यताको व्याख्या गरिन्छ र मानिसहरूले एकैसाथ प्रार्थना गर्छन्। यही ठाउँमा नै ख्रीष्टको प्रेममा विश्वासीहरू एउटाले अर्काको सेवा गर्छन्, जहाँ बोझहरू बाँडिन्छ र पापहरू स्वीकार गरिन्छ (याकूब ५:१६)।

हरेक भेला उस्तै खालको हुँदैन। १ कोरिन्थी १४:२६-मा हामी यसरी पढ्छौं, "तिमीहरू एकसाथ भेला हुँदा हरेकसँग भजन हुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ, अन्य भाषामा सन्देश हुन्छ अथवा अर्थ खोल्ने शक्ति हुन्छ।"

यदि सबैले केही कुरा भन्न वा गर्न सक्छन् भने कसले चाहिँ अगुवाइ गर्ने त? एफिसी ४:११-१६-मा हामी पढ्छौं कि परमेश्वर्‌ले एकलेसियालाई वरदानहरू दिनुभएको छ। यी वरदानहरूमा अगुवाहरू पनि समावेश गरिएको छ। प्रायःजसो सबै एकलेसियाहरूमा सेवा चलाउनको निम्ति पास्टर वा अगुवाहरू नियुक्त भएका हुन्छन्। प्रचारक वा शिक्षक पनि एकलेसियामा परमेश्वरको वरदान हो। कसैले पनि एक्लै काम गर्न सक्दैन। "हामी परमेश्वरका निम्ति सँगसँगै काम गर्ने सहकर्मीहरू हौं" (१ कोरिन्थी ३:९)।

---

**तपाईंको अभ्यासको निम्ति**

**५** प्रेरितको पुस्तकमा उल्लेख गरिएको एकलेसियामा तलका कुराहरू सत्य थिए। आजको एकलेसियामा पनि यी कुराहरूमध्ये कुन-कुन सत्य हुनुपर्छ?

**क.** यरूशलेममा शुरू भयो र पत्रस, योआनेस, पौलस र अरूहरू प्रेरितहरूद्वारा अगुवाइ गरियो।

**ख.** शिक्षा र प्रार्थनाको निम्ति एकसाथ भेला हुन्थे।

**ग.** प्रेरित पौलसले विश्वास गर्नुभन्दा पहिले एकलेसियालाई सताएका थिए।

**घ.** प्रेरित पत्रसले भ्यालखानबाट छुटकारा पाऊन् भनी विश्वासीहरूले प्रार्थना गरे।

**ङ.** खाँचोमा परेकाहरूसँग आफ्ना मालसामानहरू बाँड्नु।

**६** के तपाईं कुनै एकलेसियाको सदस्य हुनुहुन्छ? यदि हुनुहुन्छ भने तलका प्रश्नहरूको जवाफ दिनुहोस्:

**क.** अगुवाहरू र अरू विश्वासीहरूले तपाईंका के-के खाँचोहरूलाई पूरा गर्दैछन्?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**ख.** तपाईंले अरू विश्वासीहरूका के-के खाँचोहरूलाई पूरा गर्दैहुनुहुन्छ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**ग.** तपाईं र अरू विश्वासीहरूको के-के खाँचो पूरा हुनु आवश्यक छ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४. **ग** एक-अर्काको खाँचोमा सेवा पुऱ्याउन।

१. **ख** योआनेस २०:२४-२५। यी पदहरूले देखाउँछन् कि विश्वासीमा पनि शङ्का हुन सम्भव छ। पछि गएर थोमासका शङ्काहरू विश्वासमा परिणत भए (योआनेस २०:२६-२८)।

५. **ख** शिक्षा र प्रार्थनाको निम्ति एकसाथ भेला हुन्थे।
**ङ** खाँचोमा परेकाहरूसँग आफ्ना मालसामानहरू बाँड्नु।

२. **ख** उनलाई परमेश्वरको मार्गको बारेमा स्पष्टरूपमा बताउन।

६. तपाईंको उत्तरः पूरा गर्नुपर्ने खाँचोहरूको सूची के तपाईंले बनाउनुभयो? यस पाठ्यपुस्तकलाई अध्ययन गर्दै जानुहुँदा, तपाईंले पूरा गर्न सक्नुहुने केही खाँचोहरू देख्नलाई परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ।

३. **क** ५)विशेष कार्यको निम्ति मानिसहरूलाई छान्न
**ख** ४)एक-अर्कालाई सान्त्वना र उत्साह दिन
**ग** ३)भौतिक खाँचोहरू पूरा गर्न
**घ** १)एक-अर्काको लागि प्रार्थना गर्न
**ङ** ४)एक-अर्कालाई सान्त्वना र उत्साह दिन
**च** २)परमेश्वरको बारेमा सिक्न


# पाठ ३

# सेवकहरूका निम्ति परमेश्वरको योजना

शुरूको एकलेसियाका विश्वासीहरूले एक-अर्कासँग किन भेट गरे भन्ने कारणहरू अमरले अध्ययन गरे। उनले देखे कि विभिन्न खाँचोहरूले उनीहरूलाई एकैसाथ ल्याएको थियो– शिक्षा, उत्साह, भौतिक सहयोग, अगुवाइ, बलको निम्ति भएको आवश्यकताले। तर एकलेसिया कस्तो हुनुपर्छ भनी अमर अझै जान्न चाहन्थे ताकि यस्ता खाँचोहरू एकलेसियाले पूरा गर्न सकोस्। यसका विभिन्न अङ्गहरूले कसरी एकैसाथ काम गर्नुपर्छ सो पनि उनी जान्न चाहन्थे।

अमरले निरन्तर आफ्नो बाइबल पढ्दैजाँदा उनले एकलेसियाको विभिन्न नमूना वा उदाहरणहरू पत्ता लगाए। उनले अध्ययन गरेको प्रत्येक उदाहरणले एकलेसियाको निम्ति भएको परमेश्वरको उद्देश्य र योजनाको बारेमा बुझ्न सहायता गर्‍यो। उनले यो पनि पत्ता लगाए कि एकलेसियाका विश्वासीहरूमा पनि एक-अर्काको सहायता पुर्‍याउनको निम्ति विभिन्न सेवाहरू छन्। जब एकलेसियाका विश्वासीहरूले आफ्ना वरदानहरू प्रयोग गरे तब आफ्नो निम्ति भएको परमेश्वरको उद्देश्यलाई पूरा गर्न एकलेसिया सक्षम भयो। कति धेरै वरदानहरू दिइएका छन् भन्ने कुरा पत्ता लगाउँदा अमरलाई अचम्म लाग्यो।

एकलेसिया र यसका सदस्यहरूका सेवाको निम्ति भएको परमेश्वरको उद्देश्यको बारेमा अझै तपाईंले पत्ता लगाउनुहुनेछ। यस पाठमा तपाईंले सिक्नुहुने सत्यताले परमेश्वरको उद्देश्यको अङ्ग बन्नलाई र एकलेसियाको निम्ति भएको उहाँको योजनालाई पूरा गर्न तपाईंलाई प्रेरणा मिलेको होस्।



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

एकलेसियाका तीन रूपहरू
कार्यमा शरीर

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुर्‍याउनेछ . . .**

- तीन नमूनाहरू लिएर एकलेसियाको वर्णन गर्न।
- शरीरको शिरको रूपमा ख्रीष्टले के गर्नुहुन्छ सो व्याख्या गर्न।
- शरीरका सदस्यहरूका रूपमा विश्वासीहरूसँग भएका विभिन्न सेवाहरूको सूची बनाउन।

## एकलेसियाका तीन रूपहरू

उद्देश्य १ *तीनओटा नमूनाहरू प्रयोग गरेर एकलेसियालाई वर्णन गर्नुहोस्।*

### एउटै रोटी

नयाँ करार लेखिएको समयमा रोटी भाँच्ने काम घर-घरमा साधारण नै थियो। प्रेरित पौलसले एकलेसियाको एक नमूनाको रूपमा रोटीलाई प्रयोग गरेका छन्, किनभने सबैलाई रोटीको बारेमा थाहा थियो। "हामी सबै एउटै रोटीबाट खान्छौं" (१ कोरिन्थी १०:१७) भनी पौलसले भनेको कुरा उनको समयका विश्वासीहरूले जस्तै हामीले पनि बुझ्न सक्छौं। जब हामी ख्रीष्टसँग एकै हुन्छौं तब संसार वरिपरि भएका मानिसहरूसँग पनि हामी एक हुन्छौं। हामी एउटै रोटी बन्छौं।

हामीहरू धेरै भए तापनि विश्वासीहरूको शरीरको सदस्यहरू एउटै हौं भन्ने विचार कत्ति मूल्यवान् छ। यो शरीर एउटै रोटीजस्तो हो। पीठो, नून र पानी एकैसाथमा मिसिएको कारणले तिनीहरूलाई छुट्टाछुट्टै नदेखे पनि र तिनीहरूलाई छुट्याउन नसके पनि तिनीहरू त्यही रोटीका भागहरू नै हुन्। ख्रीष्टको शरीरमा पनि त्यस्तै नै हुन्छ।



पीठो + नून + पानी = **एउटै रोटी**

रोटीमा राखिएका सबै कुराहरूको आवश्यकता पर्छ र पूरा थोकमा हरेकले केही थपेको हुन्छ। त्यो पनि एकलेसियाजस्तै नै हो। प्रत्येक विश्वासी पूरै भागको अङ्ग बन्छ। प्रत्येक

विश्वासीले भिन्नाभिन्नै कुरा थपेर यसलाई पूर्ण पारिदिन्छ।

**भवन (घर)**

जसरी प्रेरित पौलसले एकलेसियालाई रोटीसँग तुलना गरे, त्यसै गरी अर्को बाइबल लेखकले यसलाई भवनसँग तुलना गरेका छन्। इस्राएलमा घर (भवन) बनाउनको निम्ति ढुङ्गाहरू नै प्रयोग गरिन्थ्यो। हामीलाई घरको बारेमा बताउन चाँहदा पत्रसले ढुङ्गाहरूको विचार गर्नु स्वाभाविक कुरा नै हो। १ पत्रस २ : ४-५ मा उनले भनेका छन् कि हामी जीवित पत्थरका आत्मिक मन्दिर बन्नुपर्छ। याद गर्नुहोस्, त्यहाँ एउटै मात्र घर हुन्छ, तर धेरै ढुङ्गाहरू, त्यसरी नै त्यहाँ धेरै विश्वासीहरू हुन्छन् तर एउटै मात्र एकलेसिया।



हामी १ कोरिन्थी ३ : ६ -मा पनि पढ्छौं कि हामी परमेश्वरका भवन (घर) हौं। हामी परमेश्वरको वासस्थानको ठाउँ बन्छौं। यो सत्य छ कि विश्वासीहरूका रूपमा हामी प्रत्येककहाँ उहाँ जिउनुहुन्छ, तर यो पनि महसूस गर्न महत्त्वपूर्ण छ कि सबै विश्वासीहरू मिलेर आत्मिक घर बन्छ जहाँ परमेश्वर वास गर्नुहुन्छ।

**शरीर**

त्यहाँ एकलेसियाको तेस्रो रूप पनि छ; यसलाई मानव शरीरसँग तुलना गरिएको छ (एफिसी १ : २३; रोमी १२ : ४-५)।

ख्रीष्टको शरीर भनेको ख्रीष्टियानहरू एक ठाउँमा भेला हुनु मात्र होइन। यसका सदस्यहरू एकैसाथ काम गर्ने विभिन्न अङ्गहरूजस्तै हुन्। तिनीहरू एक-अर्काबाट फरक भए पनि उद्देश्य र हृदयमा एकै हुन्छन्। यसैले शरीरले एउटा मात्र सदस्यको विचार व्यक्त गर्दैन। यसले पूर्ण एकाइको रूपमा यसलाई प्रस्तुत गर्छ। एकलेसिया जो ख्रीष्टको शरीर हो, यो काम गर्ने शरीर वा एकैसाथ काम गर्ने शरीर हो।

## तपाईंको अभ्यासको निम्ति

१ एकलेसियालाई भवनसँग तुलना गर्ने बाइबलको प्रत्येक पदको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।
- क. रोमी १२:४-५।
- ख. १ कोरिन्थी ३:६।
- ग. १ कोरिन्थी १०:१७।
- घ. एफिसी १:२३।
- ङ. १ पत्रुस २:४-५।

२ एकलेसियाका तीनओटा रूपहरूले हामीलाई यसको बारेमा विशेष सत्यता सिकाउँछन्। दायाँपट्टि दिइएको रूपसँग बायाँपट्टि दिइएको बयानको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ____ **क.** परमेश्वरको निवासस्थान | १) रोटी |
| ____ **ख.** एकैसाथ काम गर्ने अङ्गहरू | २) भवन (घर) |
| ____ **ग.** एकपन र एकता | ३) शरीर |

## कार्यमा शरीर

उद्देश्य २ *शरीरका शिरको रूपमा ख्रीष्टको कार्य र शरीरका सदस्यहरूका रूपमा विश्वासीहरूका कार्यहरूको बीचमा के फरक छ बताउनुहोस्।*

परमेश्वरका सृष्टिहरूमध्ये एक अचम्मको सृष्टि मानव शरीर हो। कुनै रोग लाग्यो वा दुर्घटना भयो भने यसमा आफैले आफैलाई निको पार्ने शक्ति छ।

ख्रीष्टको शरीर अर्थात् एकलेसियामा पनि यही योग्यता छ। समस्याहरू आउँदा पवित्र आत्माद्वारा यसले आफूले आफैलाई निको पार्न सक्छ। यदि हरेक भाग सक्रिय भएर काम गऱ्यो भने

यो उत्तम प्रकारले सञ्चालन हुन्छ। एकलेसिया पनि पूरै अङ्गहरू समावेश भएको स्वस्थ शरीरजस्तै भएको परमेश्वर चाहनुहुन्छ।

खीष्टको शरीरले कसरी काम गर्छ हामी विचार गरौं।

**ख्रीष्ट शिर हुनुहुन्छ**

ख्रीष्टसँग विश्वासीहरूले एकैसाथ कसरी काम गर्छन् भनी देखाउन बाइबलमा मानव शरीरको उदाहरण प्रयोग गरिएको छ। शिरविनाको मानव शरीर कामै नलाग्ने हुन्छ। शिर धेरै नै महत्त्वपूर्ण हुन्छ। एकलेसियाको शिर येशू ख्रीष्ट हुनुहुन्छ।

मानव शरीरमा शिरले शरीरलाई निर्देशन गर्छ। यसले सबै भागहरूलाई एकैसाथ काम गर्न लगाउँछ। शिरले शरीरका क्रियाकलापहरूलाई अधीन गर्छ। शरीरमा केही कुराको खाँचो पऱ्यो भने, शिरलाई सो थाहा हुन्छ। यसरी नै शरीरका विभिन्न भागहरूलाई निर्देशन दिने काम शिर अर्थात् ख्रीष्टको कार्य नै हो। यसरी नै तिनीहरूले एकैसाथ काम गरेर एक-अर्कालाई सहायता पुऱ्याउन सक्छन्।

कुनै भाइलाई दुःख परेको होला र उसलाई सहायता चाहिएला। शिरको रूपमा ख्रीष्टले बिरामी सदस्यको निम्ति प्रार्थना गर्नू भनी शरीरको अर्को सदस्यलाई भन्नुहुन्छ। बाइबल अध्ययन



दिनको लागि कुनै शिक्षकले तयार गर्दा उनले प्रार्थना गर्छन् र ख्रीष्टले उनलाई अगुवाइ गर्नुहुन्छ। सिकाउनको लागि उनको मनमा विचारहरू आउँछन्। शिरको रूपमा यो ख्रीष्टको कार्य हो।

कहिलेकहीँ ख्रीष्टले हामीलाई निर्देशनहरू दिनुहुन्छ, तर उहाँले भन्नुभएका कुराहरू हामी गर्न चाहँदैनौं। यस्तो भयो भने एकलेसियाको कार्य पूरा हुन सक्दैन। एक गरीब परिवारलाई केही दिनुपर्छ भनी आफ्नो मनमा निश्चय गरेकी एक स्त्री थिइन्। तिनले आज्ञा पालन गर्ने योजना त बनाइन्, तर तिनी आफ्नो घरको काममा अति नै व्यस्त भइन्। तीन दिनपछि मात्र तिनले त्यस घरकी वृद्धा आमालाई केही पैसा दिन सकिन्। ती आमाले आँसु बगाउँदै यसो भनिन्, "धन्यवाद बहिनी, धन्यवाद। हामीहरू तीन दिनदेखि भोकै थियौं र अहिले परमेश्वरले हाम्रा प्रार्थनाहरूको उत्तर दिनुभएको छ।"

शिरको हैसियतले ख्रीष्टले आफ्नो शरीर अर्थात् एकलेसियालाई वरदानहरू दिनुहुन्छ र यसरी एकलेसियाले आफ्नो सबै काम पूरा गर्न सक्छ। येशू स्वर्ग जानुभन्दा पहिले, उहाँले पवित्र आत्माको प्रतिज्ञा गर्नुभयो। पेन्तिकोसको दिनमा पवित्र आत्मा आउनुभयो (प्रेरित १-२)। एकलेसियाको सदस्यहरूका रूपमा हामीहरू प्रत्येकले पवित्र आत्माको वरदान पाएको परमेश्वर चाहनुहुन्छ (प्रेरित २:३८-३९)।

एकलेसियाले आफ्ना शिर ख्रीष्टसँगसँगै काम गर्नुपर्छ र यसरी ख्रीष्टले चाहनुभएको कुरा पूरा हुनेछ। एकलेसियाका विश्वासीहरूका रूपमा जब हामी प्रार्थना गर्छौं, हामीले के गरेको ख्रीष्ट चाहनुहुन्छ सो बुझ्न पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति**

**३** ख्रीष्ट र एकलेसियाको सम्बन्धलाई मानव शिर र शरीरसँग तुलना गरिएको छ र यसले के कुरा देखाउँछ?

**क.** एकलेसिया ख्रीष्टद्वारा निर्देशन गरिएको हुनुपर्छ।

**ख.** शरीरका प्रत्येक अङ्गको कार्य बेग्लाबेग्लै हुन्छ।

**ग.** मानव शरीर शिरविना कामै नलाग्ने हुन्छ।

**विश्वासीहरू शरीर हुन्**

आफ्नो शरीर अर्थात् एकलेसियाद्वारा ख्रीष्टले यस संसारमा आफ्नो काम गरिरहनुभएको छ। परमेश्वरको काम हुन सकोस् भनेर उहाँले शरीरका सदस्यहरूलाई विभिन्न वरदान र सेवाहरू दिनुभएको छ। यी वरदानहरू र सेवाहरूले शरीरलाई पनि बलियो राख्छ र दुष्टताको विरुद्धमा युद्ध गर्न सहायता गर्छ। प्रत्येक सदस्यले पवित्र आत्मामा भरिएर आफूद्वारा ख्रीष्टको जीवनलाई जब बग्न दिन्छ, तब सबै काममा एकलेसियाले बल प्राप्त गर्छ।

अब हामी यी वरदानहरू र सेवाहरूलाई अध्ययन गरौं। हामीले प्रभुको सेवा गर्दा हामीलाई सहायता पुऱ्याउनको लागि ती हतियारहरू हुन्। यी वरदानहरूमध्ये कुनै एफिसी ४:११-मा र अरूहरू रोमी १२:६-८ र १ कोरिन्थी १२:८-१०-मा उल्लेख गरिएका छन्। यी प्रत्येक खण्डहरूलाई पढ्नुहोस् र तल दिइएका व्याख्यालाई ध्यानपूर्वक विचार गर्नुहोस्।

१ नयाँ एकलेसियाहरू शुरू गर्नको निम्ति *प्रेरितहरू* पठाइन्छन्।

२ *अगमवक्ताले* परमेश्वरको वचन बोल्छन्।

३ *प्रचारक* प्रचार गर्दै ठाउँ-ठाउँमा जान्छन्।
४ *गोठालाले* भेड़ाहरूलाई अगुवाइ गरेझैँ पास्टरले एकलेसियालाई अगुवाइ गर्छन्।
५ *शिक्षकले* परमेश्वरको वचनको व्याख्या गर्छन्।
६ *अर्ती दिने व्यक्तिले* मानिसहरूलाई परमेश्वर र उहाँको उद्देश्यको नजीक ल्याउँछन्।
७ *सेवा गर्नु* भनेको छुटकारा र सहयोग गर्नु हो।
८ *बाँड्नु* भनेको सुसमाचार प्रचार गर्नेको निम्ति रुपियाँ, समय वा खूबीहरू दिनु हो।
९ *अधिकार पाएकोले* उसको अधीनमा भएकाहरूलाई बुद्धिमान्साथ शासन गर्छ।
१० *दया देखाउनेले* खाँचोमा सहायता पुऱ्याउँछ।
११ *बुद्धिको ईश्वरीय सन्देशले* सल्लाह वा सहयोगपूर्ण शब्दहरू दिन्छ।
१२ परमेश्वरले *निर्देशन* दिनुभएअनुसार विशेष खाँचोको निम्ति प्रयोग गरिने सूचना वा वास्तविकता ज्ञान हो।
१३ विशेष प्रकारले परमेश्वरमा विश्वास गर्नुलाई *विश्वास* भनिन्छ।
१४ *निको पार्ने शक्ति* बिरामीहरूका निम्ति प्रभावशाली ढङ्गले प्रार्थना गर्न सक्ने योग्यता हो।
१५ *आश्चर्यकर्म गर्न सक्ने शक्ति* भनेको प्राकृतिक नियममाथि विजय हुन सक्ने विशेष योग्यता हो।
१६ परमेश्वरबाटको *अगमवाणिक सन्देशले* अरूहरूलाई वृद्धि गर्छ, सान्त्वना दिन्छ, वा उत्साह दिन्छ।
१७ कुन-कुन आत्माबाट आएका र कुन-कुन आत्माबाट नआएका वरदानहरूका बीचमा *भिन्नता छुट्याउन सक्ने* वरदान। परमेश्वरका आत्माको उपस्थिति छ कि छैन भनी थाहा पाउने।
१८ *अन्य भाषाहरूमा बोल्ने* योग्यता बोल्ने व्यक्तिले

नजानेको भाषामा आत्माद्वारा बोल्ने शक्ति हो।


१६ अन्य भाषामा भनिएका कुरालाई *व्याख्या गर्न सक्ने* योग्यतालाई अन्य भाषाहरूको व्याख्या गर्ने भनिन्छ।

जब यी वरदानहरू विश्वासीहरूका बीचमा सक्रिय हुन्छन् तब शरीर बलियो हुन्छ र यसले आशिष् पाउँछ र यसरी परमेश्वरको कार्य पूरा गरिन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**४** बायाँपट्टि दिइएको आवश्यकतासँग दायाँपट्टि दिइएको वरदान वा सेवाको जोड़ा मिलाउनुहोस्। प्रत्येक खाँचोलाई पूरा गर्न वरदानको सङ्ख्यालाई त्यस खाँचोको अगाड़िपट्टि लेख्नुहोस्।

| | |
|---|---|
| ____ **क**. स. ग्लाई निराश लाग्छ | १) शिक्षा |
| ____ **ख**. कमल अति नै बिरामी छ | २) उत्साह |
| ____ **ग**. रबिनले बाइबल बुझ्न सक्दैन | ३) निको पार्ने शक्ति |
| ____ **घ**. अमरको परिवारलाई कपड़ाको खाँचो छ | ४) दया देखाउनु |
| ____ **ङ**. सरीता आत्मिक वरदानको बारेमा सिक्न चाहन्छिन् | |



**५** बायाँपट्टि दिइएको प्रत्येक क्रियाकलापमा दायाँपट्टि दिइएको कुनचाहिँ व्यक्ति सीधैरूपमा जिम्मेवारी हुन्छ, त्यस व्यक्तिको सङ्ख्या लेख्नुहोस्।

| | |
|---|---|
| ___**क.** शरीरको सदस्यलाई एक-अर्काको निम्ति प्रार्थना गर्न उत्साह दिन्छ | १) शरीरको शिरको रूपमा ख्रीष्ट |
| ___**ख.** परमेश्वरको नजीक आउन अरूहरूलाई उत्साह दिन्छ | २) शरीरको सदस्यको रूपमा विश्वासी |
| ___**ग.** बिशेष अवस्थामा पवित्र आत्मा उपस्थित हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुराको निर्णय गर्छ | |
| ___**घ.** एकलेसियाका सदस्यहरूलाई वरदानहरू र सेवाहरू दिन्छन् | |
| ___**ङ.** शरीरका सदस्यहरूसँग बाँड्नको लागि एक विश्वासीलाई सन्देश दिन्छन् | |



## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

३. **क** एकलेसिया ख्रीष्टद्वारा निर्देशन गरिएकै हुनुपर्छ।

१. **ख** १ कोरिन्थी ३:६
**ङ** १ पत्रस २:४-५

४. **क** २) उत्साह
**ख** ३) निको पार्ने शक्ति
**ग** १) शिक्षा
**घ** ४) दया देखाउनु
**ङ** १) शिक्षा

२ **क** २) भवन (घर)
**ख** ३) शरीर
**ग** १) रोटी

५. **क** १) शरीरको शिरको रूपमा ख्रीष्ट।
**ख** २) शरीरको सदस्यको रूपमा विश्वासी।
**ग** २) शरीरको सदस्यको रूपमा विश्वासी।
**घ** १) शरीरको शिरको रूपमा ख्रीष्ट।
**ङ** १) शरीरको शिरको रूपमा ख्रीष्ट।

# पाठ ४

# म सेवक हुन सक्छु

जब अमरले एकलेसिया र यसका सदस्यहरूलाई परमेश्वरले दिनुभएका विभिन्न सेवाहरूका बारेमा अझ प्रष्टसँग बुझ्न थाले। जब उनी एकलेसियामा हेर्छन्, तब प्रत्येकलाई भिन्नाभिन्नै सेवा दिइएको उनी देख्छन्। कोही-कोहीले वचन बाँड्छन्, अरूहरूले शिक्षा दिन्छन्, अझै अरूहरूले बुद्धि र ज्ञानको सन्देश दिन्छन् र अरूहरूले सेवा र बाँड्चुँड् गर्ने काम गर्छन्। प्रभुमा भएका आफ्ना दाज्यू-भाइ र दिदी-बहिनीहरूलाई आफूले धेरै किसिमका सहायता पुऱ्याउन सकिन्छ भन्ने कुरा अमरले महसूस गरे।

सेवाहरू धेरै किसिमका छन् भनी महसूस गरिसकेपछि आफूले गर्नुपर्ने अरू कुराहरूको बारेमा अमर अझै जान्न चाहन्छन्। परमेश्वरको निम्ति कसरी काम गर्न सकिन्छ, सो उनी जान्न चाहन्छन्। परमेश्वरले उनको निम्ति सेवाको कस्तो वरदान दिन चाहनुहुन्छ सो उनी पत्ता लगाउन चाहन्छन्। परमेश्वरबाट यी वरदानहरू कसरी प्राप्त गर्न सकिन्छ सो उनी जान्न चाहन्छन्।

तपाईंले पनि यस्तै कुराहरूको बारेमा विचार गरिरहनुभएको होला। तपाईंले भर्खरै प्रभुमा विश्वास गर्नुभएको हुनाले तपाईंको लागि केही सेवा छैन भन्ने विचार नगर्नुहोस्। परमेश्वरले अवश्य पनि तपाईंलाई सेवा दिनुहुनेछ। १ कोरिन्थी १२:७-मा हामी यसरी पढ्छौं, "तर सबैको भलाइको लागि त आत्माको प्रकाश हरेकलाई दिइएको छ।" ख्रीष्टको शरीरमा तपाईंको विशेष सेवा के हो सो पत्ता लगाउनमा यस पाठमा उल्लेखित सत्यताले तपाईंलाई सहायता पुऱ्याओस्।



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

सेवकहरूका निम्ति विशेष सहायता
सेवकहरूका निम्ति वरदानहरू
तपाईंको निम्ति वरदान
तपाईंको वरदानको प्राप्ति

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ . . .**

- ख्रीष्टिय सेवकहरूलाई किन परमेश्वरको विशेष सहायता चाहिन्छ सो व्याख्या गर्न सक्न।
- हामीलाई सेवाका वरदानहरू दिनमा परमेश्वरको कार्यको वर्णन गर्न।
- सेवाका वरदानहरू प्राप्त गर्नमा हामीले के गर्नुपर्छ सो बताउन।

## सेवकहरूका निम्ति विशेष सहायता

उद्देश्य १ *ख्रीष्टियान सेवकहरूको विशेष सहायताको मुहानलाई परिचित गराउनु।*

### हाम्रो कार्य ठूलो छ

येशूले मतियोस २८:१९-२०-मा यसो भन्नुभएको छ, "यसैकारण गएर सबै देशका जातिहरूलाई चेला बनाओ . . . जे-जे मैले तिमीहरूलाई आज्ञा गरें, तिनीहरूलाई ती सबै गर्नलाई सिकाओ।"

संसारका प्रायःजसो मानिसहरूले उद्धार पाएका छैनन्। यति धेरै मानिसहरूलाई सुसमाचार सुनाउने जिम्मा ख्रीष्टियान सेवकहरूलाई दिइएको छ। हामीले यसको हेलचक्र्याइँ गर्नुहुँदैन। येशूलाई पछ्याउनेहरूका निम्ति उहाँले यो आज्ञा दिएर जानुभएको छ। यो कार्य महान् छ। यसलाई पूरा गर्नको निम्ति हामीलाई परमेश्वरको विशेष सहायता चाहिन्छ।

### हाम्रो शत्रु छ

परमेश्वरको काम गर्दा हामीले हाम्रो शत्रुको सामना गर्नुपर्छ। हाम्रो शत्रु दियाबलस हो। त्यसले परमेश्वरको काम असफल भएको देख्न चाहन्छ। हामीहरू एकलैले त्यसलाई जित्न सक्दैनौं। यदि ख्रीष्टियान सेवकले हार्‍यो भने परमेश्वरको काममा ठूलो बाधा पर्छ। यसरी दियाबलसले ख्रीष्टियान सेवकलाई हमला गर्छ।

न्यायकर्ता १६ अध्यायमा उल्लेख गरिएको शिमशनको कथा तपाईंलाई याद आउँछ कि? शिमशनको लामो कपाल उनी परमेश्वरको विशेष कामको निम्ति अलग पारिएका व्यक्ति हुन् भनी देखाउने एक चिह्न थियो। तर उनले परमेश्वरको

बोलाहटको वास्ता गरेनन्। उनी सुतेको बेला दलीलाले उनको कपाल काटिदिई। उनी जुरुक्क उठे र पहिलेको जस्तै शत्रुहरूसँग सामना गर्न सकिन्छ भनी विचार गरे।

तर शिमशनको जम्मै बल सिद्धिएको थियो। उनले परमेश्वर-बाटको सहायता नपाएका हुनाले शत्रुहरूले उनलाई जिते।

**हामीसँग परमेश्वरको शक्ति छ**

कार्य महान् र शत्रु बलियो भएको हुनाले, उहाँको निम्ति काम गर्न परमेश्वरले हामीलाई विशेष सहायता दिनुहुन्छ। येशूले आफ्ना चेलाहरूलाई ठूलो काम दिनुभयो (मर्कूस १६:१५), तर यो अर्थात् उहाँको निम्ति गवाही (साक्षी) हुने कामको लागि चाहिने शक्तिको पतिज्ञा उहाँले तिनीहरूलाई दिनुभयो (प्रेरित १:८)। आज पनि हामीले पवित्र आत्माको उही शक्ति पाउन सक्छौं।

संसारले उद्धार पाएको परमेश्वर चाहनुहुन्छ। उहाँले सेवकहरूलाई प्रयोग गर्नुहुन्छ तर तिनीहरूलाई सहायताको खाँचो छ भनी उहाँलाई थाहा छ, यसैले तिनीहरूलाई सहायता पुऱ्याउनको निम्ति उहाँले पवित्र आत्मा दिनुहुन्छ। परमेश्वरले हामीलाई शक्ति दिनुहुन्छ र उहाँको शक्तिको प्रयोग गरी हामी उहाँको कार्य गर्छौं।

**तपाईंको अभ्यासको निम्ति**

१ परमेश्वरको काम गर्नको लागि उहाँले हामीलाई आफ्नो शक्ति दिनुहुन्छ भन्ने कुरा हामी कहाँ पढ्छौं?

**क.** मतियोस २८:१६

**ख.** मर्कूस १६:१५

**ग.** प्रेरित १:८

**२** ख्रीष्टियान सेवकहरूको विशेष सहायताको मुहान के हो?

**क.** उसले पवित्र आत्माबाट प्राप्त गरेको शक्ति।

**ख.** प्रभुको सेवा गर्नलाई उसमा भएको गहिरो इच्छा।

**ग.** कार्य जसको निम्ति ऊ अलग गरिएको छ।

## सेवकहरूका निम्ति वरदानहरू

उद्देश्य २ *परमेश्वरको निम्ति काम गर्नलाई बोलाउँदा उहाँले प्रयोग गर्ने तरीकाहरूको सूची बनाउनुहोस्।*

परमेश्वरले सबै कुरा जान्नुहुन्छ। गरिनुपर्ने काम र काम गर्ने दुवैलाई उहाँले देख्नुहुन्छ। उहाँले आफ्नो बुद्धिअनुसार ठीक व्यक्तिलाई ठीक ठाउँको निम्ति छान्नुहुन्छ। यसरी उहाँको निम्ति काम गर्नलाई उहाँले हामीलाई बोलाउनुहुन्छ।

कहिलेकहीँ बाइबल पढ्दापढ्दै हामीलाई बोलाहट आउँछ। पवित्र आत्माले परमेश्वरको प्रेरणाको वचनलाई लिन सक्नुहुन्छ र सो हाम्रो लागि परमेश्वरको आवाज बन्छ। यही नै हाम्रा हृदयहरूमा सेवाको निम्ति बोलाहट बन्छ।



अथवा हामीले प्रार्थना गर्दा परमेश्वरले हाम्रा हृदयहरूमा विशेष बोझ राखिदिन सक्नुहुन्छ। सुसमाचारको खाँचो भएको ठाउँप्रति हाम्रो इच्छा जान सक्छ। हामीले त्यस ठाउँमा सुसमाचार

पुऱ्याउनको निम्ति सहायता गर्दा, त्यस ठाउँमा हामी सेवकहरू भएको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा हामी हाम्रा हृदयहरूमा महसूस गर्न सक्छौं।

प्रभुलाई खोज्दा पनि विश्वासीहरूमा बोलाहट आउन सक्छ। प्रेरित १३:२-मा हामी यसरी पढ्छौं, पवित्र आत्माले एन्टिओखियाको एकलेसियालाई भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि छुट्याओ, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।"



उही नै काम गर्नको निम्ति परमेश्वरले सबै जनालाई बोलाउनुहुन्न। उदाहरणको लागि एक व्यापारीले प्रचार गर्ने वा सिकाउने काम गर्दैन होला। तर उसले परमेश्वरलाई प्रेम गर्छ र उहाँको काम गर्न चाहन्छ। उसले आफ्नो व्यापार जसरी गर्छ त्यसमा नै ख्रीष्टको निम्ति गवाही हुनलाई परमेश्वरले उसलाई बोलाउनुहुन्छ। एक स्त्री घरमै बसेर आफ्नो घरको धन्दा गर्छिन् होला। तिनको घर र समाजमा भक्त स्त्री भएर रहन वचनको सेवा र शिक्षा दिनेहरूका निम्ति प्रार्थना गर्न र आफ्ना छिमेकीहरू र आफूले भेटेका साथीहरूलाई साक्षी दिन बोलाउनुहुन्छ।

परमेश्वरको बोलाहट नपाएको कोही पनि व्यक्ति हुँदैन। जसरी मानिसहरू एक-अर्काबाट फरक हुन्छन्, त्यसै गरी बोलाहट पनि धेरै किसिमका हुन्छन्। ख्रीष्टियान सेवकको रूपमा परमेश्वरलाई तपाईंको खाँचो छ। तपाईंको हृदयमा आत्मा बोल्नुभएको तपाईंले अनुभव गर्नुहुँदा खूबै ध्यान दिनुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**३** परमेश्वरले आफ्नो कामको निम्ति मानिसहरूलाई कसरी बोलाउनुहुन्छ भनी यदि कसैले तपाईंलाई प्रश्न सोध्यो। आफ्नो साथीलाई भन्ने उत्तरहरूलाई आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस्।

## परमेश्वरले प्रयोग गर्नुहुन्छ

उद्देश्य ३ *परमेश्वरले आफ्नो काम गर्नको निम्ति सेवकहरूलाई कसरी प्रयोग गर्नुहुन्छ सो देखाउने बयानहरूलाई परिचित गर्नु।*

परमेश्वरले आफ्ना सेवकहरूलाई सेवा दिनुहुने भएको हुनाले परमेश्वरको बोलाहट पाएको मानिसले त्यस बोलाहटको आज्ञापालन गर्न सक्छ। पाठ ३-मा हामीले यी वरदानहरूका बारेमा अध्ययन गर्‍यौं।

पेन्तिकोसको दिनमा पवित्र आत्माको वरदान दिइएको थियो। त्यो पहिलो वरदान थियो। हामीले धेरै कुराहरू गर्न सक्छौं होला तर आत्मिक काम गर्नको निम्ति हामीलाई पवित्र आत्माको सहायता चाहिन्छ।

वरदान भनेको हामी आफैले आफ्नो प्रयासद्वारा कमाउन सकिने कुरा होइन। कोही व्यक्तिलाई खाँचो परेको हुनाले त्यो



वरदान उसलाई दिइन्छ। ख्रीष्टियान सेवकहरूलाई वरदानको खाँचो परेको हुनाले नै परमेश्वरले तिनीहरूलाई वरदानहरू दिनुहुन्छ। एफिसी ४:७-मा हामी यसरी पढ्छौं, "हामीहरू-मध्ये हरेकलाई ख्रीष्टको वरदानको नापअनुसार अनुग्रह दिइएको छ।"

### तपाईंको अभ्यासको निम्ति

४ परमेश्वरले आफ्नो कामको निम्ति आफ्ना सेवकहरूलाई कसरी प्रयोग गर्नुहुन्छ।

**क**. तिनीहरूका हृदयहरूमा बोझ राखिदिएर
**ख**. उहाँको निम्ति काम गर्न तिनीहरूलाई बोलाएर
**ग**. आवश्यक परेका सेवाको वरदानहरू तिनीहरूलाई दिएर

## तपाईंको निम्ति वरदान

उद्देश्य ४ *विश्वासीमा भएका वरदानहरू र परमेश्वरको बीचमा भएको सम्बन्धको वर्णन गर्नु।*

### हाम्रा वरदानहरूलाई परमेश्वरले चुन्नुहुन्छ

परमेश्वरले ठीक कामको निम्ति ठीक व्यक्तिलाई चुन्नुहुन्छ भन्ने कुरा हामीले पहिले नै भनिसक्यौं। यसले मलाई तीन कुराहरू बताउँछः

१ मैले के काम गर्नुपर्ने हो सो परमेश्वरलाई थाहा छ।
२ मलाई कुन-कुन वरदानहरू चाहिन्छ सो परमेश्वरलाई थाहा छ।
३ परमेश्वरले ती वरदानहरू मलाई दिनुहुनेछ।

उदाहरणको लागि तपाईंको शहरको कुनै एकलेसियामा पास्टर चाहिएको छ। परमेश्वरलाई यो खाँचो थाहा छ। नजीकको अर्को शहरमा अमर नाम गरेका व्यक्तिले कस्तो किसिमको प्रभुको सेवा गर्ने हो भन्ने विषयमा प्रार्थना गरिरहेका छन्। उनलाई त्यस एकलेसियाको खाँचो थाहा छ र त्यस एकलेसियामा पास्टरको सेवा गर्ने इच्छा पनि उनमा छ। पास्टरको काम गर्नलाई परमेश्वरले अमरलाई कसरी सहायता गर्नुहुन्छ त? उनलाई खाँचो परेका सेवाका वरदानहरू परमेश्वरले उनलाई दिनुहुन्छ, तर आफ्नो कामको तयारी गर्न र आफ्ना वरदानहरूको विकास गर्नलाई आफूले गर्न सक्ने सबै काम गर्नुपर्छ। तयारीको लागि कुनै बाइबल स्कूलमा गएर तालीम प्राप्त गर्न सक्छन् वा चिट्ठी पत्रद्वारा पनि बाइबल अध्ययन गर्न सक्छन्।

हाम्रो लागि पनि यस्तै नै हो। परमेश्वरले उहाँको निम्ति काम गर्न हामीलाई बोलाउनुहुन्छ र हामीलाई चाहिने वरदानहरू छानिदिनुहुन्छ। वरदानहरू काम र कामदारहरूका लागि उपयुक्त हुन्छन्। हाम्रो काममा कुन-कुन वरदानहरू महत्त्वपूर्ण हुन्छन् भन्ने कुरा परमेश्वरलाई थाहा छ। हामीलाई कुन-कुन वरदानहरू चाहिन्छ भन्ने कुरा उहाँलाई थाहा छ। हामीले भन्दा उहाँले अझै असल चुन्नुहुन्छ र ठीक छनाइको निम्ति हामी उहाँमाथि भरोसा राख्न सक्छौं। उहाँले हामीलाई जुन काम गर्नको निम्ति बोलाउनुभएको छ, त्यही काम गर्नको लागि नै आवश्यक वरदानहरू उहाँले हामीलाई दिनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** तलको वाक्यलाई पूरा गर्नुहोस्।
मैले के काम गर्नुपर्ने हो सो परमेश्वरलाई थाहा भएको हुनाले. . . . . . . . . . . . . . . . . . . . . . दिनुहुन्छ।

**परमेश्वरले हाम्रा वरदानहरू प्रयोग गर्नुहुन्छ**

परमेश्वरको सेवा गर्नको लागि उहाँले हामीलाई विशेष योग्यताहरू दिनुहुन्छ। उहाँले यी योग्यताहरूलाई प्रयोग गर्नुहुन्छ। हामीले परमेश्वरमा समर्पण गरेका जुनसुकै खूबी वा योग्यतालाई उहाँले प्रयोग गर्नुहुन्छ। उदाहरणको लागि चित्र बनाउने कुनै एक व्यक्तिले ख्रीष्टलाई ग्रहण गऱ्यो। यदि यस मानिसले आफ्नो खूबी परमेश्वरलाई दियो भने एकलेसियामा आशिष् ल्याउनको निम्ति परमेश्वरले यसलाई प्रयोग गर्न सक्नुहुन्छ। एकलेसिया घरमा झुण्डाउनको लागि उसले चित्र बनाउन सक्छ। बाल-सङ्गतिमा पाठहरू सिकाउनलाई चित्रहरू कोरेर उसले सहायता गर्न सक्छ। यसरी उसमा भएको खूबी एकलेसियाका वरदान बन्न सक्छ।




तपाईंका वरदानहरू वा खूबीहरू जेजस्तै भए पनि परमेश्वरले तिनीहरूलाई प्रयोग गर्न सक्नुहुन्छ। रोमी १६:१-२-मा एकलेसियाकी सेविका फोबीको बारेमा हामी पढ्छौं। तिनले के गरिन् भन्ने कुरा हामीलाई थाहा छैन। तर परमेश्वरले तिनको जीवनलाई अवश्य नै प्रयोग गर्नुभएको थियो, किनभने प्रेरित पौलसले पनि भनेका छन्, "तिनी आफै धेरै जनाका र मेरो आफ्नैसमेत उपकारी भएकी छिन् (रोमी १.६:२)। ख्रीष्टियान सेवकमा जस्तोसुकै वरदान भए पनि परमेश्वरले एकलेसियामा आशिष् पुऱ्याउनको लागि त्यस वरदानलाई प्रयोग गर्नुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**६** प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** परमेश्वरको निम्ति के काम गरिनुपर्छ भनी हामीलाई थाहा भएको हुनाले हामीलाई चाहिने वरदानहरूलाई हामी आफै छान्न सक्छौं।

**ख.** कुन कामको निम्ति हामीलाई बोलाउनुपर्ने हो सो कुरा परमेश्वरले निर्णय गर्नुहुनेभएको हुनाले, हामीलाई कुन वरदान दिनुपर्ने हो परमेश्वरले छान्नुहुन्छ।

**ग.** परमेश्वरले जुन कामको निम्ति विश्वासीहरूलाई बोलाउनुभएको छ सो काम गर्न चाहिने वरदानहरू उहाँले दिनुहुन्छ।

**घ.** परमेश्वरको सेवा गर्न उहाँले हामीलाई वरदानहरू दिनुहुने हुनाले, हामीले आफूलाई तयारी पार्नु आवश्यक छैन।

## तपाईंको वरदानको प्राप्ति

उद्देश्य ५ *परमेश्वरबाट वरदानहरू पाउनको निम्ति एक व्यक्तिले अपनाउनुपर्ने कदमहरूको सूची बनाउनुहोस्।*

हामी आफैले जीवित बलिदानको रूपमा परमेश्वरमा अर्पण गर्नु हाम्रो आराधनाको एक भाग हो भनी पौलसले रोमका ख्रीष्टियानहरूलाई लेखेका छन् (रोमी १२:१)। पुरानो करारमा बलिदानिक भेटीहरू वा पशुलाई विशेष कार्यको निम्ति अलग पारिएको हुन्थ्यो। यस्तै किसिमले परमेश्वरको सेवामा ख्रीष्टियानले पनि आफैलाई पूर्णरूपले समर्पण गर्छ। परमेश्वरबाट वरदानहरू पाउनुभन्दा पहिले नै तपाईंले आफूलाई उहाँमा समर्पण गर्नुपर्छ। परमेश्वरको निम्ति तपाईंले गर्नुभएको काम सबैभन्दा

महत्त्वपूर्ण हो भनी तपाईंले याद गर्नैपर्छ।

तपाईंले नयाँ करार अध्ययन गर्नुहुँदा वरदानहरूको बारेमा विचार गर्नु पनि आवश्यक छ। ती वरदानहरू कसरी प्रयोग भएका थिए र तिनीहरूले शरीरलाई कसरी निर्माण गरेका थिए, त्यस विषयमा परिचित हुन आवश्यक छ। तपाईंको एकलेसियामा प्रयोग भएका वरदानहरूलाई याद गर्नुहोस्। ख्रीष्टियान सेवकको रूपमा यी वरदानहरूले तपाईंलाई कसरी सहायता पुऱ्याउन सक्छन् त्यस विषयमा विचार गर्नुहोस्।

तपाईंले वरदानहरू पाउन चाहने कारण पनि महत्त्वपूर्ण छ। कुनै पनि वरदान व्यक्तिलाई ठूलो बनाउनलाई दिइएको हुँदैन। एकलेसियामा भएका मानिसहरूले तपाईंलाई आत्मिक भनी विचार गरून् भनेर वरदानहरूको चाहना गर्नु गल्ती हो। तपाईंको कामको बारेमा प्रार्थना गर्नुहोस्। अरूहरूलाई सेवा गर्न र सहायता पुऱ्याउनको लागि तपाईंलाई शक्ति दिने वरदानहरूको इच्छा गर्नुहोस्। जुन वरदानप्रति तपाईं खिचिनुभएको छ त्यही वरदानबाट शुरू गर्नुहोस्। पवित्र आत्माले तपाईंको मनमा याद दिलाउने वरदानहरूका बारेमा विचार गर्नुहोस्। वरदान परमेश्वरले नै दिनुहुन्छ भन्ने सत्यतालाई नभुल्नुहोस् (१ कोरिन्थी १२:२८; एफिसी ४:११)। वरदानहरूका निम्ति इच्छा र प्रार्थना गर्नुहोस् तर छान्ने कामचाहिँ परमेश्वरलाई नै छोड़िदिनुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

७ मानिलिऔं, प्रभुबाट सेवाका वरदानहरू प्राप्त गर्नलाई के गर्नुपर्छ भनी तपाईंका मित्रले तपाईंलाई सोधे। उनले गर्न सक्ने तीन कुराहरूलाई तपाईंको आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४. **ग** आवश्यक परेका सेवाका वरदानहरू तिनीहरूलाई दिएर।

१. **ग** प्रेरित १:८

५. तपाईंको उत्तरमा यो विचार व्यक्त भएको हुनुपर्छ, 'मैले के काम गर्नुपर्ने हो सो परमेश्वरलाई थाहा भएको हुनाले त्यो काम गर्नलाई उहाँले मलाई वरदानहरू दिनुहुन्छ।

२. **क** उसले पवित्र आत्माबाट प्राप्त गरेको शक्ति।

६. **क** बेठीक; **ख** ठीक; **ग** ठीक; **घ** बेठीक

३. तपाईंको उत्तरमा यी विचारहरू समावेश भएकै हुनुपर्छ (कुनै पनि क्रममा); परमेश्वरको वचनद्वारा; हामीले प्रार्थना गर्दा हाम्रो हृदयमा राखिएको बोझद्वारा; र हाम्रा हृदयहरूमा पवित्र आत्माको बोलीद्वारा।

७. तपाईंको उत्तरमा यी विचारहरू समावेश भएकै हुनुपर्छ (कुनै पनि क्रममा) आफूलाई पूरारूपले परमेश्वरमा अर्पण गर्नुहोस्; वरदानहरूको अध्ययन गर्नुहोस् र तिनीहरू कसरी प्रयोग भएका छन् विचार गर्नुहोस्। वरदानहरूका लागि इच्छा गर्नुहोस् र ती प्राप्त गर्नको लागि प्रार्थना गर्नुहोस्।

# तपाईंको बुँदा टिपोटको लागि

पाठ ५

# सेवक हुनु

अमरले आनन्द मनाइरहेका छन्। उनी प्रभुको लागि सेवक हुन सक्छन् भन्ने कुरा उनले पत्ता लगाइराखेका छन्। उनले आफ्नो बाइबल अध्ययन गर्दै प्रार्थनामा समय बिताएर प्रभुलाई खोजिरहँदा, उनले अरूहरूलाई कसरी सहायता पुऱ्याउन सक्छन् भन्ने कुरा पवित्र आत्माले देखाइरहनुभएको छ।

बिरामी मानिसको घरमा गएर प्रार्थना गर्नको लागि उनलाई बिन्ती गरियो।उनले प्रार्थना गर्दा पवित्र आत्माको विशेष अभिषेक र उपस्थितिको महसूस गरे। त्यसको एक हप्तापछि उनले ज्वरो आएको बालकको लागि प्रार्थना गरिदिए। त्यस बालक निको भयो। एक आइतबार नजीकैको शहरमा प्रत्येक हप्ता प्रचार गर्न जाने विश्वासीसँग उनी पनि गए। भजन गाउनमा र परमेश्वरले तिनीहरूका निम्ति के गर्नुभएको छ सो एक-अर्कासँग बाँड्नमा उनले विश्वासीहरूलाई अगुवाइ गरे उनले केटाहरूको कक्षालाई पनि पढ़ाए।

परमेश्वरले आफ्नो कामको निम्ति हरेक व्यक्तिलाई कसरी वरदानहरू दिनुहुन्छ भनी विचार गर्दा अमरलाई बढ़ो आनन्द लाग्छ। सेवक हुन सकिन्छ भन्ने कुरा अमरले सिकिसकेका छन्। कस्तो किसिमको सेवक हुनुपर्ने हो र वरदानहरूलाई कसरी विकास गर्नुपर्ने हो त्यस विषयमा उनी अझै जान्न चाहन्छन्।



हुन सक्छ, तपाईं पनि यी कुराहरूका बारेमा अझै जान्न चाहनुहुन्छ। ख्रीष्टियान सेवक हुनु भन्ने बारेमा बाइबलले के बताउँछ सो कुरा तपाईंले यस पाठमा देख्नुहुनेछ। तपाईंको सेवाका वरदानहरूलाई कसरी विकास गर्न सकिन्छ भन्ने बारेमा पनि तपाईंले धेरै कुरा सिक्नुहुनेछ।

**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

ख्रीष्टको उदाहरण अपनाउनु
तपाईंका वरदानहरूको विकास गर्नु

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ . . .**

- ख्रीष्टियान सेवकमा हुनुपर्ने योग्यताहरूको वर्णन गर्न।
- तपाईंको सेवामा वरदानहरूलाई विकास गर्न सहायता पुऱ्याउने विभिन्न कुराहरूको नाम दिन।
- परमेश्वरले आफ्नो सेवकको रूपमा प्रयोग गर्न सक्ने व्यक्ति हुने निर्णय गर्न।

## ख्रीष्टको उदाहरण अपनाउनु

उद्देश्य १ *बाइबलका पदहरूमा उल्लेख गरिएका उदाहरणहरूसँग ख्रीष्टियान सेवकमा हुनुपर्ने गुणहरूको जोड़ा मिलाउनुहोस्।*

### दास हुनुहोस्

मानिसहरूका बीचमा रहँदा येशू कस्तो खालको व्यक्ति हुनुहुन्थ्यो? मानिसहरू र तिनीहरूका खाँचोहरूको वास्ता गर्ने व्यक्ति उहाँ हुनुहुन्थ्यो भनी बाइबलले हामीलाई बताउँछ। उहाँ निस्वार्थी मानिस हुनुहुन्थ्यो।

बप्तिस्मा-दिने योआनेसको मृत्यु भयो भनी सुनेपछि येशू दुःखित हुनुभयो भन्ने कुरा मतियोस १४:१३-१४-मा उल्लेख गरिएको छ। येशू एकलै हुन चाहनुहुन्थ्यो तर मानिसहरू उहाँका पछिपछि लागे। तिनीहरूले उहाँलाई भेटाउँदा के उहाँले तिनीहरूलाई गाली गर्नुभयो? गाली गर्नुभएन। तिनीहरूलाई देख्दा उहाँलाई दया लाग्यो, यसैले उहाँ तिनीहरूकहाँ जानुभयो र बिरामीहरूलाई निको पार्नुभयो। उहाँ निराश र थकित हुनुभएको भए तापनि उहाँले आफ्ना पिताको इच्छालाई पूरा गर्नुभयो। यसै गरी ख्रीष्टियान सेवकले पनि सधैँभरि आफूलाई मन लागेको जस्तो गरी काम गर्न सक्दैन। ऊ प्रभुको दास हो। दासले आफ्नो मालिकले अह्राएबमोजिम गर्छ।

येशूले चेलाहरूलाई खुट्टा धोएर तिनीहरूको सेवा गर्नुभयो भन्ने कुरा हामी योआनेस १३:१-१७-मा पढ्छौं। येशूले तिनीहरूका खुट्टा धोएपछि भन्नुभयो, "यदि मैले प्रभु र गुरु भईकन तिमीहरूका खुट्टा धोएको छु भने, तिमीहरूले पनि एक-अर्काको खुट्टा धुनुपर्छ" (पद १४)। सफलदायक ख्रीष्टियान सेवकहरू हुनलाई हामीहरू ख्रीष्टजस्तो हुनुपर्छ, जसरी लेखिएको छ, "मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको उद्धारको निम्ति आफ्नो प्राण दिनलाई आयो" (मतियोस २०:२८)।

### तपाईंको अभ्यासको निम्ति

**१** योआनेस १३:१-७ पढ्नुहोस्। पद १६-मा येशूले आफ्ना चेलाहरूलाई कुन पाठ सिकाउन लाग्नुभएको थियो, तपाईंको आफ्नो अभ्यासपुस्तिकामा एक वा दुइ वाक्यहरू लेख्नुहोस्।

**आत्माको फल भएको हुनुहोस्**

हामीले ख्रीष्टको उदाहरण पछ्याउँदा, हाम्रो जीवनमा उहाँका गुणहरू देखिन्छन्। बाइबलले यी गुणहरूलाई 'फल' भनी सम्बोधन गरेको छ। पवित्र आत्माले भरिएको व्यक्तिले आफ्नो जीवनमा आत्माको फल प्रदर्शन गर्ने ठूलो जिम्मेवारी पाएको हुन्छ।

परमेश्वरले हामीलाई सेवाका वरदानहरू मात्र दिनुहुन्न, तर सेवा गर्ने व्यक्ति हुनको लागि उहाँले हामीलाई आत्मासंयमको शक्ति दिनुहुन्छ। मानिसहरूले हाम्रा वरदानहरूबाट सहायता पाउन सक्छन्, तर हाम्रो जीवनले चाहिँ तिनीहरूलाई बाधा दिइरहेको हुन सक्छ। हाम्रो घमण्ड वा हामीलाई कसैको पनि सहायता चाँहिदैन भन्नेजस्ता विचारले अरूहरूलाई सेवा पुऱ्याउनबाट रोक्छ।



यस अध्ययनको निम्ति हामी रोमी १२:९-२१-मा पाइएका आत्माको फलको सूचीलाई विचार गर्नेछौं। प्रभुको निम्ति अझै काम गर्न तपाईंलाई सहायता पुऱ्याउनको लागि नै यो खण्डलाई छानिएको छ। सेवा गर्ने व्यक्ति कस्तो हुनुपर्छ भनी यसले देखाउँछ। यो हाम्रो निम्ति एक सूची हो। यस सूचीमा प्रयोग भएका शब्दहरूले हामीलाई बाइबलको सन्देशको अर्थ बुझ्न सहायता पुऱ्याउँछन्। सूचीलाई अध्ययन गरी, तपाईंको आफ्नै जीवनको लागि प्रार्थना गरेर र पवित्र आत्माको सहायताको निम्ति बिन्ती गरेर सेवकको रूपमा तपाईं आफैले आफैलाई सहायता पुऱ्याउन सक्नुहुन्छ। यदि तपाईंको जीवन सिद्ध छैन भने पनि निराश नहुनुहोस्। कुनै पनि सेवक सिद्ध छैन, तर खीष्टलाई प्रेम र सेवा गरेर हामी उहाँजस्तो बन्न सक्छौं।

खीष्टियान सेवकले गर्नैपर्छ . . .

—ईमानदार कुरालाई प्रेम।
—गल्ती कुरालाई घृणा।
—असल कुरामा लागिरहनु।
—अरू विश्वासीहरूलाई प्रेम।
—सम्मान र आदर देखाउनु।
—अल्छी नहुनु।
—आत्मामा जोशिलो हुनु।
—प्रभुको सेवा गर्नु।
—आनन्दित हुनु।
—सङ्कष्टमा धीरजी हुनु।
—सधैं प्रार्थना गर्नु।
—आफूसँग भएको कुरा बाँड्नु।
—खाँचोमा परेकाहरूलाई आफ्नो घर खोल्नु।
—विश्वासीहरूलाई सतावट दिनेहरूलाई आशिष् दिनु।
—रुनेहरूसँग रुनु।



–सबैको निम्ति एउटै वास्ता राख्नु।
–घमण्डी नहुनु।
–नम्र भएकाहरूलाई स्वीकार गर्नु।
–आफ्नै बारेमा मात्र धेरै विचार नगर्नु।
–खराबको बदला खराब नगर्नु।
–सबै मानिसहरूका अगाड़ि ठीक काम गर्ने कोशिश गर्नु।
–हरेकसँग मिलापमा जिउने कोशिश गर्नु।
–आफ्नो शत्रुलाई खुवाउनु।
–तिर्खाएको शत्रुलाई पानी पिउन दिनु।
–खराबलाई भलाइले जित्नु।

सबै विश्वासीहरूले येशूको उदाहरण पछ्याए भने त्यो कस्तो खालको एकलेसिया हुन्छ होला!

---

**तपाईंको अभ्यासको निम्ति**

**२** तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस्। दायाँपट्टि दिइएको गुणको उत्तम उदाहरणसँग बायाँपट्टि दिइएको बाइबल पदको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ____**क.** योआनेस ११:३२-३६ | १) सङ्कष्टमा धीरजी हुनु |
| ____**ख.** प्रेरित १६:२२-२५ | २) आफूसँग भएको बाँड्नु |
| ____**ग.** फिलिप्पी ४:१४-१६ | ३) रुनेहरूसँग रुनु |
| ____**घ.** प्रकाश १:९ | |

**३** के तपाईंले भर्खरै पढ्नुभएको सूचीमा उल्लेखित गुणहरू तपाईंको जीवनमा छन्? जुन-जुन तपाईंमा छन्, त्यसको मुनि धर्को तान्नुहोस्।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

## तपाईंका वरदानहरूको विकास गर्नुहोस्

उद्देश्य २ *आफ्ना वरदानहरू विकास गरिरहेका मानिसहरूका उदाहरणहरूलाई जान्नुहोस्।*

परमेश्वरले हामीलाई दिनुहुने हरेक वरदानको बारेमा हामीले ठीक किसिमले सधैंभरि जान्न सक्दैनौं होला, तर परमेश्वरको अगुवाइको चाहिँ अनुभव गरेका हुन्छौं। हाम्रा वरदानहरू हाम्रा निम्ति ठीक छन् भन्ने कुरा हामीलाई थाहा छ। आफूले राम्रोसँग गर्न सक्छु भनी जानेपछि कुनै पनि व्यक्तिले सो काम राम्रोसँग गर्छ। हाम्रा स्वाभाविक खूबीहरूभन्दा भिन्दै वरदान परमेश्वरले हामीलाई दिन सक्नुहुन्छ भन्ने सत्यतालाई नभुल्नुहोस्। हाम्रो निम्ति कस्ता किसिमका सेवाहरू सम्भव छन् त?



### तपाईंका वरदानहरू पत्ता लगाउनुहोस्

पवित्र आत्माले काँतर व्यक्तिहरूलाई पनि साहसी बनाउन सक्नुहुन्छ। तपाईंको जीवन र खूबीहरूलाई परमेश्वरको निम्ति प्रयोग गर्नुहोस् र एकलेसियामा सेवा पुऱ्याउँदा तपाईंले आनन्द मनाउनुहुनेछ। नयाँ किसिमका कामहरू गर्ने कोशिश गर्दा

नडराउनुहोस्। विशेष गरी परमेश्वरले तपाईंलाई उत्कट इच्छा दिनुभएका कामहरू। नयाँ कुराहरू गर्नमा आफूलाई जबरजस्ती नगर्नुहोस् र विशेष कामको निम्ति पवित्र आत्माको निर्देशनलाई स्थान दिनुहोस्।

तपाईंले एकलेसियाको अगुवा वा एल्डरबाट यस्तो वचन पाउनुहुन्छ जसले तपाईंको सेवा के हो भन्ने बारेमा बुझ्न तपाईं-लाई सहायता पुऱ्याउँछ। अगुवा भएर प्रभुको सेवा गर्नेहरूले कति पल्ट अरूहरूमा भएका सेवाका वरदानहरूलाई थाहा पाउन सक्छन्।




प्रभुको सेवा गर्दा चाहे तपाईंले पक्का वरदान पाउनुभएको होस् वा चाहे तपाईंलाई पवित्र आत्माले सेवाको प्रेरणा दिनुभएको होस्, तपाईंको सेवा छ भन्ने कुरामा निश्चित हुनुहोस्। त्यो सेवा प्रयोग गर्नमा तपाईंलाई सहायता उपलब्ध छ भन्ने कुरामा पनि निश्चित हुनुहोस्।

### तपाईंको अभ्यासको निम्ति

४ तपाईंका वरदानहरू पत्ता लगाउँदा तपाईंले के गर्नुपर्छ?

**क.** तपाईंले अगाडि नै जानिसकेका कामहरूमा ध्यान दिनु।

**ख.** तपाईंले पहिले कहिल्यै नगरेका कामहरू गर्ने कोशिश गर्नु।

**ग.** आत्माले तपाईंलाई निर्देशन दिनुभएअनुसार काम गर्ने कोशिश गर्नु।

### तपाईंका वरदानहरूका निम्ति धन्यवादी हुनु

तपाईंको सेवा तपाईंलाई परमेश्वरको वरदान हो। सधैं यसको आदर गर्नुहोस्। यसको अर्थ तपाईं घमण्डी हुनुपर्छ भन्ने होइन। घमण्डी हुनु भनेको तपाईंले आफ्नो बारेमा ठूलो हुँ भनी विचार गर्नु हो। तपाईंका वरदानलाई आदर गर्नु भनेको यी वरदान परमेश्वरले तपाईंलाई दिनुभयो र यसको निम्ति परमेश्वरलाई महिमा दिनुपर्छ भनी तपाईंले महसूस गर्नु हो।

एकलेसियामा काम गर्ने मानिसहरूले तिनीहरूका सहकर्मीहरूबाट प्रशंसा पाउँछन्। प्रशंसा पाउँदा हरेक व्यक्ति खुशी हुन्छ। हामी सबैलाई प्रशंसा मन पर्छ। तर शैतानले यसद्वारा हामीलाई हराउने कोशिश गर्छ। हामीले हाम्रो सेवाको निम्ति महिमा लिनुहुँदैन। सेवा हामीलाई परमेश्वरको वरदान हो। हामी वरदानहरूलाई आदर गर्छौं, तर हामीसँग वरदान छ भनेर हामी आफैलाई प्रशंसा गर्दैनौं। हामीसँग भएका सबै कुराहरू परमेश्वरले नै हामीलाई दिनुभएको हो भनी हामीले याद गर्नुपर्छ (१ कोरिन्थी ४:७)।

### तपाईंको वरदानलाई प्रयोग गर्नुहोस्

हाम्रो वरदानलाई प्रर्दशन गर्नमा हामीमा जस्तो विश्वास छ सो हामीले प्रयोग गर्नैपर्छ भन्ने कुरा हामी रोमी १२:६-मा पढ्न

सक्छौं। यदि त्यो वरदान परमेश्वरबाट सन्देश बोल्ने हो भने सो हामीले गर्नैपर्छ। हाम्रो सेवा वा वरदान पत्ता लगाई त्यसलाई प्रयोग गर्ने अर्ती हामीलाई दिइएको छ।

हामीले हाम्रो सेवा पत्ता लगाइसकेपछि यसलाई दुइ किसिमले विकास गर्न सक्छौं भन्ने कुरा हामीले हेरिसकेका छौं। हामीले हाम्रो विश्वासको अभ्यास गर्छौं र हामी अध्ययन गर्छौं। हामी के अध्ययन गर्छौं त? आफ्नो वरदानको बारेमा विचार गर्नुहोस्। यदि तपाईं परमेश्वरको वचनको सेवक हुनुहुन्छ भने, तपाईंको पहिलो जिम्मेवार यसले के भन्छ सो जान्नु हो। यस वचनलाई प्रार्थनासाथ पढ्नाले र यसमा मनन् गर्नाले यो ज्ञान आउँछ।

**तपाईंको अभ्यासको निम्ति**

**५** १ कोरिन्थी ४:७-अनुसार . . .

**क.** सबै वरदानहरू एकै हुन्।

**ख.** हाम्रा वरदानहरू परमेश्वरबाट आउँछन्।

**ग.** हामी परमेश्वरका वरदानहरूलाई कमाउन सक्छौं।

परमेश्वरका आत्मा तपाईंका सहयोगी हुनुहुन्छ (योआनेस १६:१३)। वचनको वास्तविक अर्थ के हो सो तपाईंलाई सिकाउन उहाँसँग बिन्ती गर्नुहोस्। यसरी तपाईंले सत्यता सिकाउन सक्नुहुनेछ। तपाईंले बाइबल र बाइबलसम्बन्धी पुस्तकहरूलाई पनि प्रयोग गर्न सक्नुहुन्छ। बाइबलसम्बन्धी लेखिएका कतिपय पुस्तकहरूले सत्यता दिँदैनन् भन्ने कुरा याद गर्नुहोस्। यदि कुनै पुस्तकले बाइबलमा भएको सत्यता सिकाउँदैन भने, त्यस पुस्तकलाई प्रयोग नगर्नुहोस्।

एकलेसियामा हुने कुनै पनि काम आत्मिक सेवा हुनुपर्छ। शुरूका डिकन (दास)-हरूको काम विधवाहरूलाई सहयोग गर्न

उठाइएको भेटीको हेरचाहा गर्ने भए तापनि तिनीहरू पवित्र आत्माले भरिएका मानिसहरू थिए। प्रत्येक सेवक पवित्र आत्माले भरिनु अति असल कुरा हो।

तल उल्लेखित तरीकाहरू अपनाएर तपाईंले आफ्ना वरदानहरूको विकास गर्न सक्नुहुन्छ। विश्वासको अभ्यास, अध्ययन, प्रार्थना र वरदानको प्रयोग गरेर। पौलसले यही भन्न खोजेका थिए, यदि तपाईंको वरदान शिक्षा दिने हो भने, तपाईंले शिक्षा दिनैपर्छ। यदि तपाईंको वरदान सेवा गर्ने हो भने, तपाईंले सेवा गर्नैपर्छ। यदि तपाईंमा दिने वरदान छ भने तपाईंले दिनैपर्छ (रोमी १२:६-८)। आफ्नो वरदानलाई प्रयोग गर्नुहोस्। यदि तपाईंले आफ्नो वरदानको प्रयोग गर्नुभएन भने, शरीर (एकलेसिया)-ले दुःख भोग्नुपर्नेछ, किनभने तपाईंको वरदान शरीरको फाइदाको लागि दिइएको थियो। तपाईंले वरदानको अभ्यास गर्दा समय र बलको खर्च हुन्छ, तर यसले पूरै शरीर (एकलेसिया)-लाई आशिष् दिनेछ र तपाईंलाई बलियो बनाउनेछ।

आफ्नो वरदानलाई प्रयोग गर्नू भनी उत्साह दिँदै प्रेरित पौलसले तिमोथियसलाई लेखेका थिए, "तिमीमा भएको परमेश्वरको वरदानलाई बल्दो पार भनी म तिमीलाई सम्झाउँछु" (२ तिमोथियस १:६)। हामीले पनि हाम्रा वरदानहरूलाई बल्दो (जीवित) पारी राख्नैपर्छ।



### तपाईंको अभ्यासको निम्ति

**६** पौलसले रोमी १२:७-मा भनेका छन्, "यदि तपाईंको वरदान शिक्षा दिने हो भने, शिक्षा दिनुहोस्, यसको अर्थ के हो?

**क.** तपाईंसँग भएको वरदानलाई प्रयोग गर्नुहोस्।
**ख.** शिक्षा दिने काम सबैभन्दा महत्त्वपूर्ण वरदान हो।
**ग.** हरेक व्यक्तिले शिक्षा दिनैपर्छ।

वरदानहरूलाई प्रयोग गर्नु वरदानहरू पाउनुभन्दा पनि महत्त्वपूर्ण छ। प्रत्येक वरदानले शरीर(एकलेसिया)-मा जीवनको सेवा पुऱ्याउन सक्छ। तपाईंका वरदानहरूलाई प्रयोग गर्नुहोस्।

### तपाईंको अभ्यासको निम्ति

**७** बायाँपट्टि दिइएको प्रत्येक वर्णनलाई दायाँपट्टि दिइएको वरदानहरूका विकासको कदमका उदाहरणसँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ____**क.** करुणामा अरूहरूलाई दया देखाउने योग्यता छ। तिनी खाँचोमा परेका मानिसहरूलाई भेट्टाएर तिनीहरूलाई व्यावहारिक रूपमा सहायता पुऱ्याउँछिन्। | १)पत्ता लगाउनु<br>२)धन्यवादी हुनु<br>३)प्रयोग गर्नु |
| ____**ख.** विश्वासले बाइबलबाट कहिल्यै नसिकाएका भए पनि बाइबलबाट शिक्षा दिने काममा इच्छुक छन्। यसैले उनी आफूलाई तयारी गरेर आफ्नो एकलेसियाको कक्षालाई सिकाउने कोशिश गर्छन्। | |
| ____**ग.** प्रभुसँगको हिँड़ाईमा अरूहरूलाई उत्साह दिन आफू | |

समर्थ भएकीमा आशा प्रभुलाई प्रशंसा र धन्यवाद चढ़ाउँछिन्।

____**घ.** प्रेममा बाँड्ने वरदान छ। उनले सहयोग गर्न सक्ने सबैलाई उनी सहयोग गर्छन्।

**८** आफूलाई ख्रीष्टियान सेवकहरूका रूपमा विचार गर्नुहोस्। तल दिइएको तालिकालाई तपाईंको आफ्नो अभ्यासपुस्तिकामा सार्नुहोस्। तपाईंमा भएका र तपाईंलाई इच्छा लागेका वरदानहरू त्यहाँ लेख्नुहोस्। त्यस वरदान वा सेवाको निम्ति तपाईंले के गर्नुपर्छ सो बताउने वाक्यको मुनि **x**-को चिह्न लेख्नुहोस् (वरदानहरू सम्झनलाई पाठ ३ दोहोऱ्याउनुहोस्)। एउटा उदाहरण तल दिइएको छ।

| | पत्ता लगाउनु | धन्यवाद दिनु | प्रयोग गर्नु |
|---|---|---|---|
| मसँग भएका वरदानहरू | | | |
| परमेश्वरको सन्देश बोल्नु | | × | |
| | | | |
| | | | |
| मलाई इच्छा लागेको वरदान | | | |
| प्रचारक | × | | |
| | | | |
| | | | |

अब तपाईंले पहिला पाँच पाठहरू पूरा गर्नुभएको छ र तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डमा सोधिएका प्रश्नहरूका उत्तर दिन तयारी हुनुभएको छ। पाठहरू १-५-लाई दोहोऱ्याउनुहोस् र उत्तरहरू भर्नको लागि तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। अनि विद्यार्थी प्रतिवेदनको अन्तिम पृष्ठमा दिइएको ठेगानामा तपाईंको उत्तरपुस्तिका पठाउनुहोस्।

## तपाईंका उत्तरहरू जाँच्नुहोस्

५. **ख** हाम्रा वरदानहरू परमेश्वरबाट आउँछन्।

१. तपाईंको उत्तर पनि यस्तै खालको हुनुपर्छः कुनै पनि चेला वा दास उसको गुरु वा मालिकभन्दा ठूलो हुँदैन भनी उहाँले उल्लेख गर्ने कोशिश गर्नुभएको थियो। उहाँका चेलाहरू पनि उहाँभन्दा महान् थिएनन्। त्यसकारण तिनीहरूले उहाँको उदाहरण पछ्याउनुपर्छ। (तपाईंको लेखाइको तरीका फरक हुन सक्छ तर विचारचाहिँ उही नै हुनुपर्छ।)

६. तपाईंमा भएको वरदानलाई प्रयोग गर्नुहोस्।

२. **क** ३) रुनेहरूसँग रुनु; **ख** १) सङ्कष्टमा धीरजी हुनु; **ग** २) आफूसँग भएको बाँड्नु; **घ** १) सङ्कष्टमा धीरजी हुनु

७. **क** ३) प्रयोग गर्नु; **ख** १) पत्ता लगाउनु; **ग** २) धन्यवादी हुनु; **घ** ३) प्रयोग गर्नु।

३. तिनीहरूमध्ये धेरैमा तपाईंले धर्को तान्न सक्नुभयो होला भन्ने मैले आशा लिएको छु। अरू वरदानहरूलाई पनि अभ्यास गर्न परमेश्वरले तपाईंलाई सहायता गरून् भनी प्रार्थना गर्नुहोस्।

८. तपाईंको उत्तर। तपाईंले आफ्नो अभ्यासपुस्तिकामा बनाउनुभएको तालिकाले तपाईंलाई नयाँ वरदानहरू विकास गर्नमा सहायता पुऱ्याउने छ भनी मैले आशा लिएको छु। तपाईंमा भएका वरदानहरूलाई बलियो पार्न पनि यसले तपाईंलाई सहायता पुऱ्याउन सक्छ।

४. **ग** आत्माले तपाईंलाई निर्देशन दिनुभएअनुसार काम गर्ने कोशिश गर्नु।

पाठ ६

# सेवकहरूलाई एक-अर्काको खाँचो पर्छ

अमरले केटाहरूको कक्षालाई लगाताररूपमा सिकाइरहेका छन्। शिक्षाको वरदानलाई प्रयोग गरेर उनले यसलाई विकास गरि-रहेका छन्। आइतबारको दिन आफ्नो कक्षामा सिकाइसकेपछि उनी घर फर्कंदै थिए र बाटोमा उनले आफ्नो साथी प्रदीपलाई भेटे।

प्रदीपले सोधे, "अमर तिमीलाई कस्तो छ?" "आज त्यति ठीक छैन" भनी अमरले जवाफ दिए। "चार जना केटाहरू मात्र कक्षामा आए। त्यस कक्षालाई सिकाउने ठीक व्यक्ति म होइन होला।"

प्रदीपले भने, "तर अमर तिमीले त्यसै छोड्नुहुँदैन। परमेश्वरको वचन बीउजस्तो हो। यदि तिमीले रोपिरह्यौ भने अवश्य पनि फल फल्नेछ। आफ्नो समय देऊ, प्रार्थनासाथ यसमा पानी हाल र परमेश्वरले अवश्य पनि फल दिनुहुनेछ।

अमर मुसुक्क हाँसे। "प्रदीप तिमी ठीक समयमा आइपुगेछौ। तिमीलाई धेरै धन्यवाद छ। तिमीले मलाई ठूलो उत्साह दियौ! मैले प्रभुमा अझ धेरै भरोसा राख्नुपर्छ।"

अब प्रदीपको मुस्कुराउने पालो आयो। परमेश्वरले आफूलाई उत्साहको सेवा दिनुभएको छजस्तो उनलाई लागिरहेको थियो। अमरले त्यसो भन्दा त उनी अझै निश्चित भए। अमरलाई उत्साह दिन सकेकोमा उनी खुशी भए।

किन परमेश्वरले विभिन्न व्यक्तिहरूलाई भिन्नाभिन्नै योग्यताहरू दिनुहुन्छ भन्ने कुरा तपाईंले यस पाठमा सिक्नुहुनेछ।



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

हाम्रा सम्बन्धहरू
एकैसाथ हाम्रो काम
हाम्रा व्यवहार (स्वभाव)-हरू

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ . . .**

- ख्रीष्टियान सेवकहरूले एक-अर्कासँग राख्नुपर्ने सम्बन्धहरूको वर्णन गर्न।
- विश्वासीहरूले एकैसाथ काम गर्दा आउने नतीजाहरूको वर्णन गर्न।
- ख्रीष्टको शरीरको रूपमा प्रत्येक व्यक्तिको महत्त्वपूर्णताप्रति कृतज्ञ हुन।

## हाम्रा सम्बन्धहरू

उद्देश्य १ *विश्वासीहरूले एक-अर्कासँग कस्तो खालको सम्बन्ध राख्नुपर्छ, सो उदाहरणहरू थाहा पाउनु।*

पाठ १-मा हामीले परमेश्वरका सेवकहरूको परिवारको बारेमा अध्ययन गऱ्यौं। परिवारको अङ्ग (सदस्य) हुनु के हो, एक छिन विचार गर्नुहोस्। त्यहाँ धेरै फाइदाहरू छन्।

परिवारमा नयाँ जन्मेको बालकले आफ्नी आमा र आफूलाई प्रेम गर्नेहरूसँग आफू नजीक छु भन्ने कुराको अनुभव गर्नुपर्छ। एकलेसिया परिवारको निम्ति पनि त्यही कुरा सत्य छ। यदि कोही हाम्रो एकलेसियामा आउँछ भने ऊ हाम्रो निम्ति प्यारो छ भन्ने कुरा त्यस व्यक्तिले शुरूमै अनुभव गर्न सक्नुपर्छ।

परिवारमा नै बालकहरूको वृद्धि र विकास हुन्छ। विश्वासी-हरूको परिवारमा पनि त्यस्तै हुन्छ, किनभने विश्वासीहरू अरू विश्वासीहरूसँग हुँदा वृद्धि र विकास हुन्छन्। यो हुनलाई ठूलो समूहको आवश्यकता छैन। मतियोस १८:२०ले बताउँछ कि जहाँ दुइ वा तीन जना एकैसाथ भेला हुन्छन्, त्यहाँ येशूले तिनीहरूको खाँचो पूरा गर्नुहुन्छ। ख्रीष्टियान सेवकले आफ्नो सेवाको निम्ति येशू र उहाँका सेवकबाटभन्दा अरू कहाँबाट धेरै सहायता पाउन सक्छ त?

शुरूको एकलेसियामा विश्वासीहरू घरीघरी भेला हुन्थे। तिनीहरू सङ्गतिमा एकैसाथ भेला हुन्थे र एक-अर्काको खाँचोलाई बाँड्चूँड् गर्थे। तिनीहरू अमैत्रिक संसारबाट आउँथे र उत्साहको निम्ति एकैसाथ भेला हुन्थे, एकैसाथ भएका समयमा तयारी भई तिनीहरू साक्षी र कामको लागि बाहिर जान्थे।

कामदार (सेवक)-हरू एउटै परिवारका सदस्यहरू हुनुको साथसाथै तिनीहरू शरीरमा सहकर्मीहरू पनि हुन्। सहकर्मीहरूले उही इच्छा र बोझहरू बाँड्चूँड् गर्छन्।तिनीहरू उही कामहरूमा

एकैसाथ काम गर्छन्। १ कोरिन्थी ३:९-मा हामी यसरी पढ्छौं, "हामीहरू परमेश्वरको निम्ति एकैसाथ काम गर्ने सहकर्मीहरू हौं।"



आफ्नो एकलेसियामा भएकाहरूसँग आफू पनि सहकर्मी हुँ भनी विचार गर्नुहोस्। तपाईंहरू सबैले एउटै उद्देश्य र एउटै काममा भाग लिइरहनु भएको छ। कामलाई सञ्चालन गर्न प्रत्येक व्यक्तिले मिलिजुलि काम गर्नुपर्छ। एक-अर्कासँग एकैसाथ मिलेर काम गर्दा प्रत्येक व्यक्ति उपयोगी हुन्छ।

तर एक-अर्कासँग मिलापमा काम गर्नलाई हाम्रो व्यवहार ठीक हुनुपर्छ। स्वइच्छाले काम गर्न चाहने आत्मा भएको व्यक्ति तपाईंले भेट्टाउनुभयो भने, तपाईंले ख्रीष्टको शरीरमा प्रयोगयोग्य व्यक्ति भेट्टाउनुभएको हुन्छ। पास्टरीए योग्यताहरू (खूबीहरू) भएका र परमेश्वरद्वारा बोलाइएका व्यक्ति हुन सक्छन्। तर यदि उनले आफ्नो आत्मा वा व्यवहारलाई अधीन गर्न सक्दैनन् भने, अगुवाको कार्यमा उनी असफल बन्छन्।

सबै व्यक्तिहरूले एउटै काम गर्न सकून् भनी परमेश्वरले आशा गर्नुहुन्छ। हामीमा ठीक आत्मा वा ख्रीष्टको आत्माचाहिँ होस् भनी उहाँ चाहनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** *मिलिजुलि* काम गर्नलाई एक व्यक्तिले के गर्नैपर्छ?

**क.** अरूहरूसँग काम गर्नुपर्छ।

**ख.** धेरै खूबीहरू पाएको हुनुपर्छ।
**ग.** आफ्नो काम एकलै गर्नुपर्छ।

**२** बायाँपट्टि दिइएको प्रत्येक उदाहरणलाई दायाँपट्टि दिइएको यसको सम्बन्धको प्रतिनिधित्व गर्ने वाक्यको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ____**क.** अनिल र कमलले आफ्नो छिमेकीमा एकैसाथ साक्षी दिए | १) परिवारका सदस्यहरू |
| ____**ख.** सुरेशले अरू विश्वासीहरूलाई भेट्दा उनी विश्वासमा अझ दह्रिलो हुन्छन्। | २) काममा सहकर्मीहरू |
| ____**ग.** प्रभुमा भएका आफ्ना दाज्यू-भाइ तथा दिदी-बहिनीहरूले आफूलाई प्रेम गरेको र वास्ता गरेको शान्ति अनुभव गर्छिन्। | |
| ____**घ.** जवानहरूको निम्ति बाइबल कक्षा शुरू गर्ने बारेमा प्रकाश र किरणले एकैसाथ प्रार्थना गरिराखेका छन्। | |


---

**एकैसाथ हाम्रो काम**

---

उद्देश्य २ *विश्वासीहरूले किन एकैसाथ काम गर्नुपर्छ भनी कारण दिने बयानहरूलाई छान्नु।*

यदि कसैले तपाईंका दुइओटा नाड़ीलाई एकैसाथ एउटा मसिनो धागोको डोरीले बाँधिदियो भने नाड़ीलाई फट्टाउने जोड़ गरेर तपाईंले सजिलैसित त्यसलाई चुँडाल्न सक्नुहुन्छ।



यदि त्यो डोरी धागोका धेरै डोराहरू मिलाएर बनाइएको छ भने, त्यसलाई सजिलैसँग चुँडाल्न सकिँदैन। यसै गरी एकैसाथ

विश्वासीहरूले जे गर्न सक्छन् तिनीहरूले एकलै गर्न सक्दैनन्। सबैले एकैसाथ काम गर्दा शरीर बलियो हुन्छ।



नहेम्याहले यरूशलेमका पर्खालहरू निर्माण गर्ने बारेमा हामी पुरानो नियममा पढ्छौं। पर्खाल बनाउँदा बाधा पुऱ्याउने शत्रुहरू हुन्छन् र उनी आफैले मात्र सबै काम गर्न सक्तैनन् भन्ने कुरा काम शुरू गर्नुभन्दा पहिल्यै उनलाई थाहा थियो। अरू यहूदीहरूको सहायताबाट पर्खालहरू बनाइएका थिए( नहेम्याह ३ )।

धेरै किसिमका मानिसहरूले काम गरे– पूजाहारीहरू, सुनारहरू, शासकहरू, व्यापारीहरू र अत्तर बनाउनेहरूले पनि पर्खालहरू बनाउने काम गरे। यसरी सबै जना मिलेर ठूलो काम भयो। एक जनाले मात्र यति ठूलो काम कहिल्यै गर्न सक्नेथिएन।

आफूसँग रहनको लागि येशूले बाह्र जना चेलाहरूलाई छान्नुभयो भनी नयाँ करारले हामीलाई बताउँछ (मर्कूस ३:१३-१५)। उहाँले दुइ-दुइ जना गरी तिनीहरूलाई सेवाको निम्ति बाहिर पठाउनुभयो (मर्कूस ६:७)। शुरूको एकलेसियामा पवित्र आत्माले विशेष व्यक्तिहरूलाई एकैसाथ काम गर्नलाई निर्देशन दिनुभएको थियो भनी हामी पढ्छौं (प्रेरित १३:२)।

शरीरको निम्ति परमेश्वरको योजना यो हो। एक जनाले गर्न सक्ने कामलाई धेरै जनाले एकैसाथ गर्न सक्छन्। पास्टर वा प्रचारकले सबै संसारलाई प्रचार गर्न सक्दैनन्। अरूहरूलाई

ख्रीष्टको सन्देश पुऱ्याउनमा प्रत्येक विश्वासीले सहयोग गर्नैपर्छ। परमेश्वरको राज्य निर्माण गर्नमा प्रत्येक व्यक्तिको स्थान छ, कोही पनि बाहिर छोड़िएको छैन। कसैले प्रचार गर्छन्, कसैले शिक्षा दिन्छन्, कसैले गाउँछन्, सबैले प्रार्थना गर्छन्, र यसरी काम सञ्चालन भइरहन्छ। एकैसाथ काम गर्नु भनेको यही हो।

**तपाईंको अभ्यासको निम्ति**

**३** विश्वासीहरूले एकैसाथ काम गर्नुपर्छ भनी कारण दिने बयानहरूको अगाड़िपट्टिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** पवित्र आत्माले विश्वासीहरूलाई अगुवाइ र निर्देशन दिनुहुन्छ।

**ख.** यदि विश्वासीहरूले एकैसाथ काम गरे भने मात्र कुनै-कुनै कामहरू गर्न सकिन्छ।।

**ग.** प्रभुको निम्ति काम गर्नेहरूमा ठूलो आनन्द र खुशीयाली हुन्छ।

**हाम्रा व्यवहारहरू**

उद्देश्य ३ *सेवकहरूले आफूप्रति र अरू सेवकहरूप्रति कस्तो व्यवहार देखाउनैपर्छ सो देखाउन सहायता गर्ने पदहरूलाई छान्नुहोस्।*

दक्षिण अमेरिकामा यस्तो एउटा भनाइ छ, *एउटा हातले अर्को हात धुन्छ।* १ कोरिन्थी १२:१४-२६-मा पनि हामी यस्तै विचारको बारेमा पढ्छौं।



### तपाईंको अभ्यासको निम्ति

४ १ कोरिन्थी १२:१४-२६ पढ्नुहोस् र तल उल्लेखित प्रश्नहरूको जवाफ दिनुहोस्।

**क.** कतिओटा अङ्गहरू उल्लेख गरिएका छन्? . . . . .

**ख.** कुनचाहिँ अङ्गले आफ्नो बारेमा भन्न सक्दैन?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**ग.** प्रत्येक अङ्गले अर्को अङ्गको बारेमा के भन्न सक्दैन?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . .

माथि दिइएका पदहरूमा हामी देख्छौं कि प्रेरित पौलसले शरीरको बारेमा हामीलाई केही बताउँदैछन्। अब उनको शिक्षालाई एकलेसियाका सेवकहरूका निम्ति प्रयोग गरौं।

एक "अङ्ग" शिक्षक हुन सक्छन्। उही एकलेसियामा अर्को अङ्ग सेवा (सङ्गति)-को निम्ति आउने व्यक्तिहरूलाई अभिवादन गर्ने भाइ हुन सक्छ। अभिवादन गर्ने व्यक्तिले आफ्नो काम एकलेसियामा त्यति महत्त्वपूर्ण छ जस्तो सम्झँदैन होला। पौलसले उनलाई भन्ने थिए होलान्, "यस्तो विचारले तिमीलाई एकलेसियाको अङ्ग हुनबाट अलग गराउँदैन। यदि ढोकामा बसेर तिमीले अभिवादन गरेनौ भने कसले अभिवादन गर्ने त? शिक्षक आफ्नो कक्षामा हुनुपर्छ। उनी ढोकामा पर्खेर बस्न भ्याउँदैनन्। शरीरलाई तिम्रो खाँचो छ।"

आफ्नो काम धेरै महत्त्वपूर्ण छ भनी शिक्षकले विचार गर्छन् होला। हामीलाई ढोका पालेको खाँचो छैन भनी उनले आफ्नो मनमा विचार गर्छन् होला। उनले यसरी विचार गर्नु गल्ती हो!

तर परमेश्वरले हरेकलाई एकलेसियामा राख्नुभएको छ।

परमेश्वरले एक जनालाई शिक्षा दिनमा र अर्कोलाई अरूहरूको बोझ उठाउन र स्वागत गर्न बोलाउनुभएको छ। उहाँले अरू किसिमका सेवकहरूलाई पनि एकलेसियामा राख्नुभएको छ। एकलेसियालाई ती सबैको खाँचो छ। तपाईंले एकलेसियामा आफ्नो काम र अरू विश्वासीहरूका कामलाई विचार गर्नुहुँदा, तपाईंमा यस्तो खालको व्यवहार(स्वभाव) भएको पौलस चाहन्छन्, तिनीहरूलाई मेरो खाँचो छ र मलाई तिनीहरूको खाँचो छ।




एफिसी ५:२६-३०-मा बताइएको छ, ''किनभने कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घीन गर्दैन तर एकलेसियालाई ख्रीष्टले गर्नुभएझैं त्यसको पालनपोषण गर्दछ। किनभने हामी उहाँका शरीरका अङ्ग हौं।'' यो सन्देश स्पष्ट छ। कसैले पनि आफ्नो शरीर वा यसका अङ्गहरूलाई घृणा गर्दैन। एकलेसियाका सदस्यहरूले पनि एक-अर्कालाई घृणा गर्नुहुँदैन, किनभने सबै अङ्गहरू एउटै शरीरका भागहरू हुन्। आँखाले आफूलाई कानको आवश्यकता छ र खुट्टा र हातले एक-अर्काको आवश्यकता छ भनी महसूस गरेपछि शरीरमा एकता हुन्छ।

परमेश्वरले हामीलाई जहाँ राख्नुहुन्छ, हामी हरेकले त्यहीँ नै सेवा गर्नुपर्छ। हामीले हाम्रो काम गर्नुभन्दा पहिल्यै यदि

हामी महत्त्वपूर्ण ठाउँमा हुन चाहन्छौं भने परमेश्वरले हामीलाई प्रयोग गर्न सक्नुहुन्न। यदि परमेश्वरले आफ्नो इच्छाअनुसार आफूले ठीक ठहऱ्याएको ठाउँमा हरेक व्यक्तिलाई राख्नमा हामी सहमति हुन्छौं भने हामीले एकलेसिया वृद्धि भएको देख्छौं।

हामीले एक-अर्कालाई प्रार्थना, बोझको बाँड़चूँड़, सहायता, प्रेम, सरोकार, एकैसाथ भेला हुने विश्वासयोग्यताद्वारा समर्थन गरी एक-अर्काको निम्ति परमेश्वरमा धन्यवाद दिनुपर्छ।

ख्रीष्टियान सेवकको सेवा कति अचम्मको छ!

---

### तपाईंको अभ्यासको निम्ति

**५** सेवकहरूको निम्ति शरीरको अङ्ग हुनु भनेको के हो सो तपाईंका कोही-कोही साथीहरूले बुझ्दैनन्। तिनीहरूले भन्ने कुरा तल दिइएको छ। तिनीहरूका भनाइलाई तल उल्लेखित कुन-कुन बाइबल पदले सच्याउँछ, उल्लेख गर्नुहोस्।

१) १ कोरिन्थी १२:१५ ३) १ कोरिन्थी १२:१६
२) १ कोरिन्थी १२:१८ ४) १ कोरिन्थी १२:२१

___**क**. मैले छानेको स्थान पाएँ भने म एकलेसियामा काम गर्छु।
___**ख**. एकलेसियालाई आवश्यक पर्ने सेवकहरू पास्टरहरू मात्र हुन्।
___**ग**. ममा अगमवाणीको वरदान भएको हुनाले, शिक्षकहरूबाट मैले केही पनि सिक्नुपर्दैन।
___**घ**. म प्रेरित वा अगमवक्ता नभएको हुनाले शरीरमा मेरो खाँचो छैन।
___**ङ**. ममा सिकाउने वरदान नभएको हुनाले म शरीरको अङ्ग होइन।

## तपाईंका उत्तरहरू जाँच गर्नुहोस्

३. **ख** यदि विश्वासीहरूले एकैसाथ काम गरे भने मात्र कुनै-कुनै कामहरू गर्न सकिन्छ। (**क** र **ग** ठीक छन् तर कारणचाहिँ दिँदैनन्।)

१. **क** अरूहरूसँग काम गर्नु।

४. **क** चारः खुट्टा, हात, कान, आँखा। (यदि तपाईंले बास्नाको अङ्गलाई गन्नुभयो भने पाँचओटा हुन्छ, पद १७ नाक)।
**ख** "म शरीरको अङ्ग होइन।"
**ग** "मलाई तिम्रो खाँचो छैन।"

२. **क** २) काममा सहकर्मीहरू
**ख** १) परिवारका सदस्यहरू
**ग** १) परिवारका सदस्यहरू
**घ** २) काममा सहकर्मीहरू

५. **क** २) १ कोरिन्थी १२:१८।
**ख** ३) १ कोरिन्थी १२:१६।
**ग** ४) १ कोरिन्थी १२:२१।
**घ** १) १ कोरिन्थी १२:१५।
**ङ** १) १ कोरिन्थी १२:१५।

## तपाईंको बुँदा टिपोटको लागि

पाठ ७

# प्रेममा काम गर्नु

अमरको बाइबल कक्षामा धेरै केटाहरू आइरहेका भए तापनि यस कक्षालाई सिकाउँदा उनले केही समस्याहरूको सामना गर्नुपर्‍यो। उनले विद्यार्थीहरूका निम्ति ध्यानपूर्वक पाठहरू तयार गरे र आफूले सकेसम्म उत्तम किसिमले सिकाए। तिनीहरूका सिकाइमा चाखलाग्दा कुराहरू कसरी समावेश गर्न सकिन्छ भनी उनले धेरै विचार गरे। तर कतिपल्ट विद्यार्थीहरूले उनले सिकाएका कुराहरूमा ध्यानै दिएनन्। आफू केटो हुँदा अमरले जसरी व्यवहार गरेका थिए तिनीहरूले त्योभन्दा भिन्नै किसिमले व्यवहार गरेको उनले देखे। तिनीहरूले उनको गिल्ला पनि गरे। यी सबै कुराले अमरलाई धेरै निराश तुल्यायो। तरै पनि परमेश्वरले उनलाई यस सेवा-को निम्ति अगुवाइ गरिरहनुभएको छ भनी उनलाई थाहा थियो।

एक दिन अमरले आफ्नो बाइबल पढ्दै आफ्नो कक्षाका केटाहरूका बारेमा विचार गरिरहेका थिए। उनले योआनेस १३ अध्याय पढ्दा येशूले आफ्ना चेलाहरूका खुट्टा धोएको वर्णन उनले पढे। पद २४-मा येशूले आफ्ना चेलाहरूलाई दिनुभएको नयाँ आज्ञाको बारेमा उनले पढे। येशूले प्रेम गरेझैं तिनीहरूले पनि एक-अर्कालाई प्रेम गर्नुपर्ने थियो। अमरले यी कुराहरू पहिल्यै पढेका भए तापनि अहिले उनले तिनीहरूलाई नयाँ प्रकारले देखे। उनले यो कुरा महसूस गर्न थाले कि आफ्नो सेवाका वरदान-हरू प्रयोग गर्नुभन्दा पनि अझ धेरै प्रभुको निम्ति सेवा छ। जस-सँग उनले काम गरेका छन् र जसलाई सहायता गरेका छन् उनले तिनी-हरूलाई प्रेम गर्नैपर्छ र त्यसमा कक्षाका केटाहरू पनि समावेश छन्।



खीष्टियान सेवकका रूपमा तपाईंमा हुनुपर्ने प्रेमको बारेमा तपाईं-ले यस पाठमा धेरै सिक्नुहुनेछ। यो प्रेम कहाँबाट आउँछ र तपाईं-को जीवनमा यसको नतीजा के हुन्छ यस बारेमा तपाईंले सिक्नुहुनेछ।

**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ** . . .

प्रेम परमेश्वरबाटको हो।
प्रेमको आवश्यकता छ।
प्रेमले नतीजाहरू ल्याउँछ।

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ** . . .

- खीष्टियान सेवकमा हुनुपर्ने प्रेमको किसिमको वर्णन गर्न।
- खीष्टियान सेवकलाई आफ्नो जीवनमा किन परमेश्वरको प्रेमको खाँचो छ सो व्याख्या गर्न।
- अरूलाई परमेश्वरको प्रेमको वर्णन गर्नमा निश्चित हुन।

## प्रेम परमेश्वरबाटको हो

उद्देश्य १ *ख्रीष्टियान सेवकले देखाउन पर्ने प्रेमको उदाहरणलाई तपाईंको आफ्नो जीवनमा प्रयोग गर्नुहोस्।*

परमेश्वरले हामीलाई आफ्नो प्रेम देखाउनुभएको छ भन्ने कुरा हामीले सजिलैसँग बाइबल पढ्दा भेट्टाउन सक्छौं। "प्रेम यसैमा छ, हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रा पापको प्रायश्चित हुनलाई उहाँका पुत्रलाई पठाउनुभयो" (१ योआनेस ४:१०)।

परमेश्वरको प्रेमभन्दा ठूलो अरू कुनै प्रेम छैन। पिताले यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नै पुत्रलाई दिनुभयो। पुत्रले यति धेरै प्रेम गर्नुभयो, कि उहाँले आफ्नै जीवन दिनुभयो। येशू आफ्ना मित्रहरूका लागि होइन तर आफ्ना शत्रुहरूका निम्ति मर्नुभयो। कुनै प्रेम योभन्दा ठूलो हुन सक्छ र? तर परमेश्वरले हामीतर्फको उहाँको आफ्नो प्रेम यसैमा प्रमाणित गर्नुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८)।

लूकास १५:१६-२४-मा आफ्ना पिताले दिएको सबै धन बरबाद गरी आफ्नो जीवन खतम पार्ने एक जवान व्यक्तिको बारेमा येशूले बताउनुभयो। पिताले उसलाई घरमा पर्खिराखे। एक दिन छोरो घरमा फर्केर आउँदा उसका पिता त्यहीँ नै थिए। छोरो घरमा आइपुग्न अगाड़ि नै उनले उसलाई देखे। उनी दौड़ेर गई आफ्नो छोरालाई अङ्कमाल गरी खुशी भए, किनभने उनको छोरो घरमा फर्किआएको थियो।

किन येशूले यो कथा भन्नुभयो? हामीहरू प्रत्येकको बारेमा परमेश्वरले कस्तो अनुभव गर्नुहुन्छ सो हामीले थाहा पाएको उहाँ चाहनुहुन्थ्यो। राम्राहरू र सफाहरू वा असल हुन कोशिश गर्नेहरूलाई मात्र परमेश्वरले प्रेम गर्नुहुन्न। उहाँको प्रेम मानव

प्रेमभन्दा अति नै ठूलो छ, किनभने परमेश्वर प्रेम हुनुहुन्छ र उहाँले हरेकलाई प्रेम गर्नुहुन्छ।

पास्टर जोहनको बारेमा एउटा साँचो कथा म भन्न चाहन्छु। केही जवान व्यक्तिहरूले उनको एकलेसियाको सेवामा भाग लिन थाले। तिनीहरूको लवाई पास्टरलाई मन परेन। उनले तिनीहरूलाई आउन त दिए तर उनले तिनीहरूलाई आफ्नो हृदयबाटचाहिँ प्रेम देखाउन सकेनन्। तिनीहरू कति कुरामा उनीभन्दा फरक थिए।

एक दिन उनले प्रार्थना गरिराखेको बेलामा पवित्र आत्माले उनलाई भन्नुभयो, "जोहन, तिमीले यी जवान व्यक्तिहरूलाई प्रेम गर्दैनौ। तिमीले जस्तै विचार गर्नेलाई मात्र तिमी प्रेम गर्छौं। तिमीजस्तै व्यक्तिहरूलाई मात्र तिमी प्रेम गर्छौं।"

यो कुराले पास्टर जोहन चकित भए। लामो समयसम्म उनले घुँडा टेकेर प्रार्थना गरे। आफूले सबैलाई प्रेम गरेको छैन भन्ने कुरा स्वीकार गर्न उनलाई गाह्रो भयो। तरै पनि यो कुरा साँचो थियो। उनले ती जवान व्यक्तिहरूलाई प्रेम गर्न सकेका



थिएनन्। उनले परमेश्वरलाई आफ्नो हृदयमा परिवर्तन गर्न दिए र उनले ती व्यक्तिहरूलाई स्वागत गर्न थाले। उनले तिनीहरूलाई परमेश्वरको वचन सिकाए र तिनीहरूले आफ्ना साथीहरूलाई पनि सङ्गतिमा ल्याउन थाले। त्यस एकलेसियामा आफूले पास्टरबाट प्रेम पाएको तिनीहरूले अनुभव गर्न थाले। पास्टर जोहनले परमेश्वरलाई आफ्नो हृदय परिवर्तन गर्न दिएका हुनाले उनीबाट परमेश्वरको प्रेम तिनीहरूकहाँ पुग्यो।

परमेश्वरको प्रेम तपाईंको हृदयमा छ। पापमा रहेर आफ्नो जीवन बरबाद गर्नेहरूलाई प्रेम गर्न परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ। झ्यालखानमा परेकाहरूलाई प्रेम गर्न परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ। परमेश्वरले तपाईंलाई सबैलाई प्रेम गर्न सक्ने व्यक्ति बनाउन सक्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

**१** तल दिइएकाहरू प्रत्येकले प्रेमको कुन भागलाई स्पष्टसँग देखाउँछन् एक वा दुइ शब्दमा आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस्।

**क.** रोमी ५:८-मा वर्णन गरिनुभएको येशू।

**ख.** लूकास १५:११-२४-मा पिता।

**ग.** पास्टर जोहन नाम भएका मानिस।

**२** यस पाठमा उल्लेख गरिएकाजस्तै मानिसहरूलाई तपाईं चिन्नुहुन्छ होला। तल सोधिएका प्रश्नहरूलाई आफ्नो अभ्यासपुस्तिकामा उत्तर दिनुहोस्।

**क.** मैले प्रेम गर्नुपर्ने मानिसहरू र मेरा शत्रुहरू को-को हुन्?

**ख.** मैले प्रेम गर्नुपर्ने मभन्दा भिन्नै व्यक्तिहरू को-को हुन्?

**ग.** आफ्नो जीवनलाई पापमा बरबादी गर्नेहरू को-को हुन्, जसलाई मैले प्रेम गर्नुपर्छ?

**प्रेमको आवश्यकता छ**

उद्देश्य २ *ख्रीष्टियान सेवकहरूले किन प्रेम देखाउनुपर्छ भनी महत्त्वपूर्ण कारणहरू दिने बयानहरूलाई छान्नुहोस्।*

परमेश्वरले ख्रीष्टियानहरूलाई ठूलो जिम्मेवारी दिनुभएको छ। मतियोस ५-मा हामी यी शब्दहरू पढ्छौं, "तिमीहरू पृथ्वीका नून हौ . . . । तिमीहरू जगतका ज्योति हौ . . . । तिमीहरूको ज्योति मानिसहरूका सामु चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखून् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (पदहरू १३,१४,१६)।

ख्रीष्टियान सेवकहरूको जीवन उद्धार नपाएकाहरूकोभन्दा फरक भएन भने संसारले येशूलाई कसरी देख्न सक्छ?

ख्रीष्टियान सेवक नमूनाजस्तै हो। नमूना भनेको वास्तविक कुराको एक सानो भाग हो। यदि तपाईंले पाउरोटीको नमूना चाहनुभयो भने यसको सानो टुक्रालाई चाख्नुहुन्छ। त्यो सानो टुक्रा अरू पूरै पाउरोटीजस्तै हुन्छ। संसारले हामीलाई हेर्दा साँचो कुराको नमूना हामीमा देख्नैपर्छ। कोही-कोही मानिसहरूले देख्ने परमेश्वरको स्वरूप तपाईं मात्र हुनुहुन्छ होला। हामी कति धेरै परमेश्वरजस्तै हुनु आवश्यक छ।



मानिसहरूले तपाईंको ज्योति देखेपछि तिनीहरू संसारका ज्योति येशूकहाँ डोहोऱ्याइन्छन्। तिनीहरूले तपाईंको प्रेम देखेपछि तिनीहरू परमेश्वरकहाँ खिचिन्छन् जो संसारको ज्योति हुनुहुन्छ। तपाईंमा भएका असल कुराहरूलाई तिनीहरूले देखेपछि परमेश्वर तपाईंमा हुनुहुन्छ भनी तिनीहरूले थाहा पाउनेछन् र तिनीहरूले उहाँको प्रशंसा गर्नेछन् (मतियोस ५:१६)।

परमेश्वरजस्तो हुनु सधैं सजिलो छैन। येशू यस संसारमा हुनुहुँदा उहाँको लागि सजिलो थिएन। तपाईंको प्रेमको जाँच गरिनेछ। तपाईंलाई सधैं "दोस्रो कोस (माइल) जाउँ"-जस्तो लाग्दैन (मतियोस ५: ४१)। तर यदि तपाईंले त्यो गर्नुभयो भने पिताको प्रेमलाई देखाउनुभएको हुन्छ।

हामी पवित्र आत्माद्वारा परिवर्तन भएपछि हाम्रो सेवाले मानिसहरूको जीवनलाई परिवर्तन गराउँछ। साँचो प्रेमले कार्य गर्छ। खाँचोमा परेकाहरूलाई सेवा गर्न हामी तयारी भयौं भने, खाँचोमा परेकाहरूतर्फ हामी खिचिन्छौं। प्रेम खाँचोको क्षेत्रमा बग्छ। अब यसलाई हामी यसरी व्यक्त गर्न सक्छौं, "हे मेरा साना केटाकेटी हो! वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं" (१ योआनेस ३:१८)।

**तपाईंको अभ्यासको निम्ति**

**३** ख्रीष्टियान सेवकहरूले प्रेम देखाउनुपर्छ भनी महत्त्वपूर्ण कारणहरू दिने बयानहरूका अगाड़ि घेरा लगाउनुहोस्।

**क**. संसारलाई परमेश्वरको प्रेमको नमूना चाहिएको छ।
**ख**. सबैलाई प्रेम गर्न गाह्रो हुन्छ।
**ग**. ख्रीष्टियान सेवकको प्रेमलाई जाँच गरिन्छ।
**घ**. साँचो प्रेमले मानिसहरूलाई परमेश्वरतर्फ तान्छ।

## प्रेमले नतीजाहरू ल्याउँछ

उद्देश्य ३ *अरूहरूका निम्ति भएको ख्रीष्टियान सेवकको प्रेमको स्रोत र नतीजाहरू दिने बयानहरूलाई चिन्नुहोस्।*

यदि ख्रीष्ट हामीमा हुनुहुन्छ भने उहाँको प्रेम पनि हामीमा हुन्छ। यदि परमेश्वर हामीमा हुनुहुन्छ भने हाम्रा कामहरूमा उहाँ देखिनुहुन्छ भनेको कुरालाई याद गर्नुहोस्। उहाँलाई हाम्रो जीवनबाट प्रकट हुन दिँदा उहाँ हाम्रो साथमा हुनुभएको हुन्छ।

हाम्रो मात्र प्रेम पुग्न नसक्ने ठाउँमा परमेश्वरको प्रेम पुग्छ। हामीहरू पापी छँदैमा परमेश्वरले हामीलाई प्रेम गर्नुभयो। परमेश्वरले आफ्ना शत्रुहरूलाई प्रेम गर्नुभयो। हामीमा भएको परमेश्वरको प्रेमले हाम्रा शत्रुहरूलाई पनि प्रेम गर्छ। परमेश्वरलाई त्याग्नेहरूलाई पनि उहाँले प्रेम गर्नुभयो (लूकास २३:३४)। हामीसँग दुर्व्यवहार गर्नेहरूलाई पनि हामीमा भएको परमेश्वरको प्रेमले प्रेम गर्छ (मतियोस ५:११-१२)।

यसरी सबैलाई प्रेम गर्न सम्भव छ। हामीले हाम्रो जीवनबाट ती व्यक्तिहरूप्रति परमेश्वरको प्रेम बग्न दियौं भने हामीले यो गर्न सक्छौं। यो प्रेम तपाईंको निम्ति पनि हो। तपाईंको प्रेमले गर्न नसक्ने धेरै कुराहरू यस प्रेमले गर्न सक्छ।

### तपाईंको अभ्यासको निम्ति

४ कस्ता किसिमका व्यक्तिहरूलाई प्रेम गर्न हामीलाई परमेश्वरको प्रेम चाहिन्छ, यस्ता व्यक्तिहरू . . .

**क**. जसले हामीलाई प्रेम गर्छन्।

**ख**. जो पापीहरू छन्।

**ग**. जो हाम्रा शत्रुहरू हुन्।

**घ**. जसले हामीलाई घृणा गर्छन्।
**ङ**. जो हामीप्रति दयालु छन्।
**च**. जसले हामीलाई इन्कार गर्छन्।
**छ**. जसले हामीलाई बुझ्छन्।
**ज**. जसले हामीलाई हेलाँ गर्छन्।

हाम्रा निम्ति पवित्र आत्मा कति अचम्मको वरदान हुनुहुन्छ। पवित्र आत्मा एक पल्ट मात्र तपाईंकहाँ आउनुहुन्न। पवित्र आत्मा तपाईंसँग रहनुहुन्छ। येशूले भन्नुभयो, "पितासँग म बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता दिनुहुनेछ र उहाँ तिमीहरूसँग सधैंभरि हुनुहुनेछ" (योआनेस १४:१६)।


पवित्र आत्मा तपाईंमा वास गर्नुहुँदा उहाँले तपाईंमा काम गर्नुहुन्छ। उहाँले गर्नुहुने एउटा कामचाहिँ तपाईंमा पवित्र आत्माको फल फलाउनु हो। यो फलचाहिँ मानिसमा हुन सक्ने कुनै स्वभाविक भलाइ होइन। स्वभाविक वा शारीरिक मानिस कस्तो हुन्छ भन्ने विषयमा तपाईं गलाती ५:१६-२१-मा पढ्न सक्नुहुन्छ। पवित्र आत्माले विश्वासीमा कस्तो भिन्दै फल फलाउनुहुन्छ!

## तपाईंको अभ्यासको निम्ति

**५** गलाती ५:२२-२३ र १ कोरिन्थी १३:४-७ पढ्नुहोस् र तपाईंको आफ्नो अभ्यासपुस्तिकामा तलका प्रश्नहरूका जवाफ दिनुहोस्।

**क**. आत्माले उत्पादन गर्नुहुने नौओटा गुणहरूलाई कुन पदहरूले नाउँसहित उल्लेख गरेका छन्?
**ख**. प्रेमले कसरी व्यवहार गर्छ भनी कमसेकम पन्ध्र किसिममा वर्णन गर्ने बाइबलका पदहरू कुन-कुन हुन्?

गलाती ५:२२-२३-मा उल्लेख गरिएका गुणहरूलाई १ कोरिन्थी १३:४-७-मा उल्लेख गरिएको प्रेमको वर्णनमा कसरी देख्न सकिन्छ भन्ने कुरा तपाईंले देख्नुभयो त? प्रेम कति महत्त्वपूर्ण छ त! ख्रीष्टियान सेवकले परमेश्वरको प्रेम देखाउनु कति महत्त्वपूर्ण छ त। जसरी हामी १ कोरिन्थी १३:२-मा पढ्छौं, "यदि मलाई अगमवाणी बोल्ने शक्तिको वरदान छ र म सबै रहस्यहरू र सबै विद्या जान्दछु, अनि डाँड़ाहरू हटाउनेसम्मको विश्वास मसित छ, तर ममा प्रेमचाहिँ छैन भने, म केही पनि होइनँ।"



जब परमेश्वरले संसारलाई बनाउनुभयो, उहाँले सबै कुरालाई आफ्ना-आफ्नै कुरा उत्पन्न गर्ने गरी बनाउनुभयो (उत्पत्ति १)। हामीमा भएको पवित्र आत्माको काममा पनि यो कुरा साँचो छ। उहाँले आफूजस्तै उत्पादन गर्नुहुन्छ र उहाँले यो हामीमा उत्पादन गर्नुहुन्छ। हामीले प्रेम गर्नलाई उहाँले सम्भव तुल्याउनुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति**

**६** १ कोरिन्थी १३:२-अनुसार सेवाका वरदानहरू . . .

**क.** प्रेमविना कामै नलाग्ने हुन्छन्।

**ख.** प्रेमसँग असम्बन्धित हुन्छन्।

**ग.** महत्त्वपूर्ण छैनन्।

**७** ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** गलाती ५:२२-२३-मा सेवाका वरदानहरू उल्लेख गरिएका छन्।

**ख.** यदि हामीले धैरै कोशिश गऱ्यौं भने परमेश्वरले प्रेम गर्नुभएझैं हाम्रो स्वभाविक भलाइले अरूहरूलाई प्रेम गर्न हामीलाई योग्य बनाउँछ।

**ग.** परमेश्वरले प्रेम गर्नुभएझैं हामीले पनि प्रेम गर्नलाई पवित्र आत्माको कामले हामीलाई सहायता पुऱ्याउँछ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४. **ख** जो पापीहरू छन्।
**ग** जसले हामीलाई घृणा गर्छन्।
**घ** जो हाम्रा शत्रुहरू हुन्।
**च** जसले हामीलाई इन्कार गर्छन्।
**ज** जसले हामीलाई हेला गर्छन्

१. **क** अझै पापी हुनेहरूलाई प्रेम गर्नु
**ख** आफूलाई दिइएको कुरालाई बरबाद गर्नेलाई प्रेम गर्नु
**ग** उनीभन्दा फरक भएका व्यक्तिहरूलाई प्रेम गर्नु (तपाईंको उत्तरमा यिनै शब्दहरू छैनन् होला तर विचारचाहिँ यस्तै हुनुपर्छ)।

५. **क** गलाती ५:२२-२३
**ख** १ कोरिन्थी १३:४-७

२. तपाईंको उत्तर। तपाईंले नाम उल्लेख गर्नुभएको व्यक्तिलाई प्रेम गर्न परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नुभयो होला भनी म आशा गर्छु।

६. **क** प्रेमविना कामै नलाग्ने

३ **क** संसारलाई परमेश्वरको प्रेमको नमूना चाहिन्छ।

७. **क** बेठीक; **ख** बेठीक; **ग** ठीक।

पाठ ८

# अगुवाहरूसँग मिलेर काम गर्नु

अमर आफ्नो एकलेसियामा सदस्य भएका एक वर्षभन्दा पनि बढ़ी भइसक्यो। उनले धेरै कुराहरू सिकिसकेका छन्। आफूलाई सहायता गर्ने एकलेसियाका अगुवाहरूका बारेमा उनले विचार गर्न थाले। उनका वरदानहरूको विकास गर्न र प्रयोग गर्न उनलाई उत्साह दिनेहरूका बारेमा उनले विचार गर्न थाले। आफूलाई परमेश्वरको वचन सिकाउनेहरूको बारेमा उनले विचार गर्न थाले। अरू विश्वासीहरूसँगसँगै आफूलाई पनि प्रशंसाका भजनहरू गाउन र परमेश्वरलाई आराधना गर्न अगुवाइ गर्नेहरूका बारेमा पनि उनले विचार गरे। प्रभुका निम्ति भएका सेवकहरूका रूपमा तिनीहरूका उदाहरण कति असल थिए।

यी कुराहरूमाथि विचार गर्दैजाँदा एकलेसियामा कस्ता किसिमका अगुवाहरू छन् सो उनी अझै जान्न चाहन्थे। प्रत्येकको निम्ति भएको परमेश्वरको योजना उनी जान्न चाहन्थे। आफ्ना अगुवाहरूप्रति भएको आफ्नो जिम्मेवारीको बारेमा पनि उनी अझै बुझ्न चाहन्थे। तिनीहरूले आफैलाई उनको निम्ति धेरै दिएका थिए।

एकलेसियालाई अगुवाहरूको किन खाँचो छ भन्ने बारेमा अझै पत्ता लगाउन यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ। एकलेसियाको निम्ति भएको परमेश्वरको महत्त्वपूर्ण उद्देश्यलाई सञ्चालन गर्न कस्ता खालका अगुवाहरू छन् र तिनीहरूसँग मिलेर तपाईंले कसरी काम गर्न सक्नुहुन्छ सो बुझ्न यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

अगुवाहरूको बारेमा
हाम्रो जिम्मेवारी
प्राप्त गरिएका फाइदाहरू

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ . . .**

- एकलेसियामा किन अगुवाहरूको खाँचो पर्छ सो बुझ्न।
- तपाईं आफ्ना अगुवाहरूप्रति के-के कुरामा जिम्मेवारपूर्ण हुनुहुन्छ सो उल्लेख गर्न।
- परमेश्वरले तपाईंलाई दिनुभएका अगुवाहरूप्रति कृतज्ञ हुन सक्न।

## अगुवाहरूको काम

उद्देश्य १ *अगुवाहरूले गर्ने विभिन्न किसिमका कामका उदाहरणहरूलाई परिचित गर्नुहोस्।*

कुनै काम गरिनुपर्छ भने अगुवाको आवश्यकता पर्छ। एकलेसियामा अगुवाहरू हुनको लागि परमेश्वरले कोही-कोहीलाई नियुक्त गर्नुभएको छ (एफिसी ४:११)। एकलेसियामा अगुवा हुनु ठूलो जिम्मेवारीको कुरा हो। अगुवाहरूले आ-आफ्ना सेवाको हिसाब परमेश्वरलाई दिनुपर्नेछ (हिब्रू १३:१७)।

अगुवाको कर्तव्य काम सञ्चालन भइरहेको छ भनी हेर्नु हो। सबै काम ठीकसँग सञ्चालन भइरहेको छ भनी अगुवा र उनका सहकर्मीहरूले एकसाथ हेर्छन्

### पास्टर

परमेश्वरको अधीनमा पास्टर एकलेसियाका अगुवा हुन्। एकलेसियाका पास्टरले के काम गर्छन्? उनले अगुवाइ गर्छन्, खुवाउँछन्, सिकाउँछन् र रखवाला गर्छन्।




*उनले अगुवाइ गर्छन्।* पास्टरले आफ्नो जीवनको नमूनाद्वारा अगुवाइ गर्छन्। "तिमीचाहिँ विश्वासीहरूका निम्ति तिम्रो बोली, चालचलन, प्रेम, विश्वास र शुद्धतामा उदाहरण (नमूना) होऊ" (१ तिमोथियस ४:१२)। काम गर्न सिक्ने महत्त्वपूर्ण

तरीकाहरूमध्ये एउटा तरीकाचाहिँ जान्ने व्यक्तिले सो काम गरेको हेर्नु हो। पास्टरले ठीकसँग जिउनु र आफ्नो काम ठीक किसिमले गर्नु अति नै महत्त्वपूर्ण छ। पास्टर असल उदाहरण नभएको खण्डमा पूरै एकलेसिया नै सजिलैसँग बरालिन सक्छ। एकलेसियाका सेवाहरूमा र धेरै खाँचोहरू पूरा गर्नमा उनले मानिसहरूलाई अगुवाइ गर्छन्। उनले जवानहरूलाई अगुवाइ, कमजोरीहरूलाई सहायता गर्नुपर्छ, विशेष शिक्षा दिनुपर्छ र उद्धारको योजनालाई बताउनुपर्छ। उनले यी सबै कुराहरू आफैले गर्दैनन् होला, तर उनले अगुवाइ गर्छन्।

*उनले खुवाउँछन्।* एकलेसियालाई आवश्यक परेको आत्मिक भोजन तयार गर्नको लागि पास्टरले प्रार्थना र बाइबल अध्ययनमा आफ्नो समय बिताउँछन्। चाहे त्यो परिपक्व विद्यार्थी होस् वा नयाँ विद्यार्थी होस्, परमेश्वरको वचनद्वारा उनले हरेकलाई खुवाउँछन्। उनले बाइबलका पूरै सत्यतालाई प्रचार गर्नैपर्छ। मानिसहरूले सुन्न चाहने कुराहरूलाई मात्र उनले प्रचार गर्नुहुँदैन, किनभने कति जनाले त सत्यता सुन्नै रुचाउँदैनन्।

### तपाईंको अभ्यासको निम्ति

**१** अगुवाले आफ्नो सेवाको हिसाब दिनुपर्छ भनी हामीलाई बताउने पद कुन हो?

**क.** एफिसी ३:११।

**ख.** १ तिमोथियस ४:१२।

**ग.** हिब्रू १३:१७।

*उनले सिकाउँछन्।* २ तिमोथियस २:२४-मा हामी पढ्छौं कि परमेश्वरको सेवक सबैप्रति दयालु, भला र सहनशील शिक्षक हुनुपर्छ। पास्टरले वचन सुन्नेहरूलाई सत्यता व्याख्या गरी सिकाउँछन्।

परमेश्वरले आफ्नो वचनमा भन्नुभएका कुराहरूलाई उनले स्पष्ट पारी सिकाउँछन्। सिकाइएकाहरूले अरूहरूलाई सिकाउन सक्छन् र पास्टरसँगसँगै सहकर्मीहरू हुन सक्छन् (२ तिमोथियस २:२)। सिकाउने काम ठूलो जिम्मेवारपूर्ण छ (याकूब ३:१)।

*उनले रखवाला गर्छन्।* प्रायःजसो पास्टरको कामलाई गोठालाको कामसँग तुलना गरिएको छ। असल गोठालोले हरेक भेड़ाको वास्ता गर्छ, तर खेतालोचाहिँ खतरा आउने बित्तिकै भाग्छ। असल गोठालोचाहिँ भेड़ाहरूसँगै बस्छ। यसै गरी आफ्नो तलबको निम्ति मात्र काम गर्ने पास्टरले एकलेसियामा के हुन्छ त्यसको वास्ता गर्दैन। असल गोठालोजस्तो पास्टरले चाहिँ एकलेसियाको रखवाला गर्छन् र केही कुराले पनि विश्वासीहरूलाई नाश पार्न सक्दैन।

### तपाईंको अभ्यासको निम्ति

**२** बायाँपट्टि दिइएको प्रत्येक वाक्यलाई दायाँपट्टि दिइएको पास्टरको कर्तव्यसँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ___**क.** मानिसहरूलाई तिनीहरूका सेवाहरू सञ्चालन गर्नमा अगुवाइ गर्नु। | |
| ___**ख.** परमेश्वरको वचनले दिएको सबै सत्यता बताउनु। | १) अगुवाइ गर्नु<br>२) खुवाउनु |
| ___**ग.** केही कुराले पनि एकलेसियालाई नाश हुन नदिनु। | ३) सिकाउनु<br>४) रखवाला गर्नु |
| ___**घ.** बाइबलमा भएका सत्यताहरू बुझ्न अरूहरूलाई सहायता गर्नु। | |
| ___**ङ.** विश्वासीहरूका अगाड़ि असल जीवन जिउनु। | |
| ___**च.** बाइबलको सत्यताको अर्थ के हो सो व्याख्या गर्नु। | |

**एल्डर र डिकनहरू**

एल्डरहरू र डिकनहरू पनि एकलेसियाका अगुवाहरू थिए भनी बाइबलले बताउँछ। शुरूको एकलेसियामा एल्डरहरूले वचनको सेवा गरे र डिकनहरूले एकलेसियाको खाँचोहरूमा सेवा पुऱ्याए। आज एल्डरहरूले पास्टरलाई सहायता पुऱ्याउँछन्। कोही-कोही एल्डरहरू अर्ती-उपदेश दिनेहरू हुन्छन्। बिरामीहरू-ले आफ्नो निम्ति प्रार्थना गर्न एकलेसियाका एल्डरहरूलाई बोलाउनुपर्छ भनी याकूब ५:१४-मा लेखिएको छ। एल्डरहरू परिपक्व र आत्मिक मानिसहरू हुनुपर्छ।

डिकनहरूको काम एल्डरहरूको भन्दा फरक हुन्छ तर तिनीहरू पनि पास्टरका सहयोगीहरू नै हुन्। तिनीहरू एकलेसिया भवन वा एकलेसियामा खाँचोमा परेकाहरूलाई सहायता पुऱ्याउने कामको जिम्मेवारी हुन्छन्। प्रत्येक एकलेसियामा भिन्दाभिन्दै कामहरू हुन्छन्। त्यसैले विभिन्न योग्यता भएका व्यक्तिहरूको एकलेसियामा खाँचो पर्छ। डिकनमा धेरै स्वभाविक योग्यताहरू हुन सक्छन्, तर उनमा भएको परमेश्वरको सेवा गर्ने स्वइच्छा र उनको जीवनमा उहाँको अभिषेकले नै एकलेसियामा उनको सेवा प्रयोगशील र मूल्यवान हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**३** प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** एकलेसियामा प्रयोगशील हुनको निम्ति डिकनलाई योग्यताभन्दा पनि बढ़ी अरू कुराको आवश्यकता छ।

**ख.** एकलेसियाका सबै अगुवाहरूलाई एकै किसिमका कामहरू गर्नको निम्ति योग्यताहरू चाहिन्छन्।


**ग.** डिकनहरू र एल्डरहरू आत्मिक व्यक्तिहरू हुनु महत्त्वपूर्ण छ।

## हाम्रो जिम्मेवारी

उद्देश्य २ *आफ्ना अगुवाहरूप्रतिको आफ्नो जिम्मेवारीहरूलाई पूरा गर्ने मानिसहरूको उदाहरणहरूलाई छान्नुहोस्।*

हाम्रा अगुवाहरूप्रति हामी चार किसिमले जिम्मेवारी हुन्छौं।

१) तिनीहरूले प्रचार गरेका वचनको आज्ञापालन गर्नु।
२) तिनीहरूको आदर गर्नु।
३) तिनीहरूलाई समर्थन र सहयोग गर्नु।
४) तिनीहरूसँगै मिलेर काम गर्नु।




*तिनीहरूले प्रचार गरेका वचनको आज्ञापालन गर्नुहोस्।* परमेश्वरको वचन प्रचारको पवित्र कार्यको जिम्मा पास्टरले पाएका छन्। एकलेसियाका सदस्यहरूका रूपमा हामीले यसलाई

हाम्रा हृदयहरूमा ग्रहण गरेर यसको आज्ञापालन गर्नुपर्छ (रोमी ६:१७; १ पत्रस १:२२)। हामीले वचन प्राप्त गरी यसमा विश्वास र यसको आज्ञापालन गर्‍यौं भने यो हाम्रो निम्ति उपयोगी हुन्छ (याकूब १:२२-२५)।




*तिनीहरूलाई आदर गर्नुहोस्।* हाम्रा अगुवाहरूलाई आदर गर्नुपर्छ भनी बाइबलले हामीलाई सिकाउँछ। १ थेसलोनिकी ५:१२-१३-ले हामीलाई बताउँछ, "तिमीहरूमा परिश्रम गर्नेहरू, प्रभुमा अगुवा हुनेहरू र तिमीहरूलाई चेताउनी दिनेहरूको आदर गर। अनि तिनीहरूका कामको खातिर तिनीहरूलाई प्रेमसाथ अति उच्च आदर गर।"

पास्टरहरू वा अगुवाहरूलाई आदर गर्ने एक तरीकाचाहिँ तिनीहरूका भूल पत्ता लगाउने कोशिश नगर्नु हो। यदि कुनै अगुवामा कुनै समस्या छ भने, हाम्रो कर्तव्यचाहिँ उनीकहाँ नै सीधै जानु हो। हामीले उनको विरोध गर्नु वा उनको विषयमा नराम्रो कुरा बोल्दै हिँड्नु हुँदैन। अगुवाहरू परमेश्वरद्वारा नियुक्त गरिएका र परमेश्वरको वरदानको रूपमा एकलेसियालाई दिइएका व्यक्तिहरू हुन् भनी याद गर्नुहोस्। परमेश्वरले दिनुभएका अगुवाहरूलाई हामीले आदर गर्‍यौं भने हामीले परमेश्वरको आदर गरेका हुन्छौं।



*तिनीहरूलाई समर्थन र सहयोग गर्नुहोस्।* हाम्रा अगुवाहरूलाई समर्थन गर्ने एक तरीका तिनीहरूका निम्ति प्रार्थना गरिदिनु हो। शैतानको शक्तिको विरुद्धमा तिनीहरूलाई परमेश्वरको सहायता चाहिन्छ। प्रभावशाली ढङ्गले प्रचार गर्न तिनीहरूलाई परमेश्वरको सहयोग चाहिन्छ। तिनीहरूलाई समर्थन गर्ने अर्को तरीकाचाहिँ हाम्रो धन र उपहारहरू तिनीहरूलाई दिएर हो। परमेश्वरले यही नै तरीकाद्वारा आफ्ना सेवकहरूलाई जुटाउनुहुन्छ। पुरानो नियममा मन्दिरमा सेवा गर्नेहरू (जसलाई लेवीहरू भनिन्थ्यो)-को सहयोग परमेश्वरका जनहरूले नै आफ्ना दशमांश, भेटीहरूबाट गर्ने गर्थे (गन्ती १८:२१; व्यवस्था १८:१-५)।

**तपाईंको अभ्यासको निम्ति**

**४** हाम्रा अगुवाहरूलाई आदर गर्नुपर्ने सम्बन्धमा लेखिएका बाइबलका पदहरूमध्ये एउटा पद कुन हो?

**क.** गन्ती १८:२१।
**ख.** रोमी ६:१७।
**ग.** १ थेसलोनिकी ५:१२-१३।
**घ.** याकूब १:२२-२५।


विश्वासयोग्यसाथ एकलेसिया घरमा जानाले पनि हामीले हाम्रा अगुवाहरूलाई समर्थन गरेका हुन्छौं। जब पास्टरले वचन प्रचार, प्रार्थना र अन्य सेवाहरूमा परिश्रम गर्छन्, पूरै एकलेसिया नै उनीसँग मिलेर काम गरेको उनी चाहन्छन्। एकैसाथ भेला हुने बानीलाई कायम राखौं भनी हिब्रू १०:२५-ले हामीलाई बताउँछ, "कसै-कसैको भेला नहुने बानी भएझैं, हामी एक ठाउँमा भेला हुनलाई नछोड़ौं। तर प्रभुको दिन नजीक-नजीक आइपुगेको तिमीहरूले देखेकै हुनाले एउटाले अर्कोलाई झन् बढ्ता गरेर अर्ती दिँदै गरौं।"







*तिनीहरूसँगै मिलेर काम गर्नुहोस्।* हाम्रा अगुवाहरूका आदेश मान्न र तिनीहरूका आज्ञा पालन गर्न हामी जिम्मेवारी छौं (हिब्रू १३:१७)। हामीले यसो गर्दा परमेश्वरको काम अगाड़ि बढ्छ। आफ्ना अगुवा मोशा र हारूनका विरुद्धमा गनगनाउने इस्राएलीहरूजस्तो हामी हुनुहुँदैन (गन्ती १४:१-४)। हामी यहोशूको आज्ञा पालन गर्ने मानिसहरूजस्तै हुनुपर्छ, जसले ठूलो बिजयीता प्राप्त गरेका थिए (यहोशू ६:१-२१; ८:१-२३)।



### तपाईंको अभ्यासको निम्ति

**५** दायाँपट्टि दिइएको जिम्मेवारीलाई बायाँपट्टि दिइएको यसको असल उदाहरण दिने वर्णनलाई जोड़ा मिलाउनुहोस्।

___**क.** अनिलले हरेक दिन केही समय आफ्ना पास्टरको निम्ति प्रार्थनामा समय बिताउँछन्

___**ख.** केटाकेटीहरूलाई बाइबल कक्षामा के पढ़ाउनुपर्ने हो सो निर्णय गर्न अनिता आफ्नो पास्टरको निर्देशन मान्छिन्।

___**ग.** विश्वास आफ्ना पास्टरसँग आदरसाथ बोल्छन्।

___**घ.** पास्टरले बाइबलबाट प्रचार गरेको सन्देशअनुसार किरण जिउने कोशिश गर्छन्।

___**ङ.** पास्टरलाई आर्थिकी सहयोग पुऱ्याउन प्रदीप र उनका परिवारले आफ्ना रुपियाँपैसा दिन्छन्।

१) तिनीहरूले प्रचार गरेका वचनको आज्ञा पालन गर्नु

२) तिनीहरूलाई आदर गर्नु

३) तिनीहरूलाई सहयोग गर्नु

४) तिनीहरूसँगै काम गर्नु

---

## प्राप्त गरिएका फाइदाहरू

---

उद्देश्य ३ *विश्वासीहरूले आफ्ना अगुवाहरूसँग काम गर्दा आउने नतीजाहरू दिने बयानहरूलाई छान्नुहोस्।*

### परमेश्वर महिमित हुनुभएको छ

परमेश्वरका जनहरूले एकैसाथ आफ्ना अगुवाहरूसँग काम गर्दा उहाँको महिमा हुन्छ। येशू परमेश्वरद्वारा संसारमा पठाइनुभएको हो भन्ने साक्षी ख्रीष्टको शरीरमा भएको मिलापबाट प्रकट हुन्छ

(योआनेस १७:२१)। यसले परमेश्वरलाई ठूलो महिमा ल्याउँछ। भजनसङ्ग्रह १३३-मा हामी पढ्छौं कि एकतामा एकैसाथ रहनेहरूमाथि परमेश्वरले आफ्ना आशिष्हरू खन्याउनुहुन्छ। मानिसहरूले झगड़ा र विभाजनविना एकैसाथ मिलेर काम गरे भने परमेश्वरप्रतिको भक्तिको यो एक ठूलो चिह्न हो। सबै कुरा परमेश्वरको अधीनमा राखिए भने त्यहाँ शान्ति र मिलाप हुन्छ। त्यसरी नै परमेश्वरको महिमा हुन्छ।

**एकलेसियाको निर्माण हुन्छ**

विश्वासीहरूका बीचको एकताले ख्रीष्टको शरीरमा परमेश्वरको इच्छा पूरा गर्न सम्भव तुल्याउँछ। जुन काम गर्नुपर्ने हो सो गर्नको लागि यसले पूरै एकलेसियालाई नै एकैसाथ काम गर्न लगाउँछ। एफिसी ४:१६-मा हामी यसरी पढ्छौं, "जसबाट प्रत्येक भागलाई ठीक नापको कामबमोजिम प्रत्येक जोर्नीले खँदिलो पारिदिएकोले सारा शरीर ठीक-ठीक एकसाथ गाँसिएर एक भई प्रेममा आफ्नै निर्माणको निम्ति शरीरको वृद्धि गराउँछ।" यसको अर्थ हरेक अङ्गले अरू अङ्गहरूसँग मिलेर काम गर्नैपर्छ। प्रत्येक सदस्यले पूरै शरीरसँग आफ्नो सेवा बाँड्नुपर्छ। ख्रीष्टको अधीनमा भएपछि, "पूरै शरीर खँदिलो हुन्छ र परमेश्वरले चाहनुभएअनुसार यसको वृद्धि हुन्छ" (कलस्सी २:१६)।

**सेवकहरू बलिया पारिन्छन्**

शरीरसँग मिलापमा काम गर्न सक्नु नम्रताको चिह्न हो। नम्र व्यक्ति छिट्टै रिसाउँदैन, ऊ धीरजी हुन्छ, आफ्ना अगुवाहरू वा आफूसँग काम गर्नेहरूप्रति ऊ समर्पित हुन्छ। यो नम्रताचाहिँ कमजोरी होइन तर शक्ति (बल)-को चिह्न हो, किनभने अगुवाहरू-सँग काम गर्न सक्ने विश्वासी बलियो हुन्छ। एकलेसिया बलियो पार्न र प्रत्येक सदस्यलाई उसको कामको निम्ति तयारी पार्न परमेश्वर-ले पास्टरहरूजस्ता अगुवाहरू दिनुभएको छ (एफिसी ४:११-१२)।

एकलेसियामा सबैभन्दा ठूलो आशिष् ल्याउने अगुवाहरू ती हुन् जसले आफैलाई सबैभन्दा पहिले परमेश्वरकहाँ, त्यसपछि अगुवाहरूकहाँ र त्यसपछि एक-अर्काकहाँ समर्पण गर्छन्। एकलेसियामा भएका सेवकहरूले जब यो गर्छन्, तिनीहरू एफिसी ४:१३-१४-मा उल्लेख गरिएका मानिसहरूजस्तै परिपक्व हुँदैजान्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**६** विश्वासीहरूका बीचमा भएको एकताले येशू परमेश्वरबाट आउनुभएको हो भनी संसारलाई देखाउँछ भन्ने पद कुन हो?

**क.** योआनेस १७:२१।
**ख.** एफिसी ४:११-१२।
**ग.** एफिसी ४:१३-१४।
**घ.** कलस्सी २:१६।

**७** विश्वासीहरूले आफ्ना अगुवाहरूसँगै काम गर्दा प्रकट हुने नतीजाहरूको वर्णन तल दिइएको छ। कुनचाहिँ सबैभन्दा पूरा छ?

**क.** प्रत्येक व्यक्तिको सुधार हुन्छ।
**ख.** परमेश्वरको महिमा हुन्छ र येशू परमेश्वरबाट आउनुभएको हो भनी संसारले देख्छ।
**ग.** पूरै एकलेसियाको वृद्धि हुन्छ, प्रत्येक विश्वासी बलियो बन्छ र परमेश्वरले महिमा लिनुहुन्छ।

**तपाईंका उत्तरहरू जाँच्नुहोस्**

४. **ग** १ थेसलोनिकी ५:१२-१३।

१. **ग** हिब्रू १३:१७।

५. **क** ३) तिनीहरूलाई सहयोग गर्नु
**ख** ४) तिनीहरूसँगै काम गर्नु
**ग** २) तिनीहरूलाई आदर गर्नु
**घ** १) तिनीहरूले प्रचार– आज्ञापालन
**ङ** ३) तिनीहरूलाई सहयोग गर्नु

२. **क** १) अगुवाइ गर्नु।
**ख** २) खुवाउनु।
**ग** ४) रखवाला गर्नु।
**घ** ३) सिकाउनु।
**ङ** १) अगुवाइ गर्नु।
**च** ३) सिकाउनु।

६. **क** योआनेस १७:२१

३. **क** ठीक; **ख** बेठीक; **ग** ठीक

७. **ग** पूरै एकलेसियाको वृद्धि . . . परमेश्वरले महिमा लिनुहुन्छ।

# पाठ ६

# आनन्दसाथ सिध्याउनु

एकलेसिया भीड़भाड़ थियो। यो कटनीको समय थियो। एकलेसियामा एक-अर्कासँग बाँड्नलाई हरेकले आ-आफ्नो अन्नबाट केही लिएर आएको थियो। मानिसहरूले परमेश्वरको प्रशंसा गाउँदा त्यहाँ ठूलो आनन्द थियो।

आफूले पाएका धेरै आशिष्हरूका निम्ति अमरले परमेश्वर-लाई धन्यवाद चढ़ाए। परमेश्वरले मेरो निम्ति धेरै गर्नुभएको छ भनी उनले विचार गरे। केही वर्ष पहिले मात्र उनले उद्धार पनि पाएका थिएनन्। अब उनको पूरै परिवार नै विश्वासीहरूका शरीरका अङ्ग बनेको छ। उनी आफूले पवित्र आत्माको आज्ञा-पालन गरेका हुनाले एकलेसियाको काममा पनि परमेश्वरले उनलाई प्रयोग गर्नुभयो। उनले बिरामीहरूका निम्ति प्रार्थना गरिदिए र परमेश्वरको वचन सिकाए। आफ्नो एकलेसियामा परमेश्वरले दिनु-भएका अगुवाहरूसँग कसरी काम गर्नुपर्ने हो सो उनले सिकेका थिए।

भजनहरू गाउँदै गरेको सुन्दा अमरले अर्को कटनीको समयको विचार गर्न थाले– त्यो समय जब उनको काम सिद्धिन्छ र उनी येशूलाई मुखामुख भेट्न सक्छन्। त्यो दिन कस्तो हुने होला भनी उनी आश्चर्य मान्न थाले।

ख्रीष्टियान सेवकको निम्ति भविष्य कस्तो होला भनी तपाईंले विचार गर्नुभएको होला। यस पाठले यो प्रश्नको उत्तर दिनमा सहायता गर्छ। यसमा प्रस्तुत गरिएको सत्यताले प्रभुको निम्ति भएको तपाईंको काममा प्रेरणा देओस् र आनन्दले तपाईंको हृदय भरियोस्।




**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ . . .**

काम सिद्धियो
आनन्द अनुभव भयो

**यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ . . .**

- ख्रीष्टियान सेवा र यसका नतीजाहरूको तीनवटा वर्णन दिन।
- विश्वासयोग्य ख्रीष्टियान सेवकले प्राप्त गर्ने पाँच इनामहरूको उल्लेख गर्न।
- प्रभुलाई देख्ने दिन र तपाईंको निम्ति उहाँले दिनुहुने इनाम पर्खिरहनुहुँदा आनन्दसाथ प्रभुको निम्ति काम गर्न।


## काम सिद्धियो

उद्देश्य १ *ख्रीष्टियानहरूको कामको वर्णनलाई तिनीहरूले ल्याउने नतीजा वा सिकाउने पाठहरूसँग जोड़ा मिलाउनुहोस्।*

**दौडने खेल**

नयाँ करारले ख्रीष्टियान सेवकहरूको जीवनलाई खेलमा दौडने खेलाड़ीसँग तुलना गरेको छ। प्रेरित पौलसले भनेका छन्, "ख्रीष्ट येशूमा परमेश्वरको माथिको बोलाहटको पुरस्कारको निम्ति निशानातिर म अगाड़ि बढ्दछु" (फिलिप्पी ३:१४)। ख्रीष्टियान दौड़मा हरेक विश्वासयोग्य खेलाड़ीले जित्न सक्छ। येशूले भन्नुभयो, "हेर, म चाँड़ै आउँछु, र हरेक मानिसलाई आफ्नो-आफ्नो कामअनुसार दिने इनाम मसँग छ" (प्रकाश २२:१२)। ख्रीष्टियान सेवकको निम्ति ठूलो आनन्द पर्खिराखेको छ।

तर तपाईंको दौड़ सिध्याउनको निम्ति तपाईंको अगाड़ि आउने जाँच र परीक्षाहरूमाथि तपाईं विजयी हुनुपर्छ। तपाईंको आफ्नै विषयमा धिक्कारको अनुभव गर्ने परीक्षा पनि तपाईंमा आउन सक्छ। निराशहरू आउन सक्छन्। तपाईंले चाहेजस्तै गरी तपाईंका योजनाहरू सधैं सफल नहोलान्। तर पवित्र आत्माको शक्तिद्वारा तपाईंले यी सबै अवस्थाहरूको सामना गरी तिनीहरूमाथि विजयी हुन सक्नुहुन्छ। एक दिन दौड़ सकिन्छ। कोही-कोही दौडन छोड्छन् होला, कोही-कोही अगुवाहरू असफल हुन्छन् होला, तर "अन्तसम्म स्थिर रहनेले उद्धार पाउनेछ" (मतियोस २४:१३)। जिउनुहोस् र काम गर्नुहोस्। यसरी तपाईं प्रेरित पौलससँगै भन्न सक्नहुन्छ, "मैले उत्तम लड़न्त लड़ेको छु, मैले दौड़ सिध्याएको छु, विश्वासलाई बचाइराखेको छु" (२ तिमोथियस ४:७)।



**कार्य पूरा भयो**

नयाँ करारले ख्रीष्टियान सेवकहरूको सेवालाई पूरा गरिनुपर्ने कामसँग पनि तुलना गरेको छ। येशूले महसूस गर्नुभयो कि उहाँले गर्नुपर्ने काम धेरै महत्त्वपूर्ण छ र उहाँले यो काम पूरा गर्नैपर्छ। सधैं काम गर्न सकिँदैन भनी उहाँलाई थाहा थियो। उहाँले भन्नुभयो, "दिन छँदै मलाई पठाउनेका कामहरू हामीले गरिहाल्नुपर्दछ, रात आउँछ, जब कसैले काम गर्न सक्दैन" (योआनेस ९:४)। आफ्नो काम कहिले पूरा भयो भनी येशूलाई थाहा थियो। उहाँले आफ्ना पितालाई भन्नुभयो, "तपाईंले मलाई गर्न दिनुभएको काम मैले पूरा गरेको छु" (योआनेस १७:४)।

येशूले मतियोस २८:१९-२०-मा हाम्रो कामको वर्णन गर्नुभएको छ। हामीले यो कुराको महसूस गर्नुपर्छ कि प्रभुको निम्ति सेवकहरू हुने शुभ अवसर कुनै एक दिन टुङ्गिन्छ। तर परमेश्वरले आफूलाई दिनुभएको काम पूरा गर्न सकिन्छ भनी जानेर प्रत्येक ख्रीष्टियान सेवकले आफ्नो काममा तृप्ति प्राप्त गर्न सक्छ। तपाईंले अहिले त्यो काम गरिरहनुभएको छ। विश्वासयोग्य हुनुहोस्।

### तपाईंको अभ्यासको निम्ति

**१** तपाईंका आफ्नै शब्दहरूमा तलको वाक्यलाई पूरा गर्नुहोस्ः ख्रीष्टियान जीवन वा कामलाई खेलाड़ीको दौड़सँग बाइबलले तुलना गरेर मलाई . . . सिकाएको छ।

**फसल जम्मा गरियो**

नयाँ करारले बताउँछ कि ख्रीष्टियानको कार्य अन्न जम्मा गर्नेको जस्तै हो (मतियोस ९:३७-३८)। अन्न कटनीले बीउ छर्ने, अन्न पाक्ने र फल जम्मा गर्ने बारेमा बताउँछ। अन्न कटनीको समय ठूलो आनन्दको समय हो। त्यस अन्तको कटनीको समयमा स्वर्गमा पनि ठूलो आनन्द हुनेछ। जब ख्रीष्टियान सेवकहरूले अनन्त जीवन पाएका भीड़लाई देख्छन् तब त्यस कटनीको आनन्द तिनीहरूकहाँ आउनेछ, किनभने तिनीहरूलाई ख्रीष्टको प्रेम देखाउन ख्रीष्टको शरीरले एकैसाथ काम गरेको थियो। परमेश्वरको सेवकको रूपमा तपाईंले पनि त्यही आनन्दमा भाग लिनुहुनेछ। तपाईंले आफ्नो परिश्रमको फल देख्नुहुनेछ– येशूमा विश्वास गर्नेहरू, रोगबाट निको भएकाहरू, उत्साह पाएकाहरू। यो कस्तो आनन्दको समय हुनेछ!

### तपाईंको अभ्यासको निम्ति

**२** ख्रीष्टियान जीवन दौड्ने दौड़जस्तै हो भनी कुन पदले बताउँछ?

**क**. मतियोस ९:३७-३८

**ख**. मतियोस २४:१३

ग. फिलिप्पी ३:१४

घ. प्रकाश २२:१२

**३** ख्रीष्टियानको कार्यको बारेमा तपाईं कसैलाई बताउन चाहनुहुन्छ। तपाईंले प्रयोग गर्न सक्ने तीन तुलनाहरूलाई बाइबलका पदहरूसहित आफ्नो अभ्यासपुस्तिकामा उल्लेख गर्नुहोस्।

**४** दायाँपट्टि दिइएको ख्रीष्टियानको कामलाई बायाँपट्टि दिइएको यसको शिक्षासँग जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ___**क.** दिइएको कामलाई पूरा गर्नु | १) जितिएको दौड़ |
| ___**ख.** विश्वासयोग्यसाथ काम पूरा गर्नु र लक्ष्यमा पुग्नु | २) सिद्धिएको काम |
| ___**ग.** ख्रीष्टमा विश्वास गरेका मानिसहरूलाई देखेर आनन्दित हुनु | ३) जम्मा गरिएको फसल |

## आनन्द अनुभव भयो

उद्देश्य २ *ख्रीष्टियान सेवकले प्राप्त गर्ने इनामहरूको सूची बनाउनुहोस्।*

कामदारहरूलाई तलब दिने एक दिन हुन्छ। खेलमा जित्नेहरूलाई पुरस्कार दिने एक समय हुन्छ। त्यसै गरी प्रभुको निम्ति सेवा गर्नेहरूले तिनीहरूका इनामहरू पाउनेछन्।

उहाँको निम्ति काम गर्ने शुभ अवसर परमेश्वरले हामीलाई दिनुभएको छ। सबै ख्रीष्टियानहरूलाई एकैसाथ ल्याउने समय परमेश्वरले आफ्नो भविष्यको योजनामा राख्नुभएको छ। प्रत्येक व्यक्तिलाई उसको आफ्नो कामअनुसारको इनाम दिइनेछ (१ कोरिन्थी ३:२; २ कोरिन्थी ५:१०)।

त्यहाँ भिन्दाभिन्दै किसिमका इनामहरू हुनेछन्। सर्वप्रथम विश्वासयोग्य भएकाहरूलाई प्रभु आफैले स्वागत गर्नुहुनेछ। उहाँले

यसो भन्नुहुनेछ, "स्याबास असल र ईमानदार नोकर!" (मतियोस २५:२१)। मालिकले गर्नुहुने यस्तो स्वीकार हामीले कल्पना गर्न सक्ने सबै कुराहरूभन्दा अझै बहुमूल्य हुनेछ।




त्यसपछि परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएका सबै थोकहरू हामी प्राप्त गर्नेछौं। रोमी ८:१७-मा हामी यसरी पढ्छौं, "हामी ख्रीष्टसँगै साझे-हकवाला हौं, र यदि हामी ख्रीष्टसँग दुःख भोग्छौं भने त उहाँसँग महिमित पनि हुनेछौं।"

हामीले आत्मिक रूपमा सहायता पुऱ्याएका मानिसहरूलाई देख्न पाउने आनन्द अर्को इनाम हो। प्रेरित पौलसले यो आनन्दलाई पर्खिराखेका थिए। उनले थेसलोनिकीहरूलाई लेखे, "किनकि हाम्रो आशा वा आनन्द, अथवा घमण्डको मुकुट को हो? हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा तिमीहरू नै होइनौ र? किनकि हाम्रो घमण्ड र आनन्द तिमीहरू नै हौ (१ थेसलोनिकी २:१९-२०)।

सेवकहरूले मुकुटहरू पनि प्राप्त गर्छन् भन्ने बारेमा पनि बाइबलले बताउँछ। नयाँ करार लेखिएको समयतिर जित्ने खेलाड़ीले प्राप्त गर्ने मुकुट फूलहरू र पातहरूबाट बनाइएको हुन्थ्यो। यो लामो समयसम्म रहँदैनथ्यो तर पनि यो धेरै बहुमूल्यको हुन्थ्यो। त्यो प्राप्त गर्नलाई उसले लामो समयसम्म कड़ा मेहनत गर्नुपर्थ्यो। १ कोरिन्थी ९:२५-मा हामी पढ्छौं कि हाम्रो मुकुट फूल वा पातहरूको जस्तो होइन तर सधैंभरि रहनेहुन्छ। यो महिमित मुकुट हुनेछ (१ पत्रस ५:४)।

तर सबैभन्दा उत्तम इनामचाहिँ सधैंभरि प्रभुको उपस्थितिमा रहन पाउने पूर्ण आनन्दको अनुभव हो (१ थेसलोनिकी ४:१७)। यो आनन्द कहिले पनि सकिने छैन!

**तपाईंको अभ्यासको निम्ति**

**५** मानिलिऔं, ख्रीष्टियान सेवकले प्राप्त गर्ने इनामहरूको बारेमा तपाईंले कुनै साथीलाई बताउन चाहनुभयो। ती इनामहरूमध्ये पाँचओटा इनामहरू र तिनीहरूका समर्थन गर्ने प्रत्येक बाइबल पदलाई आफ्नो अभ्यासपुस्तिकामा लेख्नुहोस्।

विश्वासयोग्य ख्रीष्टियान सेवक हुनुहोस्। शुरूको एकलेसियाका ख्रीष्टियानहरूलाई पौलसले लेखेका यी वचनहरूलाई याद गर्नुहोस्। ती वचनहरू त्यति बेला जति सत्य थिए अहिले पनि त्यत्ति नै सत्य छन्, "यसकारण हे मेरा प्रिय भाइ हो, स्थिर र अटल बस। सधैं प्रभुको काममा प्रशस्त हुँदैजाओ। किनकि तिमीहरू जान्दछौ, कि तिमीहरूको परिश्रम प्रभुमा व्यर्थ हुँदैन (१ कोरिन्थी १५:५८)।

*ख्रीष्टियान सेवकहरू* भन्ने यस पुस्तिकालाई अब तपाईंले पढ़ी सिध्याउनुभयो। एकलेसियामा तपाईंले सेवाको लागि आफ्नो

स्थान प्राप्त गर्दा र शरीरलाई आशिष् र बल दिनको निम्ति परमेश्वरले तपाईंलाई दिनुभएका वरदानहरू प्रयोग गर्दा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्। अरू विश्वासीहरूसँग निरन्तररूपमा काम गर्दै जानुहुँदा परमेश्वरले दिनुभएका सेवाका वरदानहरू वा अगुवाहरूका कर्तव्यहरूका बारेमा आफैलाई फेरि याद गराउन कुनै-कुनै पाठहरूलाई पढ्न पनि चाहनुहुन्छ होला। विश्वासीहरूको झुण्ड ख्रीष्टको एकलेसिया हो भन्ने कुरालाई कहिल्यै नभुल्नुहोस्। उहाँले नै बलियो शरीर निर्माण गर्नुहुनेछ र ख्रीष्टियान सेवकको रूपमा तपाईंलाई सहायता पुऱ्याउनुहुनेछ।

अब तपाईं आफ्नो विद्यार्थी प्रतिवेदनको बाँकी आधा भाग वा पाठहरू ६-९ भर्नलाई तयारी हुनुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। उत्तर-पृष्ठलाई निर्देशककहाँ पठाउँदा अर्को पाठको बारेमा पनि सोधिपठाउनुहोस्।

## तपाईंको बुँदा टिपोटको निम्ति

**तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

३. तपाईंको उत्तरमा तलका विचारहरू संलग्न भएको हुनुपर्छ (जुनसुकै क्रममा पनि) र प्रत्येकको निम्ति कमसेकम एउटा बाइबल पद उल्लेख भएको हुनुपर्छः-
   यो दौड़ दौडनुजस्तो हो; फिलिप्पी ३:१४
   यो काम सिध्याउनुजस्तो हो; योआनेस ६:४; १७:४
   यो फसल जम्मा गर्नुजस्तो हो; मतियोस ६:३७-३८

१. तपाईंको उत्तर यस्तै किसिमको हुनसक्छः ख्रीष्टियान जीवन वा कामलाई खेलाड़ीले खेल्ने खेलसँग तुलना गरेर बाइबलले मलाई यो सिकाउँछ कि ख्रीष्टियान सेवकको आफू पुग्ने लक्ष्य हुनैपर्छ। ऊ त्यो लक्ष्यतर्फ अगाड़ि बढ्नैपर्छ र उसलाई यताउति तान्ने कुराहरूलाई उसले आउनै दिनुहुँदैन (तुलनाले तपाईंलाई सिकाउने अर्को पाठ तपाईंले लेख्नुभएको हुनसक्छ।)

४. **क** २) सिद्धिएको काम
   **ख** १ जितिएको दौड़
   **ग** ३) जम्मा गरिएको फसल

२. **ग** फिलिप्पी ३:१४

५. तपाईंको उत्तरमा तलका कुराहरू उल्लेख भएको हुनुपर्छ (जुनसुकै क्रममा पनि)।

हाम्रा मालिकको स्वीकृति; मतियोस २५:२१
सम्पत्ति; रोमी ८:१७
सहायता गर्नेहरूलाई देख्दा पाउने आनन्द; १ थेसलोनिकी २:१६
मुकुट; १ कोरिन्थी ६:२५ वा १ पत्रस ५:४
सधैंको निम्ति परमेश्वरको उपस्थितिमा रहने आनन्द;
   १ थेसलोनिकी ४:१७

# के तपाईं . . .

- **प्रभुको निम्ति सेवक हुन चाहनुहुन्छ?**
- **परमेश्वरले तपाईंलाई दिनुभएका सेवाका वरदानहरूलाई पत्ता लगाउन चाहनुहुन्छ?**
- **परमेश्वरको सेवा गर्दा अचम्मको अनुभव गर्न चाहनुहुन्छ?**
- **अरू विश्वासीहरूसँग प्रभावशाली ढङ्गले काम गर्न चाहनुहुन्छ?**

त्यस्तो हो भने, *ख्रीष्टियान सेवकहरू* भनिने यो पुस्तक विशेष गरी तपाईंकै लागि लेखिएको हो। प्रभुको एकलेसियाको अङ्गको रूपमा उहाँलाई कसरी सेवा गर्न सकिन्छ, सो पत्ता लगाउन यहाँ उल्लेख गरिएका व्यावहारिक सल्लाहहरूले तपाईंलाई सहायता पुऱ्याउँछन्। परमेश्वरको परिवारमा भएका तपाईंका दाज्यू-भाइ, दिदी-बहिनीहरूलाई उत्साह दिएर कसरी तिनीहरूलाई निर्माण गर्न सकिन्छ सो पनि तपाईंले सिक्नुहुनेछ।

यस पुस्तकले स्वयम् अध्ययन प्रणालीलाई अपनाएको हुनाले यसबाट सिक्नलाई सजिलो पर्छ। यसमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस् र अध्ययन गर्दै जाँदा आफूलाई पनि जाँच गर्नुहोस्।

---

III ४

यो चिह्न अध्ययन क्रमको निम्ति सहायक हो। ख्रीष्टियान जीवन क्रमलाई तीन खण्डमा विभाजन गरिएको छ र प्रत्येक खण्डमा ६, ६-ओटा पुस्तकहरू राखिएको छ। *ख्रीष्टियान सेवकहरू* भनिने यो पुस्तक खण्ड ३-को चौथो पाठ्यपुस्तक हो। यी पाठ्यपुस्तकहरूलाई क्रमबद्धरूपमा अध्ययन गर्दा तपाईंले बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

यो स्वयम् अध्ययन पाठ्यपुस्तकलाई प्रमाणपत्र पाउने किसिमले पनि तपाईं पढ्न सक्नुहुन्छ वा तपाईंको ख्रीष्टियान जीवनमा व्यक्तिगत वृद्धिको निम्ति पनि यो पुस्तक पढ्न सक्नुहुन्छ।